# मध्यमकालीन खर्च संरचना

## (आर्थिक वर्ष २०८०/८१-२०८२/८३)




प्रदेश सरकार

**प्रदेश योजना आयोग**

कोशी प्रदेश, विराटनगर, नेपाल

प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

कोशी प्रदेश, विराटनगर, नेपाल

# मध्यमकालीन खर्च संरचना

(आ.व.२०८०/८१-२०८२/८३)

प्रदेश सरकार

**प्रदेश योजना आयोग**

कोशी प्रदेश, विराटनगर, नेपाल

प्रदेश सरकार

**आर्थिक मामिला तथा योजना मन्त्रालय**

कोशी प्रदेश, विराटनगर, नेपाल

कोशी प्रदेश, विराटनगर, नेपाल

# मुख्यमन्त्री एवम् आर्थिक मामिला तथा योजना मन्त्री

## मन्तव्य

सार्वजनिक खर्च व्यवस्थापनको महत्त्वपूर्ण औजार मध्यमकालीन खर्च संरचनाले वार्षिक बजेट र आवधिक योजना बिच पुलको काम गर्दछ । अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ बमोजिम प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रत्येक आर्थिक वर्षका बजेट तर्जुमा गर्दा आवधिक योजनालाई आधार मानी आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्नुपर्ने व्यवस्था रहेको छ । उल्लिखित ऐन तथा नियमावलीको व्यवस्था कार्यान्वयन गर्न आ.व. २०८०/८१-२०८२/८३ सम्मको लागि पाँचौं मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयार गरिएको छ ।

"समृद्ध नेपाल, सुखी नेपाली" को राष्ट्रिय आकांक्षा र प्रादेशिक दीर्घकालीन सोच "स्वच्छ, सुखी र समुन्नत प्रदेश" पुरा गर्न र सन् २०३० सम्ममा प्राप्त गर्नुपर्ने दिगो विकास लक्ष्य हासिल गर्न साथै आवधिक योजनाको उद्देश्य पुरा गर्न यो दस्तावेज तयार गरिएको छ। यसले विभिन्न मन्त्रालय तथा निकायलाई आवश्यक वित्तीय स्रोत सहित सार्वजनिक वित्तको पूर्वानुमान गर्न सहयोगी हुने विश्वास लिएको छु।

यो दस्तावेज तयार गर्न अहोरात्र खटिएका आर्थिक मामिला तथा योजना मन्त्रालयका राष्ट्रसेवक कर्मचारीहरू, प्रदेश योजना आयोगका पदाधिकारी एवं राष्ट्रसेवक कर्मचारीहरू र विभिन्न विषयगत मन्त्रालय/निकायका पदाधिकारी तथा राष्ट्रसेवक कर्मचारीहरू प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

असार, २०८०

हिक्मत कुमार कार्की
मुख्यमन्त्री

प्रदेश सरकार
**प्रदेश योजना आयोग**
कोशी प्रदेश
विराटनगर, नेपाल
उपाध्यक्ष

## मन्तव्य

कोशी प्रदेशको पाँचौं मध्यकालीन खर्च संरचना २०८०८१-२०८२/८३ ल्याउने कार्यमा समन्वय गर्न पाउँदा मलाई अत्यन्त खुसीको अनुभूति भएको छ । अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४; प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ तथा नियमावली, २०७९ मा भएको व्यवस्था बमोजिम मध्यमकालीन खर्च संरचना तयार गरिएको छ । यसले कोशी प्रदेशको आवधिक योजना र वार्षिक बजेटलाई तादात्म्यता कायम गरी कार्य सञ्चालनमा सहयोगी भूमिका खेल्दछ ।

दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयारीबाट अवश्य पनि नेपाल सरकारको राष्ट्रिय अभिष्ट "समृद्ध नेपाल, सुखी नेपाली", प्रदेश सरकारको दीर्घकालीन सोच "स्वच्छ, सुखी र समुन्नत प्रदेश" निर्माणमा पूर्ण सहयोग मिल्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, प्रदेशको पाँचौं मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोग गर्ने आर्थिक मामिला तथा योजना मन्त्रालय, प्रदेश योजना आयोग तथा विभिन्न विषयगत मन्त्रालय/निकायका पदाधिकारी एवं राष्ट्रसेवक कर्मचारीहरू प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

असार, २०८०

प्रा. डिल्लीराम उप्रेती

# प्रदेश योजना आयोग

| | |
|---|---|
| मा. मुख्यमन्त्री हिक्मत कुमार कार्की | अध्यक्ष |
| प्रा. डिल्लीराम उप्रेती | उपाध्यक्ष |
| डा. दिपक काफ्ले, प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | सदस्य |
| श्री श्याम प्रसाद भण्डारी, सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| श्री सुरेश न्यौपाने, सचिव, प्रदेश योजना आयोग | सदस्य-सचिव |

# विषयसूची


**परिच्छेद १ परिचय ........ १**

१.१ पृष्ठभूमि ........ १

१.२ अवधारणा तथा उद्देश्य ........ १

१.३ संस्थागत व्यवस्था ........ २

**परिच्छेद २ मध्यमकालीन खर्च संरचना (आ.व. २०८०/८१-२०८२/८३) ........ ६**

२.१ पृष्ठभूमि ........ ६

२.२ प्रदेशको दीर्घकालीन सोच ........ ६

२.३ दीर्घकालीन सोचका आधारस्तम्भ ........ ६

२.४ प्रदेशको समष्टिगत लक्ष्य ........ ६

२.५ समष्टिगत उद्देश्य ........ ७

२.६ समष्टिगत रणनीति ........ ७

२.७ परिमाणात्मक लक्ष्य ........ ७

२.८ स्वच्छ, सुखी र समुन्नतका प्रादेशिक लक्ष्य, गन्तव्य र सूचक (मुख्य सूचकहरु) ........ ९

२.९ मध्यमकालीन खर्च संरचनाको बजेट विनियोजन र प्रक्षेपण ........ १४

२.१० बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ........ १८

२.११ अन्तर-सरकारी वित्तीय हस्तान्तरणको अनुमान र प्रक्षेपण ........ २०

**परिच्छेद ३ मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय ........ २३**

३.१ सुशासन तथा क्षमता विकास ........ २३

**परिच्छेद ४ आन्तरिक मामिला तथा कानून मन्त्रालय ........ २७**

४.१ मानवअधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्था ........ २७

४.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ........ ३०

४.३ भूमि व्यवस्थापन ........ ३३

४.४ यातायात व्यवस्थापन ........ ३५

४.५ सूचना तथा सञ्चार प्रविधि ........ ३८

४.६ गुठी व्यवस्थापन ........ ४०

**परिच्छेद ५ आर्थिक मामिला तथा योजना मन्त्रालय ........ ४२**

५.१ आर्थिक मामिला तथा तथ्याङ्क ........ ४२

५.२ गरिबी निवारण ........ ४४

**परिच्छेद ६ सामाजिक विकास मन्त्रालय ........ ४७**

६.१ शिक्षा ........ ४७

६.२ लैङ्गिक समानता तथा महिला सशक्तिकरण ........ ५३

६.३ सामाजिक समावेशीकरण ........ ५६

६.४ सामाजिक सुरक्षा तथा संरक्षण ........ ५८

६.५ ज्येष्ठ नागरिक ........ ६०

६.६ अपाङ्गता भएका व्यक्ति ........ ६२

६.७ बालबालिका तथा किशोर किशोरी ........ ६४

६.८ युवा तथा खेलकुद ........ ६६

६.९ गैरसरकारी क्षेत्र ........ ६९

६.१० विज्ञान तथा प्रविधि ........ ७१

६.११ श्रम तथा रोजगार ........ ७३

६.१२ भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदा संरक्षण ........ ७६

**परिच्छेद ७ स्वास्थ्य मन्त्रालय** ........ **७९**
७.१ स्वास्थ्य तथा पोषण ........ ७९
७.२ जनसङ्ख्या तथा बसाइँसराइ ........ ८०
**परिच्छेद ८ भौतिक पूर्वाधार विकास मन्त्रालय** ........ **८५**
८.१ यातायात पूर्वाधार विकास ........ ८५
८.२ भवन, आवास तथा शहरी विकास ........ ८७
**परिच्छेद ९ खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय** ........ **९०**
९.१ खानेपानी तथा सरसफाइ ........ ९०
९.२ सिँचाइ तथा जलउत्पन्न प्रकोप व्यवस्थापन ........ ९२
९.३ ऊर्जा ........ ९७
**परिच्छेद १० पर्यटन, वन तथा वातावरण मन्त्रालय** ........ **१०२**
१०.१ वन, वातावरण तथा जलाधार व्यवस्थापन ........ १०२
१०.२ पर्यटन ........ १११
**परिच्छेद ११ उद्योग, कृषि तथा सहकारी मन्त्रालय** ........ **११५**
११.१ कृषि, पशुपक्षी तथा मत्स्य विकास ........ ११५
११.२ सहकारी क्षेत्र ........ १२१
११.३ उद्योग, वाणिज्य तथा आपूर्ति ........ १२२
**परिच्छेद १२ प्रदेश सभा सचिवालय** ........ **१२८**
**परिच्छेद १३ प्रदेश योजना आयोग** ........ **१३१**
**परिच्छेद १४ प्रदेश लोक सेवा आयोग** ........ **१३४**
**परिच्छेद १५ मुख्य न्यायाधिवक्ताको कार्यालय** ........ **१३८**
**परिच्छेद १६ प्रदेश लगानी प्राधिकरण** ........ **१४२**
**परिच्छेद १७ प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान** ........ **१४७**

# परिच्छेद १
# परिचय

## १.१ पृष्ठभूमि

सार्वजनिक स्रोत साधनको प्रभावकारी र कुशल परिचालन गर्न विनियोजन कुशलता, वित्तीय अनुशासन र कार्यान्वयन दक्षताको परिपालन गराउने औजार मध्यमकालीन खर्च संरचना हो । आवधिक योजना, नीति तथा कार्यक्रम, वार्षिक विकास कार्यक्रम, प्रदेशस्तरीय योजना र बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७६ र वार्षिक बजेटबिच तादात्म्यता र सामञ्जस्यता कायम गर्नको लागि यो मध्यमकालीन खर्च संरचना तयार गरिएको छ । दीर्घकालीन राष्ट्रिय सोच "समृद्ध नेपाल, सुखी नेपाली", प्रादेशिक दीर्घकालीन सोच "स्वच्छ, सुखी र समुन्नत प्रदेश", दिगो विकास लक्ष्य, २०३० र "सामाजिक न्यायसहितको प्रदेश निर्माण गर्ने" प्रादेशिक उद्देश्य हासिल गर्न सार्वजनिक खर्चको कुशल परिचालन अपरिहार्य छ ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (१६) बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो कार्यक्षेत्र भित्रका विषयहरूमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गर्नुपर्छ । प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व व्यवस्था गर्न बनेको ऐन, २०७८ र प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९बमोजिम प्रदेश योजना आयोगले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाकाको साथै प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, क्रियाकलापको अनुमानित प्रति एकाइ लागत, आयोजना वा कार्यक्रम सञ्चालनमा लाग्ने अनुमानित समय तथा सोबाट प्राप्त हुन सक्ने प्रतिफलसमेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकीकरण गर्नुपर्दछ ।

आ.व. २०८०/८१ को हकमा विनियोजित बजेटअनुरूप नै र आगामी दुई आर्थिक वर्षको हकमा आयोजना कार्यान्वयनको स्थिति, उपलब्ध स्रोत साधन र खर्च गर्ने क्षमतालाई आधार मानी बजेट प्रक्षेपण गरिएको छ । यो प्रक्षेपणले प्रदेशका सबै मन्त्रालय तथा निकायलाई आगामी वर्षको बजेट तर्जुमा गर्दा मध्यमकालीन खर्च संरचनाको सीमाभित्र बस्न अनिवार्य गराउनुका साथै बहुवर्षीय योजनाहरूको स्रोत सुनिश्चितताको हकमा पनि यो सीमा लागू हुन्छ ।

## १.२ अवधारणा तथा उद्देश्य

सार्वजनिक वित्त व्यवस्थापनको महत्त्वपूर्ण औजारको रूपमा कार्य गर्ने मध्यमकालीन खर्च संरचनाले स्रोत साधनको आकलन गरी प्राथमिकताको क्षेत्रमा मध्यमकालीन अवधिको लागि स्रोतको बाँडफाँटसहित अनुमानको खाका तयार गर्दछ । गत आर्थिक वर्षको वास्तविक स्रोत अनुमान र खर्च अनुसार आगामी दुई वर्षको आर्थिक वर्षको बजेट प्रक्षेपण मार्फत मध्यमकालीन खर्च संरचनाको खाका तयार हुन्छ । चक्रीय हिसाबले प्रत्येक आर्थिक वर्षको संशोधित उपलब्धिसहित विकासको आवश्यकता, आयोजना कार्यान्वयनको अवस्था, राजस्व र वैदेशिक सहायताको अनुमानलाई मध्यनजर गरी आगामी तीन वर्षको बजेट प्रक्षेपण गरिन्छ । यसले बजेट तर्जुमा प्रक्रियालाई यथार्थपरक र वस्तुनिष्ठ बनाउँदै बजेटलाई राष्ट्रिय दीर्घकालीन सोचका सूचक, प्रादेशिक

दीर्घकालीन सोचका आधार स्तम्भ, दिगो विकास लक्ष्य, लैङ्गिक सङ्केत र जलवायु सङ्केतको आधारमा अनुमान तथा प्रक्षेपण गर्दछ ।

मध्यमकालीन खर्च संरचनाका उद्देश्य निम्नानुसार छन् :

क. सार्वजनिक खर्च प्रणालीमा वित्त अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्नका लागि सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्ने ।

ख. सरकारको विकास योजनाको प्राथमिकताका क्षेत्रमा लगानीको सुनिश्चितता प्रदान गर्न स्रोत र साधनको विनियोजन प्रक्रियाको पुनः संरचना गरी प्राथमिकता प्राप्त विषयगत क्षेत्रमा बजेटको बाँडफाँट गर्ने ।

ग. सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने ।

घ. सम्बन्धित मन्त्रालयको बजेट अनुमान वास्तविक बनाउने ।

## १.३ संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचना तर्जुमामा देहाय बमोजिम संस्थागत व्यवस्था गरिएको छ :

### क. निर्देशक समिति

मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यको समग्र निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति रहेको छ :

| | |
|---|---|
| माननीय अर्थमन्त्री | अध्यक्ष |
| उपाध्यक्ष, प्रदेश योजना आयोग | सदस्य |
| माननीय सदस्यहरू, प्रदेश योजना आयोग | सदस्य |
| प्रमुख सचिव | सदस्य |
| प्रदेशका सबै सचिवहरू | सदस्य |
| सचिव, प्रदेश योजना आयोग | सदस्य-सचिव |

### ख. स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण समिति

अर्थतन्त्रको आर्थिक परिसूचकको विश्लेषण गरी समष्टिगत आर्थिक संरचनाको तयारी, आगामी तीन आर्थिक वर्षको बजेटको कुल सीमा प्रक्षेपण, खर्च तथा स्रोत सहितको मध्यमकालीन खर्च संरचना सीमा निर्धारण र बजेटको कार्यान्वयन स्थितिको समीक्षा गरी आगामी आर्थिक वर्षको बजेट सीमा निर्धारण गरी सो सीमासहितको मार्गदर्शन पठाउन देहाय बमोजिमको स्रोत समिति रहनेछ :

| | |
|---|---|
| मन्त्री, आर्थिक मामिला तथा योजना मन्त्रालय | संयोजक |
| उपाध्यक्ष, प्रदेश योजना आयोग | सदस्य |
| सदस्य, प्रदेश योजना आयोग (आर्थिक क्षेत्र हेर्ने) | सदस्य |
| सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |

| | |
|---|---|
| सचिव, प्रदेश योजना आयोग | सदस्य |
| प्रदेश लेखा नियन्त्रक, प्रदेश लेखा नियन्त्रक कार्यालय | सदस्य |
| निर्देशक, नेपाल राष्ट्र बैंक, प्रदेश कार्यालय | सदस्य |
| महाशाखा प्रमुख, बजेट तथा योजना महाशाखा(आर्थिक मामिला तथा योजना मन्त्रालय) | सदस्य |
| महाशाखा प्रमुख, वित्त व्यवस्थापन महाशाखा (आर्थिक मामिला तथा योजना मन्त्रालय) | सदस्य-सचिव |

**ग. मध्यमकालीन खर्च संरचना प्राविधिक समिति**

मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नको लागि देहाय बमोजिमको विभिन्न विषय/क्षेत्रगत प्राविधिक समिति रहने व्यवस्था गर्नुपर्ने हुन्छ ।

| | |
|---|---|
| सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | - संयोजक |
| बजेट तथा कार्यक्रम महाशाखा प्रमुख, आर्थिक मामिला तथा योजना मन्त्रालय | - सदस्य |
| प्रमुख, योजना तथा अनुगमन महाशाखा, सबै प्रादेशिक मन्त्रालय वा निकाय | - सदस्य |
| महाशाखा प्रमुख, प्रदेश योजना आयोग | - सदस्य-सचिव |

**घ. मध्यमकालीन खर्च संरचना कार्यदल**

सम्बन्धित मन्त्रालय तथा आयोग/निकायमा देहाय बमोजिम मध्यमकालीन खर्च संरचना कार्यदल रहनेछ । सो कार्यदलले मन्त्रालय र मातहतका निकायका प्रत्येक क्रियाकलापको एकाइगत लागत आकलन गरी मध्यमकालीन खर्च संरचनाको खाका तर्जुमा र बजेट मस्यौदा तयार गर्ने कार्य गर्दछ ।

| | |
|---|---|
| महाशाखा प्रमुख (योजना हेर्ने) | - संयोजक |
| आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| मातहतका निकाय/निर्देशनालयको प्रतिनिधि | - सदस्य |
| योजना तथा बजेट शाखा प्रमुख | - सदस्य सचिव |

* *मातहत निकाय नरहेको हकमा आवश्यक नपर्ने ।*

* *संवैधानिक अङ्ग र प्रदेश सभाका सचिवले आ-आफ्नो निकायको मध्यमकालीन खर्च संरचना तयार गरी/गराई पेस गर्नुपर्नेछ ।*

## १.४ मध्यमकालीन खर्च संरचनाको अभ्यास

मध्यमकालीन खर्च संरचना तर्जुमा तथा कार्यान्वयनको सुरुवात नेपालको दसौं आवधिक योजनादेखि भएको हो । अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रदेश सरकारको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने सम्बन्धमा बनेको विधेयक तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले मध्यमकालीन खर्च संरचना तर्जुमा तथा कार्यान्वयनलाई अनिवार्य गरेको हुनाले यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको हो ।

## १.५ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रिया

### क. त्रि-वर्षीय खर्च प्रक्षेपणसहित कुल बजेटको आकार तयारी

गत आर्थिक वर्षको सार्वजनिक खर्चको यथार्थ स्थिति, चालु आर्थिक वर्षको अनुमान र मध्यमकालीन खर्च संरचनाको आधारमा विषयक्षेत्रगत निकाय/मन्त्रालयसँग नीतिगत छलफल गरी आगामी आर्थिक वर्षको आय-व्ययको प्रारम्भिक प्रतिवेदन तयार गर्नु पर्दछ । यसका साथै प्रदेशको समष्टिगत अर्थतन्त्रको वर्तमान स्थिति, राष्ट्रिय योजना/प्रादेशिक योजना, मध्यमकालीन खर्च संरचना, कुल गार्हस्थ्य उत्पादनको प्रक्षेपण, वित्तीय स्थिति, वित्त परिचालनको सम्भावना, राजस्व तथा करको प्रक्षेपण, कार्यगत नीति र प्राथमिकताको आधारमा बजेट तथा स्रोत समितिले आगामी आर्थिक वर्षको कुल बजेटको आकार र सीमा निर्धारण गर्नु पर्दछ ।

### ख. बजेट सीमा र मार्गदर्शन पठाउने

बजेट तथा स्रोत समितिले तयार गरेको बजेटको सीमाभित्र रही मन्त्रालयगत र क्षेत्रगत रूपमा चालु, पुँजीगत र वित्तीय व्यवस्थासहितको बजेटको सीमा र मार्गदर्शनबमोजिम आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि गर्दछ । सबै मन्त्रालय तथा निकायले बजेटको सीमाको पालना गर्नु पर्दछ ।

### ग. आयोजना बैंक र आयोजनाको छनौट तथा प्राथमिकीकरण

प्रदेशस्तरीय योजना र बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७६ को आधारमा प्रदेशको आवश्यकता, विशिष्टता र सम्भाव्यता, कार्यान्वयन योग्यता र बढी प्रतिफलयुक्त विषयक्षेत्रगत आयोजनाको पहिचान, विश्लेषण तथा प्राथमिकीकरण र छनौट गरी आयोजना बैंक बनाउनु पर्दछ । छनौट भएका परियोजनालाई प्राथमिकताक्रमको आधारमा मध्यमकालीन खर्च संरचनामा समावेश गर्नु पर्दछ । यसरी समावेश गरिएको परियोजनामा आगामी आर्थिक वर्षको बजेट विनियोजन र थप दुई आर्थिक वर्षको खर्च तथा स्रोतको प्रक्षेपण गर्नुपर्दछ ।

### घ. मध्यमकालीन खर्च संरचना, कार्यक्रम तथा बजेट प्रस्ताव

विषयक्षेत्रगतमन्त्रालय/निकायलेआफ्नाप्राथमिकीकरणका आधारमा र स्रोत समितिले निर्धारण गरेकोसीमा/मार्गदर्शनभित्र रहेर छनौट भएका आयोजना/कार्यक्रमको त्रि-वर्षीय खर्च प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट तयार गरिन्छ । यसरी तयार भएको बजेट प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) मा प्रविष्टि गरी आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्दछ ।

**ङ. विषयगत प्राविधिक समितिमा छलफल**

पन्ध्रौं राष्ट्रिय योजना, प्रदेशको एकल तथा साझा अधिकार सूची, प्रादेशिक ऐन कानून, प्रदेशको प्रथम आवधिक योजना, दिगो विकास लक्ष्य, प्रदेशको आवश्यकता, सम्भावना तथा विशिष्टता र आयोजना बैंकको प्राथमिकतामा परेका आयोजना/कार्यक्रमको त्रि-वर्षीय खर्च प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचना र बजेटमाथि सम्बन्धित विषयगत प्राविधिक समितिमा छलफल गरिन्छ ।

**च. मस्यौदा तयारी गरी प्रदेश सभामा पेस गर्ने**

विषयगत प्राविधिक समितिमा छलफल पश्चात् प्रस्ताव गरिएका आयोजना/कार्यक्रमको त्रि-वर्षीय खर्च प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक र अन्तिम मस्यौदा तयार गरी प्रदेश सरकारबाट स्वीकृत गरिन्छ । यसरी स्वीकृत भएको मध्यमकालीन खर्च संरचना वार्षिक आय-व्ययको विवरण (बजेट) सँगै प्रदेश सभामा पेस गर्नु पर्दछ ।

# परिच्छेद २

# मध्यमकालीन खर्च संरचना (आ.व. २०८०/८१-२०८२/८३)

## २.१ पृष्ठभूमि

दीर्घकालीन राष्ट्रिय सोच "समृद्ध नेपाल, सुखी नेपाली", प्रादेशिक दीर्घकालीन सोच "स्वच्छ, सुखी र समुन्नत प्रदेश" र प्रादेशिक दीर्घकालीन लक्ष्य "सामाजिक न्यायसहितको समृद्ध प्रदेश निर्माण हुने" अवधारणा सहित मध्यमकालीन खर्च संरचना तयार भएको छ ।

"स्वच्छ, सुखी र समुन्नत प्रदेश" को प्रादेशिक दीर्घकालीन सोचका १२ आधारस्तम्भ निर्धारण गरिएको छ । "स्वच्छ" तर्फ ४ वटा (स्वस्थ र सन्तुलित पर्यावरण, आधारभूत सरसफाइ सुविधा, नवीकरणीय ऊर्जा, जैविक कृषि), "सुखी" तर्फ ४ वटा (परिष्कृत तथा मर्यादित जीवन, सभ्य र न्यायपूर्ण समाज, सुशासन, जीवनस्तर) तथा "समुन्नत" तर्फ ४ वटा (उच्च र समतामूलक आय, मानवपुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग, सर्वसुलभ आधुनिक पूर्वाधार एवं सघन अन्तर आबद्धता, उच्च र दिगो उत्पादन र उत्पादकत्व) आधारस्तम्भ रहेका छन् । राष्ट्रिय लक्ष्यसँग सामञ्जस्यता कायम गरी आधार स्तम्भका ६६ वटा प्रादेशिक लक्ष्य, गन्तव्य र सूचक (स्वच्छ तर्फ १०, सुखी तर्फ २५ र समुन्नत तर्फ ३१) निर्धारण गरिएको छ ।

## २.२ प्रदेशको दीर्घकालीन सोच

"स्वच्छ, सुखी र समुन्नत प्रदेश"

## २.३ दीर्घकालीन सोचका आधारस्तम्भ

दीर्घकालीन सोचलाई देहाय बमोजिम ३ मूल स्तम्भका १२ आधारस्तम्भमा वर्गीकरण गरिएको छः

| स्वच्छ | | सुखी | | समुन्नत | |
|---|---|---|---|---|---|
| ३.१ | स्वस्थ र सन्तुलित पर्यावरण | २.१ | परिष्कृत तथा मर्यादित जीवन | १.१ | उच्च र समतामूलक आय |
| ३.२ | आधारभूत सरसफाइ सुविधा | २.२ | सभ्य र न्यायपूर्ण समाज | १.२ | मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग |
| ३.३ | नवीकरणीय ऊर्जा | २.३ | सुशासन | १.३ | सर्वसुलभ तथा आधुनिक पूर्वाधार एवं सघन अन्तर आबद्धता |
| ३.४ | जैविक कृषि | २.४ | जीवनस्तर | १.४ | उच्च र दिगो उत्पादन र उत्पादकत्व |

## २.४ प्रदेशको समष्टिगत लक्ष्य

"सामाजिक न्यायसहितको समृद्ध प्रदेश निर्माण हुने"

## २.५ समष्टिगत उद्देश्य

क. उत्पादनमुखी क्षेत्रमा लगानी वृद्धि गरी आय र मर्यादित रोजगारीका अवसरमा वृद्धि गर्नु ।

ख. शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षामा गुणात्मक सुधार गर्दै उन्नत मानव संसाधन विकास एवं समतामूलक समाजको आधार निर्माण गर्नु ।

ग. गुणस्तरीय दिगो भौतिक पूर्वाधारको विकास गर्नु ।

घ. जलवायु अनुकूलन गर्दै वन, वातावरण, जलाधार र जैविक विविधताको संरक्षण गर्नु ।

ङ. सुशासनको अभिवृद्धि गर्नु ।

## २.६ समष्टिगत रणनीति

क. कृषि तथा गैर कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

ख. समावेशी विकाससहितको न्यायपूर्ण समाज निर्माण गर्ने ।

ग. शिक्षा, स्वास्थ्य लगायत आधारभूत सेवा-सुविधाको पहुँचमा विस्तार गर्ने ।

घ. यातायात, विद्युत, सिँचाइ आदि रणनीतिक महत्त्वका पूर्वाधारको विकास गर्ने ।

ङ. वन, वातावरण तथा जैविक विविधताको विकास एवं संरक्षण गर्ने ।

च. जलवायु परिवर्तन अनुकूलता अभिवृद्धि एवं प्रभावकारी विपद् व्यवस्थापन गर्ने ।

छ. दक्ष, उत्तरदायी पारदर्शी तथा नतिजा मूलक प्रशासनको विकास गरी सुशासनको प्रवर्द्धन गर्ने ।

## २.७ परिमाणात्मक लक्ष्य

प्रदेश सरकारले लिएको "स्वच्छ, सुखी र समुन्नत प्रदेश" को सोच तथा "सामाजिक न्यायसहितको समृद्ध प्रदेश निर्माण गर्ने" उद्देश्य हासिल गर्न केन्द्रित रहँदै यस प्रदेशको आगामी तीन वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार समष्टिगत लक्ष्यको विद्यमान स्थिति तथा आगामी ३ वर्षको अपेक्षित उपलब्धि तालिका २.१ मा प्रस्तुत गरिएको छ ।

*तालिका २.१:प्रमुख समष्टिगत सूचक तथा लक्ष्य*

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) | दश लाखमा | ७८०९५० | ८४९६४९ | ९६३४२८ | १०९५१४० | १२४८८५३ |
| २ | वार्षिक आर्थिक वृद्धिदर | प्रतिशत | ५.४७ | २.३८ | ५.७० | ५.८७ | ६.१७ |
| | कृषि | प्रतिशत | २.१६ | २.४९ | २.५४ | २.५४ | २.५४ |
| | गैर कृषि | प्रतिशत | ७.०६ | २.३१ | ७.७९ | ७.८३ | ८.२९ |
| | उद्योग | प्रतिशत | १५.५ | ७.५ | १०.९ | १०.५ | ११.१ |
| | सेवा | प्रतिशत | ५.०५ | २.५९ | ६.०९ | ६.२९ | ६.३९ |
| ३ | प्रति व्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलर | १२६७ | १२९९ | १४१३ | १५३६ | १६७७ |

आर्थिक वृद्धि दर आकलन गर्दा संघ, प्रदेश र स्थानीय सरकारबाट बजेट तथा कार्यक्रमको कार्यान्वयन, ऊर्जा उपलब्धता, केही बृहत् आयोजना सम्पन्न हुने अवस्था, निर्माण, व्यापार र उद्योग क्षेत्रमा हाल अङ्गीकार गरिएका नीतिबाट हुने सुधार, व्यावसायिक कृषिमा बढ्दो आकर्षण, पर्यटक आगमनमा हुने वृद्धि आदिलाई आधार बनाइएको छ । यसबाट आर्थिक वर्ष २०८२/८३ सम्ममा यस प्रदेशको प्रति व्यक्ति आय हालको १२९९ अमेरिकी डलरबाट वृद्धि भई १६७७ हुने अनुमान गरिएको छ ।

## २.८ स्वच्छ, सुखी र समुन्नतका प्रादेशिक लक्ष्य, गन्तव्य र सूचक (मुख्य सूचकहरु)

### क. स्वच्छका सूचक तथा लक्ष्य

*तालिका २.२: स्वच्छका सूचक तथा लक्ष्य*

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | वनले ढाकेको क्षेत्रफल | प्रतिशत | ४३.७५ | ४४.४४ | ४५.०० | ४५.५० | ४६.०० |
| २ | वायु प्रदूषणको मात्रा (पि.एम. २.५) | µg/m3 | ५१.४६ | ५०.२५ | ४९.७१ | ४८.०५ | ४७.६३ |
| ३ | आधारभूत सरसफाइ सुविधा पुगेको जनसंख्या | प्रतिशत | ८८.० | ९०.० | ९२.०० | ९४.०० | ९६.०० |
| ४ | ऊर्जा उपभोगमा सौर्य तथा अन्य नवीकरणीय ऊर्जाको अनुपात (खाना पकाउन प्रयोग हुने मात्र) | प्रतिशत | १.८४ | २.०० | २.५० | ३.०० | ३.४० |
| ५ | कुल गार्हस्थ्य उत्पादनमा विपद्वाट भएको क्षतिको अनुपात (Disaster loss as percent of GDP) | प्रतिशत | ०.८० | ०.७६ | ०.७२ | ०.६५ | ०.६० |
| ६ | जैविक बालीको अनुपात | प्रतिशत | ६.०० | ६.२५ | ६.५० | ६.६० | ६.७० |

### ख. सुखका सूचक तथा लक्ष्य

*तालिका २.३: सुखका सूचक तथा लक्ष्य*

| क.सं. | सूचक/लक्ष्य | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | सुशासनमा आधारित नतिजामुखी प्रशासन | सूचकाङ्क (-२.५ देखि २.५ सम्म) | ०.८७ | ०.५० | १.२५ | १.६० | १.७० |
| २ | भ्रष्टाचार न्यूनता अनुभूति | सूचकाङ्क (० देखि १०० सम्म) | ३३.०० | ३४.०० | ३५.०० | ३६.०० | ३७.०० |
| ३ | उत्तरदायित्व, पारदर्शीता र भ्रष्टाचार न्यूनीकरण सूचकाङ्क | सूचकाङ्क (१ देखि ६) | ३.०० | ३.५० | ४.०० | ४.२० | ४.५० |
| ४ | विपद्बाट मृत्यु | संख्या | २८२ | १९३ | १८२ | १६९ | १६१ |
| ५ | विपद्बाट सम्पत्तिमा क्षति | रु. करोडमा | ६२५.०० | ६४६.०० | ६९४.०० | ७१२.०० | ७५९.०० |
| ६ | नागरिक सन्तुष्टि अनुभूतिको सूचकाङ्क | सूचकाङ्क | ५.२० | ५.३० | ५.५० | ५.८० | ६.०० |
| ७ | दर्ता भएका अपराध उजुरीको फछ्र्यौट | प्रतिशत | ६८.४८ | ६९.२० | ७०.०० | ७२.०० | ७५.०० |
| ८ | मानव अधिकार उल्लङ्घनका घटना | संख्या | ३९९ | ३७५ | ३४८ | ३३२ | ३१५ |
| ९ | शान्ति सुरक्षाका लागि प्रतिव्यक्ति बजेट (चालु खर्च समेत) | रुपैयाँ | १५०८ | १५९८.० | १६८९.० | १७७९.० | १८७०.० |
| १० | लैङ्गिक सशक्तिकरण | सूचकाङ्क | ०.६२ | ०.६४ | ०.६७ | ०.६९ | ०.७० |
| ११ | लैङ्गिक असमानता न्यूनीकरण | सूचकाङ्क | ०.४६ | ०.४२ | ०.३९ | ०.३६ | ०.३२ |
| १२ | बालबालिकाको जन्मदर्ता | प्रतिशत | ७१ | ७५ | ७८ | ८० | ८४ |
| १३ | किशोरी अवस्थाको प्रजनन दर न्यूनीकरण | प्रतिशत | ६.० | ५.० | ४.० | ३.५ | ३.० |
| १४ | पाँच वर्ष मुनिका बालबालिकामा पुड्कोपना | प्रतिशत | २४.९० | २०.० | १९.०० | १८.०० | १७.०० |
| १५ | पाँच वर्ष मुनिका | प्रतिशत | १९.८० | १३.० | १२.०० | ११.०० | १०.०० |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| | बालबालिकामा कम तौल | | | | | | |
| १६ | पाँच वर्ष मुनिका बालबालिकामा रक्तअल्पता | प्रतिशत | ३४.० | ३३.९ | ३२.०० | ३०.०० | २८.०० |
| १७ | महिलामा रक्तअल्पता | प्रतिशत | ३४.०० | २७.६० | २५.०० | २२.४० | २०.८० |
| १८ | सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रममा आबद्ध जनसंख्या | प्रतिशत | ११.८६ | १२.१० | १२.७० | १३.२० | १३.५० |
| १९ | प्रादेशिक बजेटमा सामाजिक सुरक्षामा भएको खर्च (सामाजिक र स्वास्थ्यको ) | प्रतिशत | १३.८ | ११.९ | १३.४ | १४.७ | १४.८ |
| २० | सुरक्षित र सम्मानजनक जीवनयापन गरिरहेका जेष्ठ नागरिक | प्रतिशत | ३५.०० | ४० | ४० | ५० | ५१ |

### ग. समुन्नतका सूचक तथा लक्ष्य

*तालिका २.४: समुन्नतका सूचक तथा लक्ष्य*

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | कुल गार्हस्थ्य उत्पादन (उत्पादकको मूल्यमा) | दश लाखमा | ७८०९५० | ८४९६४९ | ९६३४२८ | १०९५१४० | १२४८८५३ |
| २ | कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान | प्रतिशत | ३३.८८ | ३३.२ | ३२ | ३१ | २९.० |
| ३ | उद्योग क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान | प्रतिशत | १७.४७ | १६.८ | १७ | १७.५ | १८.० |
| ४ | सेवा क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा योगदान | प्रतिशत | ४८.६४ | ५०.० | ५१.० | ५१.५ | ५३.० |
| ५ | वार्षिक आर्थिक वृद्धिदर | प्रतिशत | ५.४७ | २.३८ | ५.७० | ५.८७ | ६.१७ |
| ६ | प्रतिव्यक्ति गार्हस्थ्य उत्पादन | अमेरिकी डलर | १२६७ | १२९९ | १४१३ | १५३६ | १६७७ |
| ७ | कृषि क्षेत्रको वृद्धिदर | प्रतिशत | २.१६ | २.४९ | २.५४ | २.५४ | २.५४ |
| ८ | गैर कृषि क्षेत्रको वृद्धिदर | प्रतिशत | ७.०६ | २.३१ | ७.७९ | ७.८३ | ८.२९ |
| ९ | सम्पत्तिमा आधारित असमानता जनाउने सूचक (Gini Coefficient) | Coefficient (०-१) | ०.३२ | ०.३१ | ०.३० | ०.२९ | ०.२८ |
| १० | माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसंख्याको आम्दानीको | अनुपात | १.३४ | १.३० | १.२७ | १.२४ | १.२० |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| | अनुपात (PALMA Ratio) | | | | | | |
| ११ | अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७१.८ | ७२.०० | ७२.५० | ७३.०० | ७३.५० |
| १२ | ५ वर्ष मुनिको बाल मृत्युदर | प्रति हजार जीवित जन्ममा | ३४.०० | ३३.०० | ३१.०० | २९.०० | २७.०० |
| १३ | शिशु मृत्युदर | प्रति हजार जीवित जन्ममा | २८.०० | २७.०० | २५.०० | २२.०० | २०.०० |
| १४ | नवजात शिशु मृत्युदर | प्रति हजार जीवित जन्ममा | २० | १९.०० | १७.०० | १६.०० | १५.०० |
| १५ | आधा घण्टाको दूरीमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने परिवार | प्रतिशत | ६८.८० | ६९.०० | ७१.५० | ७३.४० | ७५.०० |
| १६ | कूल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान | दश लाखमा | २२६०१४ | २४५८२० | २६७३६० | २९०७८९ | ३१६२७० |
| १७ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | १५.९ | १४.२० | १३.८० | १३.२० | १२.७० |
| १८ | विद्युतमा पहुँच प्राप्त परिवार (वैकल्पिक ऊर्जा सहित) | प्रतिशत | ९७.० | ९८.० | ९८.८० | ९९.५० | १००.०० |
| १९ | आधारभूत खानेपानी पुगेको जनसंख्या | प्रतिशत | ८९.० | ९०.० | ९२.०० | ९४.०० | ९६.०० |
| २० | सुरक्षित खानेपानी पुगेको जनसंख्या | प्रतिशत | १८.० | १९.० | २१.०० | २२.०० | २३.०० |
| २१ | सडक घनत्व | प्रति वर्ग कि.मि. | ०.५१ | ०.५२ | ०.५४ | ०.५५ | ०.५८ |

| क्र.सं. | सूचक/लक्ष्य | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| २२ | बेरोजगारी दर | प्रतिशत | १०.२ | ९.८० | ९.५० | ९.२० | ९.०० |
| २३ | श्रम सहभागिता दर | प्रतिशत | ३७.८० | ३८.२० | ३९.१० | ३९.८० | ४०.२० |
| २४ | श्रमको उत्पादकत्व | रु. हजारमा | १८९.५० | २०८.३० | २२७.०० | २४५.०० | २८३.३० |
| २५ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.७० | ३८.९० | ४१.२० | ४३.७० | ४६.३० |
| २६ | कुल साक्षरता दर | प्रतिशत | ७९.७ | ८१.२० | ८२.३० | ८४.१० | ८४.९० |
| | (क) आधारभूत तहको खुद भर्ना दर (NER) | प्रतिशत | ९५.९० | ९६.०० | ९६.३० | ९६.७० | ९७.०० |
| | (ख) माध्यमिक तहको खुद भर्ना दर पहुँच (NER) | प्रतिशत | ५५.२० | ५५.७० | ५८.०० | ५८.२० | ५८.७० |
| २७ | उच्च शिक्षामा कुल भर्ना दर | प्रतिशत | १२.४० | १२.८० | १३.२० | १३.५० | १४.१० |
| २८ | कृषि भूमिको उत्पादकत्व (प्रमुख बाली) | मे.ट. प्रति हे. | ३.३३ | ३.४९ | ४.५० | ४.७० | ४.९० |
| २९ | रोजगार आम्दानीमा लैङ्गिक असमानता | अनुपात | ०.६६ | ०.७२ | ०.७८ | ०.८५ | ०.९० |

## २.९ मध्यमकालीन खर्च संरचनाको बजेट विनियोजन र प्रक्षेपण

प्रदेश सरकारको स्रोत आकलन गर्दा देहाय अनुसार प्राप्त हुने रकमलाई आधार मानिएको छ :

### क. राजस्व बाँडफाँट

अ. *कर राजस्व बाँडफाँट :* अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार राजस्व बाँडफाँट (मूल्य अभिवृद्धि कर र आन्तरिक अन्तःशुल्क रकम) स्वरूप १५ प्रतिशतका दरले तोकिए बमोजिमको अनुपातमा प्रदेशलाई प्राप्त हुने रकम ।

आ. *रोयल्टी बाँडफाँट :* रोयल्टी (पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोत) बाट सङ्कलित राजस्व रकमको २५ प्रतिशत रकम ।

**ख. आन्तरिक आय**

अ. प्रदेशको अधिकार क्षेत्रभित्र पर्ने कृषि आयमा लाग्ने कर तथा प्राप्त हुने घर जग्गा रजिस्ट्रेसन, सवारी साधन दस्तुर र वातावरण तथा औद्योगीकरण व्यवस्थापन दस्तुर बापत सङ्कलन हुने रकम ।

आ. आगामी आर्थिक वर्षमा हुने आर्थिक गतिविधि, स्थानीय तहसँगको साझा राजस्व सम्बन्धी पहलबाट प्राप्त हुने रकम ।

**ग. अनुदान**

अ. संघबाट प्रदेशलाई प्राप्त हुने वित्तीय समानीकरण रकम ।

आ. संघबाट प्रदेशलाई प्राप्त हुने सशर्त अनुदान रकम ।

इ. प्रदेशलाई प्राप्त हुने समपूरक अनुदान रकम ।

ई. प्रदेशलाई प्राप्त हुने विशेष अनुदान रकम ।

**घ. वैदेशिक सहायता**

दातृ राष्ट्र वा संस्थासँग भएको आगामी दुई वर्षमा प्राप्त हुन सक्ने वैदेशिक सहायता रकम ।

उल्लिखित आधारलाई विश्लेषण गर्दा तीन वर्षको अवधिमा कुल बजेट रु. १ खर्ब १६ अर्ब ९० करोड २९ लाख (प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ । यसमध्ये चालु खर्च रु. ४४ अर्ब २२ करोड ८० लाख (३७.८३%) र पुँजीगत खर्च रु. ६० अर्ब ८१ करोड ३६ लाख (५२.०२%) रहने प्रक्षेपण गरिएको छ ।साथै स्थानीय तह अनुदान र वित्तीय व्यवस्थापनका लागि १०.१५ प्रतिशत खर्च रहने प्रक्षेपण गरिएको छ । यस सम्बन्धी थप विवरण तालिका २.५ मा उल्लेख गरिएको छ ।

*तालिका २.५: त्रिवर्षीय बजेट विनियोजन तथा प्रक्षेपण (प्रचलित मूल्यमा)*

(रु. हजारमा)

| क.सं. | विवरण | २०७८/७९को यथार्थ | २०७९/८०संशोधितअनुमान | मध्यमकालीनलक्ष्य | | | जम्मा (३ आ.व.) |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | |
| १ | **खर्चको अनुमान** | | | | | | |
| | चालुखर्च | ९२२१३९७ | १०१९०२०८ | १४३९६२६६ | १४९३४८५७ | १४८९६८५६ | ४४२२७९७९ |
| | पुँजीगतखर्च | १६८३९२२१ | १८५९३३७७ | १८२३४२५२ | २०१६६४०७ | २२४१२९३८ | ६०८१३५९७ |
| | वित्तीयव्यवस्था | ० | ० | १०००० | १२६०० | १३६०८ | ३६२०८ |
| | स्थानीय तहअनुदान | ३९०५८१८ | ३२९५४६५ | ३६०२९९२ | ३९१४८८६ | ४३०७२४८ | ११८२५१२६ |
| | **कुल खर्च** | **२९९६६४३६** | **३२०७९०५०** | **३६२४३५१०** | **३९०२८७५०** | **४१६३०६५०** | **११६९०२९१०** |
| २ | **आय/स्रोतको अनुमान** | | | | | | |
| | प्रदेशलाई संघबाट प्राप्तहुने अनुदान | | | | | | |
| | वित्तीय समानीकरण अनुदान | ८५६७८०० | ७८८८२०० | ८७८३८०० | ९६६२१२० | १०४३५०९० | २८८८१०१० |
| | सशर्त अनुदान | ८१३९६४८ | ६४९३९०० | ५८४३२०० | ६८३५०३० | ७१७६७८२ | १९८५५०१२ |
| | समपूरक अनुदान | ११६४८०० | ९२०००० | ७३०००० | १०५४४९२ | ११५९९४१ | २९४४४३३ |
| | विशेष अनुदान | ५९३३०० | ४७५००० | ७६०००० | ७९८००० | ८७७८०० | २४३५८०० |
| | **जम्मा अनुदान** | **१८४६५५४८** | **१५७७७१००** | **१६११७०००** | **१८३४९६४२** | **१९६४९६१२** | **५४११६२५४** |
| | राजस्व बाँडफाँटबाटप्रदेशलाई प्राप्त हुने | १००२३५५९ | ९०८७३०० | ११६४८१०० | १२८१६१३० | १३४५६९३७ | ३७९२११६७ |
| | प्रदेशको आन्तरिक राजस्व | ४४८४९११ | ३८००००० | ४५७७८५० | ५३५९४८८ | ५८९५४३७ | १५८३२७७५ |
| | **जम्मा राजस्व** | **१४५०८४७०** | **१२८८७३००** | **१६२२५९५०** | **१८१७५६१८** | **१९३५२३७३** | **५३७५३९४१** |
| | वैदेशिक अनुदान | ५१०५७ | ० | १५०४६० | ० | ० | |
| | मौज्दात | ४१०६१११ | ७१६४७५० | ३७५०१०० | २५०३४९० | २६२८६६५ | |
| | **कुल आय/स्रोत** | **३७१३११८६** | **३५८२९१५०** | **३६२४३५१०** | **३९०२८७५०** | **४१६३०६५०** | **११६९०२९१०** |
| ३ | **बचत (-)न्यून (+)** | -७१६४७५० | -३७५०१०० | ० | ० | ० | |

*तालिका २.६ः मन्त्रालयगत खर्चको त्रिवर्षीय अनुमान तथा प्रक्षेपणको सारांश*

(रु. हजारमा)

| क्र.सं. | अनुदान संकेत | मन्त्रालय/निकाय | आ.व. २०८०/८१ को अनुमान | | आ.व. २०८१/८२ को प्रक्षेपण | | आ.व. २०८२/८३ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | भार/प्रतिशत | रकम | भार/प्रतिशत | रकम | भार/प्रतिशत |
| १ | २०२ | प्रदेश व्यवस्थापिका | २५०००० | ०.७ | २६२५०० | ०.७ | २७५६२५ | ०.७ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ८५००० | ०.२ | ८४९६१ | ०.२ | ८९२०९ | ०.२ |
| ३ | २१६ | मुख्य न्यायाधिवक्ताकोकार्यालय | २४००० | ०.१ | २५२०० | ०.१ | २६४६० | ०.१ |
| ४ | ३०१ | मुख्यमन्त्री तथामन्त्रिपरिषद्को कार्यालय | ४९१६६० | १.४ | ५३८६६६ | १.४ | ५६५५९९ | १.४ |
| ५ | ३०५ | आर्थिक मामिला तथायोजना मन्त्रालय | २१९८४९५ | ६.१ | १९१७९८६ | ४.९ | १५७१३६५ | ३.८ |
| ६ | ३१२ | उद्योग, कृषितथासहकारीमन्त्रालय | २४७७२०० | ६.८ | २७४३८७९ | ७.० | २८८१०७३ | ६.९ |
| ७ | ३१३ | खानेपानी, सिँचाइ तथाऊर्जा मन्त्रालय | ५४३८३६० | १५.० | ५९६८७४२ | १५.३ | ६५२४७१७ | १५.७ |
| ८ | ३१४ | आन्तरिक मामिला तथाकानून मन्त्रालय | ७८५००० | २.२ | ८५०५०० | २.२ | ८९७४८० | २.२ |
| ९ | ३२९ | पर्यटन, वन तथावातावरण मन्त्रालय | २५७६५०० | ७.१ | २७८२६२० | ७.१ | २९९३३४४ | ७.२ |
| १० | ३३७ | भौतिकपूर्वाधारविकासमन्त्रालय | ११४१२६०० | ३१.५ | १२५४५६६० | ३२.१ | १४०२०१४३ | ३३.७ |
| ११ | ३५० | सामाजिकविकासमन्त्रालय | १७९३३०० | ४.९ | १९७२६३० | ५.१ | २०९१७५१ | ५.० |
| १२ | ३७० | स्वास्थ्यमन्त्रालय | ३०७२६७० | ८.५ | ३७५१०५२ | ९.६ | ४०७५५०६ | ९.८ |
| १३ | ३९१ | प्रदेश योजना आयोग | ४५००० | ०.१ | ४७२५० | ०.१ | ४९६१३ | ०.१ |
| १४ | ६०१ | कर्मचारी सुविधा तथासेवानिवृत्त सुविधा | ४०००० | ०.१ | ६०००० | ०.२ | ८०००० | ०.२ |
| १५ | ६०२ | अर्थ - विविध | ३१३३५९९ | ८.६ | २९००००० | ७.४ | २५९०००० | ६.२ |
| १६ | ८०१ | स्थानीय तह (समानीकरणरसमपूरक) | २४२०१२६ | ६.७ | २५७७१०५ | ६.६ | २८९८७६६ | ७.० |
| जम्मा | | | ३६२४३५१० | १०० | ३९०२८७५० | १०० | ४१६३०६५० | १०० |

*नोटः स्थानीय तहलाई सशर्त अनुदान सम्बन्धित मन्त्रालयको रकममा समावेश गरिएको छ।*

## २.१० बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलनात्मक विवरण देहाय बमोजिम रहेको छ ।

### क. प्रादेशिक सोचको आधारमा बजेट अनुमान तथा प्रक्षेपण

प्रादेशिक सोच अन्तर्गत 'स्वच्छ', 'सुखी' र 'समुन्नत' को सूचक बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका २.७ मा प्रस्तुत गरिएको छ ।

*तालिका २.७: प्रादेशिक सोचको सूचकको आधारमा बजेट अनुमान तथा प्रक्षेपण*

(रु. हजारमा)

| राष्ट्रिय लक्ष्य सङ्केत | राष्ट्रिय लक्ष्य | आ.व २०८०/८१ को व्यय अनुमान | | आ.व २०८१/८२ को प्रक्षेपण | | आ.व २०८२/८३ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | रकम | प्रतिशत | रकम |
| १.१ | उच्च र समतामूलक आय | ६२०८३३० | १७.१ | ६८३००३१ | १७.५ | ७५३५१४८ | १८.१ |
| १.२ | मानव पुँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग | २७०६३३५ | ७.५ | ३३७२०८४ | ८.६ | ३८३००२० | ९.२ |
| १.३ | सर्वसुलभ आधुनिक पूर्वाधार एवं सघन अन्तर आबद्धता | १२०२३५१८ | ३३.२ | ११२०१२५१ | २८.७ | १०४९०९२४ | २५.२ |
| १.४ | उच्च र दिगो उत्पादन तथा उत्पादकत्व | ५१४८५७६ | १४.२ | ५९५५७८७ | १५.३ | ६७०२५३५ | १६.१ |
| २.१ | परिष्कृत तथा मर्यादित जीवन | १६६७५८७ | ४.६ | १९५१४३८ | ५.० | २०८१५३३ | ५.० |
| २.२ | सभ्य र न्यायपूर्ण समाज | ८२१६५२ | २.३ | ११३१८३४ | २.९ | १२०७२८९ | २.९ |
| २.३ | सुशासन | ११५१६६० | ३.२ | १४०५०३५ | ३.६ | १७०६८५७ | ४.१ |
| २.४ | जीवनस्तर | २१४८०७७ | ५.९ | २५३६८६९ | ६.५ | २७०५९९२ | ६.५ |
| ३.१ | स्वस्थ र सन्तुलित पर्यावरण | १९९०७९० | ५.५ | २२६३६६८ | ५.८ | २४५६२०८ | ५.९ |
| ३.२ | आधारभूत सरसफाइ सुविधा | १३८३९१६ | ३.८ | ८९७६६१ | २.३ | ९५७५०५ | २.३ |
| ३.३ | नवीकरणीय ऊर्जा | ४३५३३४ | १.२ | ६२४४६० | १.६ | ७४९३५२ | १.८ |
| ३.४ | जैविक कृषि | ५५७७३५ | १.५ | ८५८६३३ | २.२ | १२०७२८९ | २.९ |
| कुल जम्मा | | ३६२४३५१० | १०० | ३९०२८७५० | १०० | ४१६३०६५० | १०० |

### ख. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास लक्ष्यबमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका २.८ मा प्रस्तुत गरिएको छ ।

*तालिका २.८: दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण*

(रु. हजारमा)

| संकेत नं. | दिगो विकास लक्ष्य | आ.व. २०८०/८१ को अनुमान | | आ.व. २०८१/८२ को प्रक्षेपण | | आ.व. २०८२/८३को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीकोअन्त्य | २८१६०९४ | ७.८ | ३३३६९५८ | ८.६ | ३७०५१२८ | ८.९ |
| २ | शून्यभोकमरी | ३४९७८२० | ९.७ | ४३१७८५२ | ११.१ | ५१७२०६६ | १२.४ |
| ३ | स्वस्थजीवन | ३०४०६७० | ८.४ | ३७०७७३१ | ९.५ | ४२०४६९६ | १०.१ |
| ४ | गुणस्तरीयशिक्षा | १०६६९५४ | २.९ | १३२६९७८ | ३.४ | १८४००७५ | ४.४ |
| ५ | लैङ्गिकसमानता | ८३४८१ | ०.२ | ४६८३४५ | १.२ | ६७४४१७ | १.६ |
| ६ | सफा पानीतथा सरसफाइ | २३८९२५० | ६.६ | २७७८८४७ | ७.१ | ३२२६३७५ | ७.८ |
| ७ | आधुनिकऊर्जामा सर्वसाधारणको पहुँच | २०००० | ०.१ | ३५१२५९ | ०.९ | ५२८७०९ | १.३ |
| ८ | समावेशीआर्थिक वृद्धि तथा मर्यादित काम | १२१७०२१ | ३.४ | १७५६२९४ | ४.५ | २०१९०८७ | ४.९ |
| ९ | उद्योग,नवीनखोज र पूर्वाधार | ९२९८०४९ | २५.७ | ८६४४८६८ | २२.२ | ८१४७११८ | १९.६ |
| १० | असमानतान्यूनीकरण | १९०० | ०.०१ | ३१२२३० | ०.८० | ६३२७८६ | १.५ |
| ११ | दिगो शहर रबस्ती | २७५१३२८ | ७.६ | २१७३९०१ | ५.६ | २४१४५७८ | ५.८ |
| १२ | दिगो उपभोगतथा उत्पादन | ९४८७ | ०.०३ | १०४३६ | ०.०३ | १०९५० | ०.०३ |
| १३ | जलवायुपरिवर्तन अनुकूलन | ५५६६२४ | १.५ | ६०१०४३ | १.५ | ७५३५१५ | १.८ |
| १५ | भूसतहस्रोतको उपयोग | १४९८६६६ | ४.१ | १८३०४४८ | ४.७ | २०८९८५९ | ५.० |
| १६ | शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाज | ४२०१६९० | ११.६ | ४०५५०८७ | १०.४ | ३५४२७६८ | ८.५ |
| १७ | दिगोविकासमा साझेदारी | ३६४७९९२ | १०.१ | ३३५६४७३ | ८.६ | २६६८५२५ | ६.४ |
| | साङ्केतीकरणनगरिएको | १४६४८४ | ०.४ | ० | ० | ० | ० |
| | कुल जम्मा | ३६२४३५१० | १०० | ३९०२८७५० | १०० | ४१६३०६५० | १०० |

### ग. लैङ्गिक सङ्केतको आधारमा बाँडफाँट

लैङ्गिक सङ्केतबमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका २.९ मा प्रस्तुत गरिएको छ।

*तालिका २.९: लैङ्गिक सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण*

(रु. हजारमा)

| संकेतनं. | लैङ्गिक संकेत | आ.व. २०८०/८१ को अनुमान | | आ.व. २०८१/८२ को प्रक्षेपण | | आ.व. २०८२/८३को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रत्यक्षलाभ | ११२६९९८७ | ३१.१ | १५०३३८७५ | ३८.५ | १७९९२७६७ | ४३.२ |
| २ | अप्रत्यक्षलाभ | २०१३४५२९ | ५५.५ | १९९८६६२३ | ५१.२ | १९७४१२५४ | ४७.४ |
| ३ | तटस्थ | ४८३८९९४ | १३.४ | ४००८२५३ | १०.३ | ३९१३२८१ | ९.४ |
| कुल जम्मा | | ३६२४३५१० | १०० | ३९०२८७५० | १०० | ४१६३०६५० | १०० |

### घ. जलवायु सङ्केतको आधारमा बाँडफाँट

जलवायु सङ्केतबमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका २.१० मा प्रस्तुत गरिएको छ ।

*तालिका २.१०: जलवायु सङ्केतको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण*

(रु. हजारमा)

| संकेत नं. | जलवायु न्यूनीकरण बजेट | आ.व. २०८०/८१ को अनुमान | | आ.व. २०८१/८२ को प्रक्षेपण | | आ.व. २०८२/८३को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | प्रत्यक्ष लाभ | ५१९२३७७ | १४.४ | ७६१८४१२ | १९.५ | ९७५४०६१ | २३.४ |
| २ | अप्रत्यक्ष लाभ | १८०६२२८३ | ४९.८ | १७८१६६२५ | ४५.७ | १८०५१०५० | ४३.४ |
| ३ | तटस्थ | १२९८८८५० | ३५.८ | १३५९३७१४ | ३४.८ | १३८२५५३९ | ३३.२ |
| | कुल जम्मा | ३६२४३५१० | १००.० | ३९०२८७५० | १००.० | ४१६३०६५० | १०० |

## २.११ अन्तर-सरकारी वित्तीय हस्तान्तरणको अनुमान र प्रक्षेपण

स्थानीय तहमा हस्तान्तरण हुने तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका २.११ मा प्रस्तुत गरिएको छ । स्थानीय तहमा हुने अन्तर-सरकारी वित्तीय हस्तान्तरण नेपाल सरकारले निर्धारण गर्ने सामयिक परिवर्तन अनुरूप परिवर्तन हुन सक्नेछ ।

*तालिका २.११: स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणको तीन आर्थिक वर्षको अनुमान तथा प्रक्षेपण*

(रु. हजारमा)

| आ.व. | समानीकरणअनुदान | सशर्त अनुदान | समपूरकअनुदान | विशेष अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| २०७८/७९ (यथार्थ) | १०००००० | ५६२३८७ | १३०८४११ | ० | २८७०७९८ |
| २०७९/८० (संशोधित अनुमान) | १०००००० | १०९५८९७ | ११९९५६८ | ० | ३२९५४६५ |
| २०८०/८१ (अनुमान) | १०००००० | ११८२८६६ | १४२०१२६ | ० | ३६०२९९२ |
| २०८१/८२ (प्रक्षेपण) | १२८०००० | १३३७७८२ | १२९७१०५ | ० | ३९१४८८६ |
| २०८२/८३ (प्रक्षेपण) | १५००००० | १४०८४८२ | १३९८७६६ | ० | ४३०७२४८ |
| जम्मा | ५७८०००० | ५५८७४१४ | ६६२३९७६ | ० | १७९९१३८९ |

आर्थिक वर्ष २०८०/८१ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण,विषयक्षेत्रगत नतिजा, विषयक्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषयक्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि १७ सम्म प्रस्तुत गरिएको छ । यसैगरी कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सङ्केत तथा स्रोत अनुसूची १.१ देखि १४.२ मा समावेश गरिएको छ ।

**प्रथम आवधिक योजनाको समष्टिगत रणनीतिको आधारमा बजेट अनुमानतथा प्रक्षेपण**

*तालिका २.१२: प्रथम आवधिक योजनाको समष्टिगत रणनीतिको आधारमा बजेट अनुमानतथा प्रक्षेपण*

(रु. हजारमा)

| संकेत नं. | समष्टिगत रणनीति | आ.व. २०८०/८१ को अनुमान | | आ.व. २०८१/८२ को प्रक्षेपण | | आ.व. २०८२/८३को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | कृषि तथा गैर कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि | ८२०७९६८ | २२.६ | ९०१५६४१ | २३.१ | ९६१६६८० | २३.१ |
| २ | समावेशी विकास सहितको न्यायपूर्ण समाज निर्माण | २५५९००० | ७.१ | २९२७१५६ | ७.५ | ३२४७१९१ | ७.८ |
| ३ | शिक्षा, स्वास्थ्य लगायत आधारभूत सेवा सुविधाको पहुँचमा विस्तार | ६३०८५७४ | १७.४ | ७१०३२३३ | १८.२ | ७९०९८२४ | १९.० |
| ४ | यातायात, विद्युत, सिँचाइ आदि रणनीतिक महत्त्वका पूर्वाधारको विकास | १२५८९८६२ | ३४.७ | ११९०३७६९ | ३०.५ | ११६९८२१३ | २८.१ |

| संकेत नं. | समष्टिगत रणनीति | आ.व. २०८०/८१ को अनुमान | | आ.व. २०८१/८२ को प्रक्षेपण | | आ.व. २०८२/८३को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| ५ | वन, वातावरण, जैविक विविधताको विकास एवं संरक्षण | ३०७२५०० | ८.५ | ३५५१६१६ | ९.१ | ४०३८१७३ | ९.७ |
| ६ | जलवायु परिवर्तन अनुकूलनता अभिवृद्धि एवम् प्रभावकारी विपद् व्यवस्थापन | ११२१४५१ | ३.१ | १७१७२६५ | ४.४ | १९१५०१० | ४.६ |
| ७ | दक्ष, उत्तरदायी, पारदर्शी तथा नतिजामूलक प्रशासनको विकास गरी सुशासनको प्रवर्द्धन | २३८४१५५ | ६.६ | २८१००७० | ७.२ | ३२०५५६० | ७.७ |
| | कुल जम्मा | ३६२४३५१० | १०० | ३९०२८७५० | १०० | ४१६३०६५० | १०० |

**परियोजनाको प्राथमिकताका आधारमा बजेट अनुमान तथा प्रक्षेपण**

परियोजनाको प्राथमिकताका आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका २.१३ मा प्रस्तुत गरिएको छ ।

*तालिका २.१३: परियोजनाको प्राथमिकताका आधारमा बजेट अनुमान तथा प्रक्षेपण*

(रु. हजारमा)

| संकेत | प्राथमिकता | आ.व.२०८०/८१ को अनुमान | | आ.व.२०८१/८२ को प्रक्षेपण | | आ.व.२०८२/८३ को प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| P1 | पहिलोप्राथमिकता | २१६३२८७० | ५९.७ | २४३१४९११ | ६२.३ | २८२२५५८१ | ६७.८ |
| P2 | दोस्रोप्राथमिकता | १४६१०६४० | ४०.३ | १४७१३८३९ | ३७.७ | १३४०५०६९ | ३२.२ |
| कुल जम्मा | | ३६२४३५१० | १०० | ३९०२८७५० | १०० | ४१६३०६५० | १०० |

# परिच्छेद ३
# मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय

## ३.१ सुशासन तथा क्षमता विकास

### १. पृष्ठभूमि

संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने नीति अवलम्बन गरेको छ । प्रदेश सरकारको प्रशासनिक संरचना अन्तर्गत कोशी प्रदेश सभा सचिवालय, ९ मन्त्रालय, ५ आयोग/निकाय, ६ निर्देशनालय र १७१ कार्यालय समेत जम्मा १९१ कार्यालय रहेका छन् । सो अन्तर्गत विभिन्न पदमा ३,९४८ दरबन्दी रहेकोमा २०७९ चैत्र मसान्तसम्म ५८.६ प्रतिशत पदपूर्ति भएको छ। यसैगरी उत्तरदायी, पारदर्शी र भ्रष्टाचार न्यूनीकरण सूचकाङ्क (१ न्यूनतम, -६ अधिकतम) ३.५ रहेको छ। प्रदेशमा नागरिक सन्तुष्टि अनुभूति सूचकाङ्क (१० अङ्कमा) ४.७ रहेको छ ।प्रदेश भ्रष्टाचार न्यूनता अनुभूति सूचकाङ्क ३४ रहेको छ ।

### २. समस्या तथा चुनौती

प्रदेश सरकारका लागि आवश्यक पर्ने सबै कानून तर्जुमा भई नसकेको, कर्मचारीको न्यून पदपूर्ति हुनु, दक्ष जनशक्तिकोकमी हुनु, कर्मचारीहरूको छिटो-छिटो सरुवा हुनु, साझा अधिकारका रूपमा रहेका क्षेत्रमाअधिकारको बाँडफाँटमा अन्योल हुनु, प्रदेश प्रहरी सेवाको गठन भई नसक्नु, संघीय कर्मचारी ऐन पारित भई कार्यान्वयनमा आई नसक्नु, प्रशासनिक तथा आर्थिक अनुशासन कायम गर्ने प्रभावकारी संयन्त्र एवं प्रणालीको विकास भई नसक्नु, तालिम तथा अनुसन्धान केन्द्रले पूर्ण क्षमतामा कार्य गर्न नसक्नु, विद्युतीय शासनको अवधारणा पूर्ण रूपमा आन्तरिकीकरण हुन नसक्नु, मानव संसाधनको यकिन प्रक्षेपण नहुनु आदि प्रमुख समस्या हुन्।

संविधानको अनुसूची अनुरूपकोप्राप्त कार्यजिम्मेवारी अनुसार प्रशासनिक संरचनाको निर्माण तथासङ्गठनात्मक पुनर्संरचना गर्नु, अन्तर निकाय समन्वय प्रभावकारी बनाउनु, कर्मचारीलाई क्षमतावान् र उत्प्रेरित बनाउनु, शासकीय प्रबन्धमा पारदर्शिता उत्तरदायित्व एवं जबाफदेहीता प्रवर्द्धन गर्नु, प्रदेशको कार्यक्षेत्र सु-स्पष्ट गर्दै बुझाइमा एकरूपता कायम गर्नु, प्रदेश तथा स्थानीय तहको क्षमता अभिवृद्धि गर्नु, विद्युतीय शासनको अवधारणालाई प्रदेश सरकारको संयन्त्र र व्यवहारमा आन्तरिकीकरण गर्नु, प्रदेशमा क्षेत्रगत मानव संसाधनकोप्रक्षेपण गरी व्यवस्थापन गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ३. क्षेत्रगत सोच

सुशासनमा आधारित नतिजामुखी सार्वजनिक प्रशासन ।

## ४. उद्देश्य

सार्वजनिक सेवा प्रवाहलाई नतिजामुखी र प्रभावकारी बनाउँदै सुशासन प्रवर्द्धन गर्नु ।

## ५. रणनीति

क. प्रदेशको अधिकार र कार्य-जिम्मेवारी अनुसार प्रशासनिक पुनर्संरचना गर्ने ।
ख. भ्रष्टाचार नियन्त्रण गर्ने विधि र प्रणालीको स्थापना गर्ने ।
ग. अन्तर-तह तथा अन्तर-निकाय समन्वय प्रभावकारी बनाउने ।
घ. विधिको शासन सुनिश्चितता गर्दै सार्वजनिक सेवा प्रवाहलाई जबाफदेही र पारदर्शी बनाउने ।
ङ. प्रदेश सरकारको सार्वजनिक वित्त व्यवस्थापन प्रणालीको सुदृढीकरण गरी स्रोत-साधनको महत्तम उपयोग गर्ने।
च. सूचना प्रविधिको प्रयोगबाट सार्वजनिक सेवा प्रवाहलाई सहज एवं सर्वसुलभ बनाउने ।
छ. संस्थागत तथा जनशक्ति क्षमता अभिवृद्धि गर्ने ।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | सुशासनमा आधारित नतिजामुखी प्रशासन | सूचकाङ्क (-२.५ - २.५) | ०.८७ | ०.५० | १.२५ | १.६० | १.७० |
| २ | भ्रष्टाचार न्यूनता अनुभूति | सूचकाङ्क (०-१००) | ३३ | ३४ | ३५ | ३६ | ३७ |
| ३ | उत्तरदायित्व, पारदर्शीता र भ्रष्टाचार न्यूनीकरण | सूचकाङ्क (१-६) | ३.० | ३.५ | ४.० | ४.२ | ४.५ |
| ४ | नागरिक सन्तुष्टि अनुभूति | सूचकाङ्क | ५.२ | ५.३ | ५.५ | ५.८ | ६.० |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान | समपूरक/विशेष अनुदान |
| २०८०/८१ | ३४४६६० | ३३५१६० | ९५०० | १५३३०० | - | १९१३६० | - |
| २०८१/८२ | ३७६९६६ | ३६८६७६ | ८२९० | १०६६३६ | - | २७०३३० | - |
| २०८२/८३ | ३९०८२० | ३८२७०४ | ८११६ | १०२७८० | - | २८८०४० | - |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्ट्याई | | आगामी तीन वर्षको लागि उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्ट्याई | |
| ३०१०००१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | • प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन<br>• प्रदेशको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन<br>• मन्त्रालयको कार्यको समन्वय, सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र नियन्त्रण<br>• मन्त्रिपरिषदका निर्णयको कार्यान्वयन र अनुगमन<br>• मानवअधिकारको संरक्षण र प्रवर्द्धन<br>• सुशासन, भ्रष्टाचार नियन्त्रण र प्रशासन सुधार<br>• विभिन्नसंघीय तथा प्रादेशिक निकाय तथा आयोगसँगको सम्पर्क र समन्वय<br>• प्रदेश प्रमुखको निर्देशन कार्यान्वयन र प्रतिवेदन<br>• अन्तर-प्रदेश परिषद् र संघ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तर-सम्बन्ध<br>• निर्वाचनसम्बन्धी कार्यमा सहयोग र समन्वय<br>• प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालन सम्बन्धी कार्य<br>• प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण | सालबसाली | | | • आगामी तीन वर्षमा मानवअधिकार उल्लङ्घनका घटना उल्लेखनीय प्रतिशतले घटेको हुने<br>• सुशासन तथा भ्रष्टाचारका सूचकमा सुधार भएको हुने |
| | | • प्रदेशस्तरीय तालीम नीति तथा मापदण्ड तथा राष्ट्रिय र प्रदेशस्तरका तालीम केन्द्रसँगको सम्पर्क एवं समन्वय<br>• प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टिसर्वेक्षण तथा सेवा | | | | |

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्ट्याई | | आगामी तीन वर्षको लागि उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्ट्याई | |
| | | प्रवाहको अनुगमन | | | | |
| | प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (सशर्त अनुदानमा) र प्रदेश सहयोग कार्यक्रममा सञ्चालन गरिने कार्यक्रम | • सुशासन, विकास, क्षमता अभिवृद्धि, जबाफदेही प्रशासनिक प्रक्रिया, विद्युतीय प्रशासन र नागरिक अनुगमन प्रणाली व्यवस्थित गर्ने | | | | • सुशासन, विकास, क्षमता अभिवृद्धि, जबाफदेही प्रशासनिक प्रक्रिया, विद्युतीय प्रशासन र नागरिक अनुगमन प्रणाली व्यवस्थित भएको हुने |
| | प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान, झापा | • जनप्रतिनिधि एवं निजामती सेवा तथा अन्य प्रादेशिक सरकारी सेवाका कर्मचारीलाई आवश्यक विभिन्न तालिम एवं सेवाकालीन तालिम र पुर्नताजगी तालिम उपलब्ध गराउने | सालबसाली | | | • जनप्रतिनिधि एवं निजामती सेवा तथा अन्य प्रादेशिक सरकारी सेवाका कर्मचारीको क्षमता अभिवृद्धि भएको हुने |

## ९. जोखिम पक्ष तथा अनुमान

संसदीय गतिविधिको खर्च पूर्वानुमान योग्य र वैज्ञानिक बनाउने, संसदीय अध्ययन र निगरानीका कार्यक्रमहरू परिस्थितिमा आधारित हुने, विधायीकी प्रक्रियालाई निश्चित समय तालिकामा आबद्ध गर्ने र आवश्यकतामा आधारित बनाउने, आधुनिक प्रविधिहरूको उपयोग मार्फत पहुँच योग्य सभा सञ्चालन गर्ने, ज्ञानमा आधारित समाज निर्माणको कार्यमा केन्द्रित हुने, दरबन्दीको परिपूर्ति र समयानुकूल परिमार्जन गर्ने जस्ता कार्य हुन सकेमा, प्रादेशिक संरचना अनुसार स्थापित भएका निकायहरूमा अनुभवी नेतृत्व तथा पर्याप्त मानव संसाधनको व्यवस्थापन र शासकीय व्यवस्थाका आधारभूत आवश्यकता पुरा गर्न साधन स्रोत तथा क्षमता एवं प्रविधिको उपयोग समयानुकूल हुन सकेमा अपेक्षित उपलब्धि हासिल हुने देखिन्छ ।

# परिच्छेद ४
# आन्तरिक मामिला तथा कानून मन्त्रालय

## ४.१ मानवअधिकार, शान्ति सुरक्षा तथा सुव्यवस्था

### १. पृष्ठभूमि

मानवअधिकारलाई संविधानको प्रस्तावनामा नै समावेश गरी राज्यको सम्पूर्ण अवयवको अविच्छिन्न अङ्गको रूपमा उल्लेख गरिएको छ भने मौलिक हक तथा मानवअधिकारको संरक्षण र संवर्द्धन राज्यको दायित्व हुने व्यवस्था सहित राज्यले मानवअधिकारको संरक्षण र संवर्द्धन गर्दै विधिको शासन कायम राख्ने, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन गर्ने, न्याय प्रशासनलाई छिटो छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने, सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थता जस्ता वैकल्पिक उपाय अवलम्बन गर्ने नीति लिएको छ ।

प्रदेशको अधिकार अन्तर्गत प्रदेश प्रहरी प्रशासन र शान्ति सुरक्षा संविधानको अनुसूचीमा व्यवस्थित गरेको छ भने कार्य विस्तृतीकरणका अनुसार आधारभूत मानवअधिकारको संरक्षण र प्रवर्द्धन, प्रदेशभित्रको शान्ति सुरक्षाको व्यवस्थापन, कानून कार्यान्वयनमा सहयोग, आवश्यकता अनुसार प्रहरी परिचालन, केन्द्रीय प्रहरी र अन्य सुरक्षा निकायलाई लोकमार्ग लगायत अन्तर्राष्ट्रिय सीमा सुरक्षामा सहयोग, नागरिक स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धनमा सहयोग, प्रादेशिक कारागार सुरक्षा तथा हिरासत व्यवस्थापन प्रदेशको कार्यक्षेत्र भित्र राखिएको छ । प्रदेशको कार्य क्षेत्रभित्र प्रदेशस्तरीय सुरक्षा संयन्त्र स्थापना र हस्तान्तरण हुन बाँकी रहेको अवस्था छ ।

नेपाल मानवअधिकार सम्बन्धी आधारभूत महासन्धिको पक्ष राष्ट्र रहेको छ । संयुक्त राष्ट्र संघमा संपरीक्षणका लागि पेस गर्नु पर्ने ठूला नौ वटा महासन्धि मध्ये सात महासन्धिको नेपाल पक्ष राष्ट्र भइसकेको छ । मानवअधिकार आयोगले संवैधानिक दर्जा प्राप्त गरेको छ । सबै कुप्रथालाई फौजदारी अपराधको कोटिमा राख्ने कानून र अपराध संहिता जारी भएको छ । दिगो विकासको १६ औं लक्ष्य मानवअधिकारसँग प्रत्यक्ष सम्बन्धित छ । हालसम्म ६६ वटा ऐन, ६८ वटा नियमावली, १३ वटा निर्देशिका, ६२वटा कार्यविधि तथा मापदण्ड र २वटा गठन आदेश स्वीकृत भइसकेको छ ।

### २. समस्या तथा चुनौती

संघीयकानूनको अभावमा प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्थासम्बन्धी कानून र सङ्गठनात्मक संरचना बन्न नसक्नु, प्रदेश सुरक्षा योजना तर्जुमा हुन नसक्नु, गरिब तथा असहायका लागि न्यायमा पहुँच कमजोर हुनु, पारिवारिक हिंसा एवम् सामाजिक कुरीतिका कारण हुने हिंसाका घटना न्यायालयसम्म नपुग्नू, मौलिक हकको सुनिश्चित गर्नका लागि प्रदेशस्तरीय कानून एवम् मापदण्ड तयार नहुनु, प्रदेशस्तरमा मानवअधिकारको विद्यमान अवस्था यकिन नहुनु आदि प्रमुख समस्या हुन् ।

प्रदेश सुरक्षा योजना तर्जुमा गरी भरपर्दो शान्ति सुरक्षाको प्रत्याभूति गराउनु, आपराधिक मनोवृत्तिमा सुधार ल्याउनु, सूचना संयन्त्र विकास गरी आपराधिक गतिविधि नियन्त्रण गर्नु, सूचना प्रविधिको दुरुपयोगबाट हुने अपराध नियन्त्रण गर्नु, अपराध अनुसन्धान क्षमता विकसित गर्नु, प्रदेश भित्रका कारागारको प्रभावकारी व्यवस्थापन गरी सुधार गृहमा रूपान्तरण गर्नु, प्रदेश सरकारका सबै निकाय एवम् नागरिकमा मानवअधिकार प्रतिको उच्च सम्मान गर्ने संस्कार विकास गर्नु, गरिब एवम् असहायका लागि न्यायमा सहज पहुँच स्थापित गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ३. क्षेत्रगत सोच

सुरक्षित एवम् मर्यादित जीवनका लागि मानवअधिकार ।

### ४. उद्देश्य

क. शान्ति सुरक्षाको प्रभावकारी व्यवस्था गरी कानून परिपालनाको सुनिश्चितता गर्दै सामाजिक अपराधमुक्त नैतिकवान समाजको निर्माण गर्नु ।

ख. कानून र अन्तर्राष्ट्रियमानवअधिकार प्रतिको प्रतिबद्धताको परिपालना गर्दै मानवअधिकारको संरक्षण र संवर्द्धन गर्नु ।

### ५. रणनीति

क. जनतामा अनुभूत हुने गरी विश्वसनीय शान्ति सुरक्षा एवम् सुव्यवस्था कायम गर्ने ।

ख. अपराधरहित समाज निर्माण गर्न नैतिक शिक्षा एवम् नागरिक सचेतनाको विस्तार गर्ने।

ग. सबैको मानवअधिकारको संरक्षण गर्दै समाजका कमजोर वर्गको हक हितको संवर्द्धन गर्ने।

### ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | ऐन | सङ्ख्या | ५८ | ६६ | ६८ | ७० | ७२ |
| २ | नियमावली | सङ्ख्या | ६१ | ६८ | ७२ | ७५ | ८० |
| ३ | कार्यविधि तथा मापदण्ड | सङ्ख्या | ४९ | ६२ | ६८ | ७३ | ७७ |
| ४ | गठन आदेश | सङ्ख्या | २ | २ | - | - | - |
| ५ | सूचना (राजपत्र) | सङ्ख्या | - | ३६ | ४६ | ५४ | ६३ |
| ६ | मानवअधिकार उल्लङ्घनका घटना | सङ्ख्या | ३९९ | ३७५ | ३४८ | ३३२ | ३१५ |
| ७ | दर्ता भएका अपराध उजुरीको फछ्र्यौट | प्रतिशत | ६८.४८ | ३३.१७ | ७०.०० | ७२.०० | ७५.०० |
| ८ | शान्ति सुरक्षाका | रुपैयाँ | १५०८ | १५९८ | १६८९ | १७७९ | १८७० |

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| | लागि प्रतिव्यक्ति बजेट (चालु खर्च समेत) | | | | | | |
| ९ | आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार क्षेत्रका अनुसन्धान भएका उजुरी सङ्ख्या | सङ्ख्या | २० | ४० | ६० | ८० | १०० |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान | समपूरक/विशेष अनुदान |
| २०८०/८१ | ३७१२४२ | २८३७१२ | ८७५३० | ३७१२४२ | - | - | - |
| २०८१/८२ | ४०३६४१ | ३०६४०९ | १४६३४० | ४०३६४१ | - | - | - |
| २०८२/८३ | ४१५८२८ | ३१०८१७ | १५८०४७ | ४१५८२८ | - | - | - |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्ट्याई | | आगामी तीन वर्षको लागि उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्ट्याई | |
| ३१४००१०१ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रदेश कानूनको तर्जुमा गर्ने, न्याय क्षेत्रसँग समन्वय गर्ने | सालबसाली | | | गुणस्तरीय कानून मस्यौदा तर्जुमा हुने, न्यायालय र प्रदेश सरकारको समन्वय मजबुत हुने |
| | | सुरक्षा निकायको सुदृढीकरणका लागि प्रहरी चौकी निर्माण तथा स्तरोन्नति र मर्मत सम्भार साथै सवारीसाधनको व्यवस्था गर्ने, | सालबसाली | | | प्रदेशभित्र शान्ति सुरक्षा कायम गर्न उपयुक्त भवन निर्माण, भवनको मर्मत सम्भार, घटनास्थलमा सहज पहुँच र विपद् खोज उद्धारमा सहजता प्रदान गरी सुरक्षा व्यवस्था |

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्ट्याई | | आगामी तीन वर्षको लागि उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्ट्याई | |
| | | | | | | मजबुत हुने |
| | | "म अघि बढ्छु" कार्यक्रमसञ्चालनगरीकिशोर-किशोरीलाईदुर्व्यसनमुक्त, नैतिक, चरित्रवान, विपद् स्वयंसेवी समेतको कार्य गर्ने असल नागरिक बनाउन कार्यक्रम सञ्चालन गर्ने | सालबसाली | | | प्रदेशका करिब २००० सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत ९ देखि १२ कक्षाका किशोर-किशोरी लागूपदार्थमुक्त र नैतिकवान भई आदर्श समाज र राष्ट्रनिर्माणमा योगदान हुने |

### ९. जोखिम पक्ष तथा अनुमान

कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा तोकिए बमोजिम बजेटको अभाव र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको कमी हुन सक्ने भई तोकिएको लक्ष्य हासिल गर्न नसकिने आदि अनुमान गरिएको छ ।

## ४.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन

### १. पृष्ठभूमि

भौगर्भिक बनावटका कारण जलवायु परिवर्तनका दृष्टिकोणबाट नेपाल अत्यन्त जोखिम अवस्थामा रहेको छ ।नेपालमा पहिरो, हावा हुरी, असिना पानी, चट्याङ, सुक्खा, खडेरी लगायतका जलवायुजन्य प्राकृतिक प्रकोपविगतको तुलनामा बढ्दैगइरहेकाछन् ।कोशी प्रदेशमा भूकम्प, बाढी-पहिरो, आगलागी, सडक दुर्घटना, चट्याङ, सुक्खा, खडेरी लगायत विपद्जन्य घटनामा परी वार्षिक रूपमा मानवीय, आर्थिक, सामाजिक, वातावरणीय र भौतिक संरचनामा ठूलो क्षति हुँदै आएको छ । संविधानले प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धारराहत एवं पुनर्स्थापना गर्ने विषयलाई राज्यको निर्देशक सिद्धान्तमा उल्लेख गर्दै विपद् व्यवस्थापनलाई महत्त्वका साथ हेरी सरकारका तीनै तहका अधिकार सूचीमा सूचीकृत गरेको देखिन्छ ।

विपद् जोखिम व्यवस्थापन गर्न प्रदेश सभाबाट प्रदेश विपद् व्यवस्थापन ऐन, २०७५ जारी भई प्रदेश विपद् व्यवस्थापन समिति साथै विपद् व्यवस्थापन परिषदको गठन भएको छ ।साथै विपद् व्यवस्थापन नीति, २०७९ पारित भएको छ । विपद् जोखिम न्यूनीकरण, विपदको सामना र समग्र व्यवस्थापन सम्बन्धमा १३७ वटै स्थानीय तह, जिल्ला प्रशासन तथा सरोकारवाला सरकारी एवं गैरसरकारी निकायका प्रतिनिधिलाई सचेतना तालिम दिइएको छ । यसका साथै विपद् खोज उद्धार तथा राहत कोष सञ्चालन कार्यविधि पनि निर्माण भई विपद् व्यवस्थापन कार्यमा विपद् पोर्टल व्यवस्थापन र नक्साङ्कन कार्य भइरहेको छ । प्रदेशमा विपदबाट कुल

गार्हस्थ्य उत्पादनको वार्षिक औसत ०.८१ प्रतिशत क्षति भएको देखिन्छ । आ.व. २०७९/८० को चैत्र मसान्त सम्ममाविभिन्न प्रकारका विपदबाट१९३ जनाको मृत्यु भएको छ भने ६२५करोड बराबरको सम्पत्ति क्षति हुने गरेको छ ।

## २. समस्या तथा चुनौती

विपद् जोखिम न्यूनीकरणका लागि संविधान, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, संघीय तथा प्रादेशिक कानूनले गरेको व्यवस्थाबारे सबैमा समान एवं पर्याप्त बुझाई नहुनु, विपद् जोखिम व्यवस्थापन रणनीति तथा कार्य योजना र प्रादेशिक आपत्कालिन प्रतिकार्य ढाँचा तर्जुमा भई नसक्नु, विकास क्रियाकलापमा सम्भावित विपद् जोखिम प्रभाव मूल्याङ्कन पद्धतिको आवश्यकता र औचित्यसम्बन्धी जनचेतनाको कमी हुनु; विपद् खोज, उद्धार तथा राहत सम्बन्धमा दक्ष एवं तालिम प्राप्त जनशक्ति तथा आवश्यक स्वयंसेवकको अभाव हुनु, प्रादेशिक आकस्मिक कार्य सञ्चालन केन्द्र तथा स्थानीय आपत्कालिन कार्य सञ्चालन केन्द्रको स्थापना नहुनु, जोखिममा रहेका बस्तीमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन चेतनाको अभाव हुनु, विपद् सम्बन्धमा नागरिक शिक्षाको कमी हुनु, समुदायमा आधारित विपद् व्यवस्थापन बारेमा जानकारीको कमी हुनु, जलवायु परिवर्तन तथा यसको असरका बारेमा जानकारीको कमी हुनु, भरपर्दो पूर्व सूचना प्रणालीको प्रयोग र अभ्यासको कमी हुनु आदि प्रमुख समस्या हुन् ।

प्रकोप जोखिम क्षेत्रको नक्साङ्कनसहित विपद् जोखिम व्यवस्थापन योजना बनाउनु, प्रकोप व्यवस्थापनमा अन्तर-सरकार र सरोकारवाला बिच समन्वय गर्नु, विपदका समयमा उद्धार, राहत तथा जोखिम न्यूनीकरणका लागि स्रोत व्यवस्थापन गर्नु, उद्धार तथा राहत सम्बन्धमा दक्ष एवं तालिम प्राप्त जनशक्तिको व्यवस्थापन गर्नु, जोखिम प्रतिरोधी पूर्वाधार निर्माण र बस्ती विकास गर्नु, जलवायु परिवर्तन तथा प्राकृतिक प्रकोपका कारण बढ्दो विपदको दीर्घकालीन व्यवस्थापन गर्नु आदि प्रमुख चुनौती हुन् ।

## ३. क्षेत्रगत सोच

प्रकोपजन्य क्षतिमा न्यूनीकरणः प्रदेश समृद्धिमा योगदान ।

## ४. उद्देश्य

विपदबाट हुने सबै प्रकारका क्षतिको न्यूनीकरण गर्दै विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउनु ।

## ५. रणनीति

क. प्रकोप जोखिम न्यूनीकरण र व्यवस्थापनलाई प्रभावकारी बनाउने ।
ख. जोखिम न्यूनीकरणलाई विकास गतिविधिसँग एकीकृत गर्न तीनै तह बिच समन्वय गर्ने ।
ग. विपद् व्यवस्थापनको संस्थागत संरचनाको विकास र सुदृढीकरण गर्ने ।
घ. विपद् व्यवस्थापनमा अन्तर-सरकार र सरोकारवाला बिच प्रभावकारी समन्वय गर्ने ।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | स्थानीय तहसँग विपद् व्यवस्थापनका लागि सहकार्य | सङ्ख्या | ० | ४ | ४ | ४ | ४ |
| २ | विपदबाट मृत्यु | सङ्ख्या | २८२ | १९३ | १८२ | १६९ | १६१ |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान | समपूरक/विशेष अनुदान |
| २०८०/८१ | ९९२३० | ९७२३० | २००० | ९९२३० | - | - | - |
| २०८१/८२ | १०७१६८ | १०५००८ | २१६० | १०७१६८ | - | - | - |
| २०८२/८३ | ११५७४२ | ११३४०९ | २३३३ | ११५७४२ | - | - | - |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/ आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्ट्याई | | आगामी तीन वर्षको लागि उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्ट्याई | |
| | | विपद् जोखिम न्यूनीकरणका लागि विपद् गोदामघर व्यवस्थापन गर्ने तथा सचेतना कार्यक्रम गर्ने, मुख्यमन्त्री अत्यावश्यक सेवा केन्द्र सञ्चालन गर्ने | सालबसाली | | | विपद् खोज, उद्धार तथा राहत वितरणका साथै पुनर्स्थापना कार्यलाई व्यवस्थापन गरी प्राकृतिक प्रकोपको सामना गर्ने |
| | | सडक सुशासनका लागि CCTVजडान, यन्त्र उपकरणको व्यवस्था, सीमा सुरक्षाका लागि BOPनिर्माण तथा सुदृढीकरण तथा सचेतना कार्यक्रम गर्ने | सालबसाली | | | सडक सुरक्षा प्रभावकारी भई दुर्घटनामा कमी आउने, सीमा सुरक्षा प्रभावकारी हुने |
| | | "म अघि बढ्छु" कार्यक्रमसञ्चालनगरीकिशोर-किशोरीलाईदुर्व्यसनमुक्त, | सालबसाली | | | प्रदेशका करिब २००० सामुदायिक र संस्थागत |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | नैतिकवान, चरित्रवान, विपद् स्वयंसेवी समेतको कार्य गर्ने असल नागरिक बनाउन कार्यक्रम सञ्चालन गर्ने | | | | विद्यालयमा अध्ययनरत ९ देखि १२ कक्षाका किशोर-किशोरी लागूपदार्थमुक्त र नैतिकवानभई आदर्श समाज र राष्ट्र निर्माणमा योगदान हुने |

### ९. जोखिम पक्ष तथा अनुमान

कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा जोखिमपक्ष्य अनुमान गर्न कठिन हुनुका साथै बजेटको अभाव र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको कमी हुन सक्ने भई तोकिएको लक्ष्य हासिल गर्न नसकिने आदि अनुमान गरिएको छ ।

## ४.३ भूमि व्यवस्थापन

### १. पृष्ठभूमि

भूमिको विवेकपूर्ण उपयोगका लागि दिगो व्यवस्थापन तथा सुशासन कायम गर्न जरुरी देखिएको छ । भूमिमा सर्वसाधारण जनताको पहुँच तथा संवेदनशीलतालाई मध्यनजर गरी न्यायिक पहुँच स्थापित गर्न, सामाजिक आर्थिक कारणले पछाडि परेका वर्गको भूमिमा पहुँच बढाउन र भू-स्वामित्वको सुरक्षाको प्रत्याभूति गर्न वैज्ञानिक भूमि नीति तर्जुमा गरी लागू गर्न आवश्यक देखिएको छ । यसैगरी भूमि तथा भूमि स्रोतको दिगो सदुपयोग गर्न परिमार्जित भू-उपयोग नीति, २०७२ लाई कार्यान्वयनमा लैजानु भू-उपयोग ऐन, २०७६ र नियमावली, २०७९ तर्जुमा भई कार्यान्वयनमा आएको छ । संघीय सरकारको निर्देशन अनुसार स्थानीय सरकारले एकीकृत मापदण्ड बिना नै आ-आफ्नो मापदण्ड बनाई भूमिको वर्गीकरण गर्ने कार्य प्रारम्भ गरेका छन् । जिल्लाका सम्पूर्ण भूमिसुधार तथा मालपोत कार्यालयमा भूमिको विद्युतीय अभिलेख अद्यावधिक गर्ने कार्य भएको छ भने सबै नापी कार्यालयमा वैज्ञानिक नक्साङ्कन, विद्युतीय अभिलेख व्यवस्थापन र जग्गा खरिद बिक्री सूचना प्रणाली कार्यान्वयनमा रहेको छ ।

### २. समस्या तथा चुनौती

कृषि योग्य भूमिको गैर कृषि प्रयोजनमा बढ्दो रूपान्तरण हुनु, कृषियोग्य जमिन बाँझै रहनु, अनियन्त्रित खण्डीकरण हुनु, भूमिमा द्वैत स्वामित्व कायम रहनु,सार्वजनिक जग्गामा बढ्दो अतिक्रमण हुनु, कृषकको भूमिमाथिको पहुँच अभिवृद्धि हुन नसक्नु, सुकुमबासी समस्या समाधान प्रभावकारी नहुनु, भू-उपयोग नीति कार्यान्वयन गरी भूमिको उपयुक्त ढङ्गले उपयोग गर्न कठिनाइ हुनु, भूमि प्रशासनलाई समयानुकूल र प्रविधियुक्त बनाउन नसक्नु आदि प्रमुख समस्या हुन् ।

भूमि व्यवस्थापन तथा भूमि प्रशासन सेवालाई वैज्ञानिकीकरण तथा सरलीकरण गर्नु, व्यवस्थित एवम् एकीकृत बस्ती विकास गर्नु, अर्थतन्त्रका उत्पादनमूलक क्षेत्रका लागि भूमिको उपलब्धता सुनिश्चित गर्नु, कृषि भूमिको खण्डीकरण रोक्नु, भूमिको दिगो व्यवस्थापन गर्नु आदि प्रमुख चुनौती हुन् ।

## ३. क्षेत्रगत सोच

भूमिको वैज्ञानिक व्यवस्थापन तथा विवेकपूर्ण उपयोग ।

## ४. उद्देश्य

भूमिको तथ्याङ्क तथा अभिलेख व्यवस्थित गर्दै प्रभावकारी उपयोग गर्नु ।

## ५. रणनीति

क. भू-उपयोग नीति तर्जमा गरी भूमिको वैज्ञानिक वर्गीकरण एवं उपयोग गर्ने ।
ख. भूमि प्रशासन सेवा वैज्ञानिक एवं सरलीकृत गर्ने ।
ग. भूमिको चकलाबन्दी गरी यान्त्रिकीकरण मार्फत व्यावसायिक कृषि प्रवर्द्धन गर्ने ।
घ. वर्गीकृत भूमिको अन्य कार्यमा हुने रूपान्तरण नियन्त्रण गर्ने ।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | आधुनिक प्रविधियुक्त कार्यालयको रूपमा विकास भएका नापी कार्यालय | वटा | २७ | २७ | २७ | लक्ष्य पुरा भएको | लक्ष्य पुरा भएको |
| २ | भूमिसुधार तथा मालपोत कार्यालयलाई आधुनिक प्रविधियुक्त कार्यालयको रूपमा विकास | वटा | २५ | २५ | २५ | लक्ष्य पुरा भएको | लक्ष्य पुरा भएको |
| ३ | पब्लिक एक्सेस मोडेल लागू गर्ने (भूमिसुधार तथा मालपोत कार्यालय) | सङ्ख्या | ७ | १२ | २५ | लक्ष्य पुरा भएको | लक्ष्य पुरा भएको |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान | समपूरक/विशेष अनुदान |
| २०८०/८१ | ३१६०० | ३१६०० | - | ३१६०० | - | - | - |
| २०८१/८२ | ३४१२८ | ३४१२८ | - | ३४१२८ | - | - | - |
| २०८२/८३ | ३६८५८ | ३६८५८ | - | ३६८५८ | - | - | - |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्टयाई | | आगामी तीन वर्षको लागि उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्टयाई | |
| | भूमि आयोग जिल्ला समितिसँग अन्तरक्रिया कार्यक्रम | भूमि आयोगले गरेका प्रगति समीक्षा | सालबसाली | | | प्रगति समीक्षा एवं समस्याको पहिचान भई जग्गा वितरण प्रभावकारी भएको हुने |
| | जिल्लास्तरीय भूमिसम्बन्धी अन्तरक्रिया गोष्ठी | समस्या पहिचान | सालबसाली | | | प्रगति समीक्षा एवं समस्याको पहिचान भइ जग्गा वितरण प्रभावकारी भएको हुने |
| | स्थानीय तह तथा सरोकारवाला सँग अन्तरक्रिया कार्यक्रम | स्थानीय तहमा रहेका समस्या पहिचान गर्ने | सालबसाली | | | समस्या पहिचान भइ समस्याको समाधान भएको हुने |

## ९. जोखिम पक्ष तथा अनुमान

तुलनात्मक रूपले न्यून प्राथमिकता प्राप्त भूमि प्रशासन सम्बन्धमा जग्गाको हदबन्दी व्यवस्थापन, द्वैध स्वामित्वको अन्त्य, चुस्त केन्द्रीय अभिलेख व्यवस्थापन, जग्गा रोक्का तथा तामेली व्यवस्थापन आदि पक्ष महत्त्वपूर्ण हुन्। आवश्यक स्रोत, साधन, चुस्त व्यवस्थापन र समन्वय हुन सकेमा अपेक्षित नतिजा हासिल गर्न सकारात्मक असर पर्न सक्दछ।

# ४.४ यातायात व्यवस्थापन

## १. पृष्ठभूमि

राज्यको नीतिमा वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने कुरा उल्लेख भएको छ । संविधानमा प्रदेश लोक मार्ग र यातायात व्यवस्थापन प्रदेशको कार्यक्षेत्र भित्र रहेको छ। आ.व. २०७८/७९ मा ८४,२३१ र आ.व.२०७९ चैत्र मसान्तसम्म ३२,७७० सवारी साधन दर्ता भएका छन्।

## २. समस्या तथा चुनौती

सवारी दर्ता एवम् नवीकरण प्रणालीलाई व्यवस्थित बनाउन नसक्नु, अनलाईन कर भुक्तानी प्रणाली व्यवस्थित नहुनु, सवारी प्रदुषण जाँचपास तथा रुटपर्मिट लगायतमा संघ एवम् प्रदेशको कार्यक्षेत्रमा दोहोरोपना हुनु, नयाँ सडकहरुको रुट पर्मिट नतोकिनु, ट्राफिक व्यवस्थापन प्रभावकारी बनाउनु, सडक दुर्घटना न्यून हुन नसक्नु, रिक्सा, इ-रिक्साको दर्ता तथा नवीकरणमा स्थानीय तहमा हस्तान्तरण भई नसक्नु आदि समस्या एवम् चुनौती रहेका छन्।

## ३. क्षेत्रगत सोच

सुरक्षित एवम् मर्यादित यातायात व्यवस्थापन ।

## ४. उद्देश्य

क. यातायात व्यवस्थालाई सुरक्षित र भरपर्दो बनाउनु।

ख. यातायात व्यवस्थापन प्रणाली प्रभावकारी बनाउनु ।

ग. वैकल्पिक यातायातको विकास गर्नु ।

## ५. रणनीति

क. यातायात व्यवस्थापन प्रणाली सुदृढीकरण गर्ने।

ख. बहुविधिक (multimodal) यातायात प्रणाली सुव्यवस्थित गर्ने ।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | दर्ता भएका सवारी साधन (वार्षिक) | संख्या | ८४२३१ | ६७६९३ | ७५२१८ | ८१७५० | ९०७२० |
| २. | सवारी साधन कर संकलन | रु.लाखमा | १९८८७ | २१६६० | २२५०० | २५८७५ | २८४६३ |
| ३. | ट्राफिक लाइट जडान | संख्या | १ | ३ | ४ | ५ | ६ |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान | समपूरक/ विशेष अनुदान |
| २०८०/८१ | २५३४२८ | २०७९५८ | ४५४७० | २५३४२८ | - | - | - |
| २०८१/८२ | २७३७०२ | २२४५९५ | | २७३७०२ | - | - | - |
| २०८२/८३ | २९५५९८ | २४२५६२ | | २९५५९८ | - | - | - |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

<table>
<tr><th rowspan="2">ब.उ.शी.नं.</th><th rowspan="2">कार्यक्रम/आयोजना</th><th rowspan="2">उद्देश्य</th><th rowspan="2">आयोजना अवधि</th><th colspan="2">आयोजनाको लागत र पुस्ट्याई</th><th rowspan="2">आगामी तीन वर्षको लागि उपलब्धि सूचक</th></tr>
<tr><th>लागत</th><th>पुस्ट्याई</th></tr>
<tr><td></td><td>यातायात व्यवस्था</td><td>• मन्त्रालयको कामकारबाहीलाई पारदर्शी, जबाफदेही, सदाचारयुक्त, प्रविधिमैत्री बनाई कर्मचारीको क्षमता अभिवृद्धि गरी यातायात व्यवस्थापन प्रणालीमा सुधार गर्ने<br>• मातहतका कार्यालयको यातायात व्यवस्थापन प्रणालीमा सुधार गर्ने</td><td>सालबसाली</td><td></td><td></td><td>• मन्त्रालयको कामकारबाहीमा पारदर्शिता, स्वच्छता र निष्पक्षतामा अभिवृद्धि भएको हुने<br>• सम्पादन हुने कामको कार्यविधि र अभ्यास बढी मितव्ययी र सदाचारयुक्त भएको हुने<br>• कर्मचारीमा जिम्मेवारी, उत्तरदायित्व र जबाफदेहीताको स्पष्ट रूपमा सुधार आएको हुने<br>• प्रविधिमैत्री कार्यस्थल, कार्यसम्पादनको स्तरमा थप सुधार आएको हुने</td></tr>
<tr><td></td><td>यातायात व्यवस्था सेवा कार्यालयहरू</td><td rowspan="2">• कार्यालयको कामकारबाहीलाई पारदर्शी, जबाफदेही, सदाचारयुक्त, प्रविधिमैत्री बनाई कर्मचारीको क्षमता अभिवृद्धि गरी यातायात व्यवस्थापन प्रणालीमा सुधार गर्ने</td><td rowspan="2">सालबसाली</td><td rowspan="2"></td><td rowspan="2"></td><td rowspan="2">• कार्यालयको कामकारबाहीमा पारदर्शिता, स्वच्छता र निष्पक्षतामा अभिवृद्धि भएको हुने<br>• सम्पादन हुने कामको कार्यविधि र अभ्यास बढी मितव्ययी र सदाचारयुक्त भएको हुने<br>• कर्मचारीमा जिम्मेवारी, उत्तरदायित्व र जबाफदेहीताको स्पष्ट रूपमा सुधार आएको हुने<br>• प्रविधिमैत्रीकार्यस्थल, कार्यसम्पादनको स्तरमा थप सुधार आइ जन गुनासो व्यवस्थापन भएको हुने</td></tr>
<tr><td></td><td>यातायात व्यवस्था कार्यालयहरू</td></tr>
</table>

## ९. जोखिम पक्ष तथा अनुमान

कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा तोकिए बमोजिम बजेटको अभाव र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको कमी हुन सक्ने भई तोकिएको लक्ष्य हासिल गर्न नसकिने आदि अनुमान गरिएको छ ।

## ४.५ सूचना तथा सञ्चार प्रविधि

### १. पृष्ठभूमि

सूचना सञ्चारले विश्वलाई नै एकै ठाउँमा ल्याई विश्वग्रामको रूपमा विकसित गरेको छ। सूचना सञ्चार बिनाको जीवन कल्पना गर्न नसकिने अवस्था सृजना भएको छ। संविधानमा सूचनाको हक मौलिक हकको रूपमा व्यवस्था गरी आधारभूत लोकतान्त्रिक मूल्य र मान्यताको संरक्षणको पहरेदारको रूपमा लिएको देखिन्छ। संविधान अनुसार सूचनाको मौलिक हकको संरक्षण र संवर्द्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने नीति निर्देश गरेको छ।

प्रदेश रेडियो, एफ.एम. र टेलिभिजन प्रसारणसम्बन्धी ऐन, २०७५ र नियमावली २०७६ जारी भएको छ। यस प्रदेशमा १५० वटा एफ.एम. रेडियो र ७ वटा केवल टेलिभिजन दर्ता भईसञ्चालनमा रहेका छन्। प्रेस काउन्सिलको वर्गीकरणको आधारमा यस प्रदेशमा ९१ वटा दैनिक पत्रपत्रिका, ४ वटा अर्ध-साप्ताहिक, ३१८ वटा साप्ताहिक, ४८ वटा पाक्षिक र अन्य गरी ६०६ वटा  पत्रपत्रिकाहरू प्रकाशित भइरहेका छन्। यसका अतिरिक्त १९७ वटा अनलाइन सञ्चार माध्यम दर्ता भएका छन् । सरकारी सञ्चार माध्यममा रेडियो नेपालको क्षेत्रीय प्रसारण केन्द्र यस प्रदेशमा रहेको छ । नेपाल टेलिभिजन र गोरखापत्रको प्रदेश ब्यूरोको स्थापना भएको छ । राष्ट्रिय समाचार समितिको तीन वटा कार्यालय भवनहरू यस प्रदेशमा रहेका छन्।

### २. समस्या तथा चुनौती

सूचना तथा सञ्चारमा सर्वसुलभ पहुँच स्थापित हुन नसक्नु, सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग न्यून  हुनु, सूचनामैत्री कार्य संस्कारको कमी हुनु, विद्यमान संघीयकानूनमा संघीयताको मर्म अनुरूप आवश्यक संशोधन हुन नसक्नु, विषयगत क्षेत्रसँग सम्बन्धित दक्ष जनशक्तिको कमी हुनु, जनतामा सूचना प्रविधिसम्बन्धी चेतनाको स्तर न्यून रहनु, आमसञ्चार क्षेत्रमा पेशागत र व्यावसायिक आचारसंहिताको अवलम्बन हुन नसक्नु, प्रदेश सरकार र अन्य सरोकारवाला बिच उचित समन्वयको कमी हुनु, अनलाइन मिडिया तथा सामाजिक सञ्जालको दुरुपयोगको कारण सामाजिक जीवनमा नकारात्मक असर पर्नु आदि प्रमुख समस्या हुन् ।

संघीय सरकारले बनाउनु पर्ने आवश्यक ऐन कानून तर्जुमा गर्न समन्वय गर्नु, सूचना तथा सञ्चार प्रविधिको पहुँच ग्रामीण इलाकासम्म विस्तार गर्नु, आमसञ्चार क्षेत्र विशेष गरी विद्युतीय सञ्चार माध्यमलाई मर्यादित र विश्वसनीय बनाउनु, सूचना सञ्चार क्षेत्रमा विकसित नवीन प्रविधिको समय सापेक्ष उपयोग गर्नु, सार्वजनिक सञ्चारका क्षेत्रमा कार्यरत सञ्चारकर्मीको क्षमता विकास गर्नु, सूचनामैत्री कार्य संस्कारको विकास गर्नु, सरकारद्वारा निर्धारण गरेको न्यूनतम पारिश्रमिक पालना गराउनु, चलचित्र क्षेत्रको व्यावसायिक विकास गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ३. क्षेत्रगत सोच

आम नागरिकमा गुणस्तरीय तथा  विश्वसनीय सूचना प्रविधिको पहुँच समृद्ध प्रदेशको आधार ।

### ४. उद्देश्य

क. सबै नागरिकको सूचनामा पहुँच सहज बनाउनु ।

ख. आमसञ्चार माध्यमलाई विश्वसनीय, व्यावसायिक र प्रतिस्पर्धी बनाउनु ।

## ५. रणनीति

क. जनताको सुसूचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्ने ।

ख. पत्रकारिता पेशालाई सम्मानित र मर्यादित पेशाको रूपमा विकास गर्ने।

ग. चलचित्र क्षेत्रको विकास र प्रवर्द्धन गर्ने।

घ. प्रदेशलाई डिजिटल प्रदेशको रूपमा स्थापित गर्ने ।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | रेडियो प्रयोग गर्ने परिवार | प्रतिशत | ३७.० | ३८.० | ३८.० | ३८.० | ३८.० |
| २ | टेलिभिजन प्रयोग गर्ने परिवार | प्रतिशत | ५५.० | ५८.० | ६०.० | ६२.० | ६३.० |
| ३ | मोबाइल प्रयोग गर्ने परिवार | प्रतिशत | ७४.० | ८०.० | ८५.० | ८८.० | ८९.० |
| ४ | इन्टरनेट प्रयोग गर्ने परिवार | प्रतिशत | ३८.० | ४५.० | ५०.० | ५५.० | ६०.० |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान | समपूरक/विशेष अनुदान |
| २०८०/८१ | २९५०० | २९५०० | - | २९५०० | - | - | - |
| २०८१/८२ | ३१८६० | ३१८६० | - | ३१८६० | - | - | - |
| २०८२/८३ | ३३४५३ | ३३४५३ | - | ३३४५३ | - | - | - |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | लागत र पुस्ट्याई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत (रु. हजारमा) | पुस्ट्याई | |
| | सूचना तथा सञ्चार प्रविधि कार्यक्रम | पत्रकार, सञ्चार माध्यम, चलचित्र क्षेत्रको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउनु | सालबसाली | २९५०० | | • पत्रकार तथा सञ्चार माध्यमको क्षमता अभिवृद्धि हुने<br>• चलचित्र छायाङ्कन स्थल निर्माण र महोत्सव सम्पन्न हुने |

### ९. जोखिम पक्ष तथा अनुमान

कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा तोकिएबमोजिम बजेटको अभाव र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको कमी हुन सक्ने भई तोकिएको लक्ष्य हासिल गर्न नसकिने आदि अनुमान गरिएको छ ।

## ४.६ गुठी व्यवस्थापन

### १. पृष्ठभूमि

गुठी व्यवस्थापन नेपालको नितान्त मौलिक व्यवस्थापकीय शैली हो । नेपालको संविधान, २०७२ मा प्रदेशको अधिकारको सूचीमा गुठी व्यवस्थापन समावेश छ । त्यसैगरी संविधानको धारा २९० को उपधारा १ मा गुठीको मूलभूत मान्यतामा प्रतिकूल असर नपर्ने गरी गुठी जग्गामा भोगाधिकार भइरहेको किसान एवं गुठीको अधिकारका सम्बन्धमा संघीय संसदले आवश्यक कानून बनाउन सक्ने व्यवस्था रहेको छ । गुठी सम्पत्तिको व्यवस्थित अभिलेख नुहुँदा प्रभावकारी संरक्षण एवं उपयोग हुन नसकि अतिक्रमण बढ्दै गएको अवस्था छ । गुठी सम्पत्तिको संरक्षणमा सरोकारवालाको भूमिका सशक्त देखिएको छैन ।

नेपाल सरकार मन्त्रिपरिषदले स्वीकृत कार्य विस्तृतीकरणका अनुसार गुठी जग्गा व्यवस्थापनसम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन, सार्वजनिक गुठी अन्तर्गतका जग्गा जमिन र सम्पत्तिको संरक्षण र अभिलेख व्यवस्थापन, गुठी जग्गा र गुठी व्यवस्थापनका सन्दर्भमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहसँग सहयोग एवं समन्वय र परम्परागत रूपमा गुठी अन्तर्गत चली आएका विभिन्न जात्रा, पर्वको सञ्चालन र व्यवस्थापन कार्य प्रदेशले गर्ने गरी कार्य विभाजन गरिएको भए तापनि संघीय सरकारबाटनै विभिन्न जात्रा तथा पर्वको लागि बजेट विनियोजन भइरहेको अवस्था छ ।कोशी प्रदेशमा जम्मा ८२ वटा राजगुठी रहेका छन् ।

### २. समस्या तथा चुनौती

प्रदेशस्तरमा रहेका गुठीको यकिन तथ्याङ्क उपलब्ध हुन नसक्नु, गुठीका प्रकृति एवं सम्पत्तिको विवरण यकिन नहुनु, गुठी सम्पत्तिको पर्याप्त संरक्षण एवं उपयोग हुन नसक्नु, गुठीका अधिकांश घर, पाटी, पौवा तथा सत्तल मर्मत सम्भारका लागि जिम्मेवार संस्थागत प्रबन्ध प्रभावकारी नहुनु, गुठी जग्गामा अतिक्रमण बढ्दै जानु, गुठी सम्पदाको मर्मत सम्भारको लागि सरकारले खर्च गर्नुपर्ने अवस्था रहनु आदि प्रमुख समस्या हुन् ।

गुठी सम्पत्तिको तथ्याङ्क यकिन गर्नु, गुठी सम्पदाको संरक्षण र व्यवस्थापन गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ३. क्षेत्रगत सोच

गुठी सम्पदाको संवर्द्धनः सम्पदा र सार्वजनिक सम्पत्तिको संरक्षण ।

### ४. उद्देश्य

गुठीसँग सम्बन्धित ऐतिहासिक मठ, मन्दिर तथा सम्पदाको संरक्षण, संवर्द्धन र विकास गर्नु ।

### ५. रणनीति

क. गुठी सम्पत्तिको अभिलेखीकरण, संरक्षण एवं व्यवस्थापन गर्ने ।

ख. गुठी सम्पत्तिको उपयोगिता अभिवृद्धि गरी सामूहिक हितमा उपयोग गर्ने ।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | गुठीको विद्युतीय अभिलेख | प्रतिशत | ५२ | ७० | ८० | ९० | १०० |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान | समपूरक/विशेष अनुदान |
| २०८०/८१ | ३१६०० | ३१६०० | - | ३१६०० | - | - | - |
| २०८१/८२ | ३४१२८ | ३४१२८ | - | ३४१२८ | - | - | - |
| २०८२/८३ | ३६८५८ | ३६८५८ | - | ३६८५८ | - | - | - |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | लागत र पुस्ट्याई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत (रु. हजारमा) | पुस्ट्याई | |
| | प्रदेश भित्रका सार्वजनिक तथा गुठी जग्गाको अभिलेख सङ्कलन | गुठी जग्गा संरक्षण र अभिलेख अद्यावधिक गर्नु | सालबसाली | १००० | | गुठी जग्गाको अभिलेख सङ्कलन भएको हुने |

## ९. जोखिम पक्ष तथा अनुमान

कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा तोकिए बमोजिम बजेटको अभाव र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको कमी हुन सक्ने भई तोकिएको लक्ष्य हासिल गर्न नसकिने आदि अनुमान गरिएको छ ।

# परिच्छेद ५
# आर्थिक मामिला तथा योजना मन्त्रालय

## ५.१ आर्थिक मामिला तथा तथ्याङ्क

### १.पृष्ठभूमि

कोशी प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७९ बमोजिम प्रदेशको आर्थिक अवस्थाको विश्लेषण, आर्थिक नीति तर्जुमा, कार्यान्वयन र नियमन, वित्त नीति तथा राजस्व नीति तर्जुमा, आन्तरिक स्रोत परिचालन र व्यवस्थापन, प्रदेश तथ्याङ्क तथा सूचना प्रणाली, अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून र मापदण्ड तर्जुमा गर्ने जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालय अन्तर्गत रहेको छ। प्रदेशको लगानी प्रक्षेपण, सङ्घीय नीति अनुरूप सहवित्तीयकरण, वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य लगायतका कार्य समेत पर्दछ। स्वच्छ, सुखी र समुन्नत प्रदेशको दीर्घकालीन लक्ष्य प्राप्तिको लागि स्रोत र साधनको वृद्धिरपरिणाममुखीविन्यासमा मन्त्रालयको महत्त्वपूर्ण भूमिका रहेको छ।

### २. समस्या तथा चुनौती

आन्तरिक राजस्व परिचालन न्यून हुनु, प्राथमिकता प्राप्त क्षेत्रमा विनियोजन दक्षता नहुनु, उच्च प्रतिफलयुक्त आयोजनामा स्रोत सुनिश्चितता प्रदान गर्न नसक्नु, वित्तीय हस्तान्तरणको वैज्ञानिक आधार तयार नहुनु र कार्यक्रम तथा आयोजनाको प्रभावकारी अनुगमन तथा मूल्याङ्कन हुन नसक्नु आदि प्रमुख समस्या हुन् ।

तीनै तहका सरकारको बिचको सहकार्य र समन्वयलाई प्रभावकारी बनाउने, उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गर्नु, प्रतिफलको समन्यायिक वितरण गर्नु, वित्तीय अनुशासन कायम गर्नु र दक्ष जनशक्तिको विकास गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ३. दीर्घकालीन सोच

सुदृढ र समन्वयात्मक राजस्व परिचालनद्वारा आत्मनिर्भर प्रदेश निर्माण गर्ने ।

### ४. उद्देश्य

क. उपलब्ध स्रोत साधनको दक्षतापूर्णविनियोजन र कुशल परिचालनमा वित्तीय अनुशासन कायम गर्दै न्यायोचित वितरण सहितको आर्थिक वृद्धि हासिल गर्नु ।

ख. आन्तरिक राजस्व परिचालनको सीमाभित्र चालु खर्चलाई कायम गरी वित्तीय सङ्घीयतालाई मजबुत बनाउनु।

### ५. रणनीति

क. सार्वजनिक र निजी क्षेत्रको स्रोत परिचालन मार्फत दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने ।

ख. आर्थिक उपलब्धिको न्यायोचित वितरण गर्दै गरिबी निवारणमा योगदान पुऱ्याउने ।

ग. राजस्वका स्रोतहरूको पहिचान एवं कराधार विस्तार गरी अधिकतम परिचालन गर्ने ।

घ. सार्वजनिक खर्चलाई आर्थिक तथा सामाजिक पुँजी निर्माणका क्षेत्रमा कुशल र प्रभावकारी विनियोजन र उपयोग गर्ने ।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | प्रदेशको कुल गार्हस्थ्य उत्पादन | दश लाखमा | ७८०९५० | ८४९६४९ | ९६३४२८ | १०९५१४० | १२४८८५३ |
| २ | वार्षिक आर्थिक वृद्धिदर | प्रतिशत | ५.४७ | २.३८ | ५.७० | ५.८७ | ६.१७ |
| ३ | प्रति व्यक्ति कुल गार्हस्थ्य उत्पादन | अमेरिकी डलर | १२६७ | १२९९ | १४१३ | १५३६ | १६७७ |
| ४ | प्रदेशको कुल खर्च | रु.लाखमा | २९९६६४ | ३२०७९० | ३६२४३५ | ३९०२८७ | ४१६३०६ |
| ५ | विनियोजनको तुलनामा पुँजीगत खर्च | प्रतिशत | ८९.८ | ८६.५ | ८८.६ | ८९.४ | ९०.२ |
| ६ | आन्तरिक राजस्व सङ्कलन | रु.लाखमा | ४४८४९ | ३८००० | ४५७७८ | ५३५९५ | ५८९५४ |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान | समपूरक/विशेष अनुदान |
| २०८०/८१ | २१६८४९५ | २१६१४९५ | ७००० | २१६८४९५ | - | - | - |
| २०८१/८२ | १८८२९८६ | १८७५६३६ | ७३५० | १८८२९८६ | - | - | - |
| २०८२/८३ | १५३१३६५ | १५२३६४७ | ७७१८ | १५३१३६५ | - | - | - |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्ट्याई | | आगामी तीन वर्षको लागि उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्ट्याई | |
| | राजस्व सम्भाव्यता अध्ययन प्रतिवेदन कार्यान्वयन | राजस्वका सम्भावित दायरा र दरमा बढोत्तरी गरी प्रदेशको आन्तरिक आम्दानी बढाउनु | सालबसाली | | | प्रदेशमा राजस्वका दायरा र दरमा पुनरावलोकन भई प्रदेशको आम्दानी बढेको हुने |

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्ट्याई | | आगामी तीन वर्षको लागि उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्ट्याई | |
| | वित्तीय साक्षरता कार्यक्रम | वित्तीय सचेतना तथा पहुँच अभिवृद्धि गर्नु | सालबसाली | | | वित्तीय साक्षरता अभिवृद्धि भएको हुने |
| | आर्थिक सर्वेक्षण | प्रदेशको आर्थिक गतिविधिको सूक्ष्म अध्ययन गरी सुधारका पक्षको पहिचान गर्नु | सालबसाली | | | प्रदेशको आर्थिक सबलीकरणमा टेवा पुगेको हुने |
| | लेखापरीक्षण प्रतिवेदनमाथि समीक्षात्मक छलफल | सरकारी आर्थिक कारोबारलाई बेरुजू रहित र बेरुजूशून्य बनाई वित्तीय अनुशासन प्रवर्द्धन गर्नु | सालबसाली | | | बेरुजू फर्स्योट र न्यूनीकरण भएको हुने |
| | बजेट तथा कार्यक्रम तर्जुमाका लागि छलफल एवम् अन्तरक्रिया | प्रदेशको बजेट तथा कार्यक्रम तर्जुमालाई प्रभावकारी बनाउनु | सालबसाली | | | विनियोजन दक्षता अभिवृद्धि हुने |
| | प्रादेशिक योजनाहरूको भौतिक र वित्तीय प्रगतिको स्थलगत अनुगमन मूल्याङ्कन | आयोजना/कार्यक्रम कार्यान्वयनलाई थप प्रभावकारी बनाउनु | सालबसाली | | | विकास निर्माण कार्य समयमै सम्पन्न भएको हुने |

### ९. जोखिम पक्ष तथा अनुमान

तथ्यपरक खण्डीकृत तथ्याङ्कको अभाव,योजना र बजेटका बिच सामञ्जस्यता रवित्तीय जबाफदेहीता प्रवर्द्धन गर्न कठिन रहेको छ।विश्व आपूर्ति श्रृंखलामाआउनेसमस्या र महामारी जस्ताकारणले अर्थतन्त्रमा आउन सक्नेसङ्कुचनलेगर्दा राजस्व सङ्कलनमा हुन सक्नेकमी, चालु खर्चमा हुने विस्तार, निर्धारित समयमै आयोजना सम्पन्न नहुने र उच्च मनोवलयुक्त जनशक्तिको न्यूनता जस्ता जोखिमका पक्ष अनुमान गरिएको छ।

## ५.२ गरिबी निवारण

### १. पृष्ठभूमि

संविधानले नेपालको सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागितामा आर्थिक वृद्धि सहित न्यायोचित वितरणको आर्थिक उद्देश्य लिएको छ। गरिबीको अवस्था भौगोलिक र क्षेत्रीय रूपमा मात्र नभई जातीय रूपमा समेत असमान रहेको देखिन्छ। कोशी प्रदेशमा निरपेक्ष गरिबीको रेखामुनिको जनसंख्या १२.४ प्रतिशत रहेको छ भने बहुआयामिक गरिबी १५.९ प्रतिशत रहेको छ। कोशी प्रदेशमा गरिबीको सघनता ४१.४ प्रतिशत रहेको छ।

प्रदेशको बहुआयामिक गरिबीको सूचकाङ्क ०.०६६ रहेको छ। देशको मुख्य सामाजिक, आर्थिक शक्तिको रूपमारहेको श्रम शक्तिलाई दक्ष र व्यावसायिकबनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गरी गरिबी न्यूनीकरण गर्नु आजको आवश्यकता हो।

## २. समस्या तथा चुनौती

गरिबीको वितरण भौगोलिक र क्षेत्रीय रूपमा मात्र नभई जातीय र लैङ्गिक रूपमा समेत असमान रहनु, गरिबी निवारणका लागि गरिब घर-परिवारको पहिचान कार्य हुन नसक्नु, लक्षित घर-परिवारमा सामाजिक सुरक्षण कार्यक्रम केन्द्रित हुन नसक्नु, विभिन्न निकायबाट सञ्चालित गरिबी निवारण कार्यक्रम बिच समन्वयको अभाव रहनु, क्षमता विकासका कार्य पर्याप्त नहुनु, वास्तविक गरिबको अभिलेख नहुनु आदि प्रमुख समस्या हुन् ।

भौगोलिक, लैङ्गिक, जातीय र आय वर्ग बिच रहेको गरिबीको मार र असमानताको अन्तरलाई कम गर्नु, न्यून आर्थिक वृद्धि हुनु, प्राकृतिक प्रकोपबाट सिर्जित गरिबीको निराकरण गर्नु, स्वरोजगार प्रवर्द्धन गर्न सीप, पुँजी र प्रविधिमा पहुँच बढाउनु, नयाँ रोजगारीका अवसर सृजना गर्नु, स्थानीय सीप, पुँजी र प्रविधिमा पहुँच भएका स्वदेशी उद्यमीको निमित्त स्वरोजगार प्रवर्द्धन गर्नु, सबै क्षेत्र र समुदायलाई सन्तुलित रूपमा सम्बोधन गर्नु, गरिबको वर्गीकरण गरी अभिलेख राख्नु, सरकारद्वारा सञ्चालित गरिबी निवारण कार्यक्रमको न्यायोचित वितरण गर्नु आदि प्रमुख चुनौती हुन् ।

## ३. क्षेत्रगत सोच

गरिबीमुक्त समृद्ध प्रदेश ।

## ४. उद्देश्य

मानव विकास सूचकाङ्कमा अभिवृद्धि गर्नु ।

## ५. रणनीति

क. सामाजिक सुरक्षा कार्यक्रमलाई गरिब घर परिवारमा प्राथमिकताका साथ परिचालित गर्ने ।
ख. शिक्षा, स्वास्थ्यमा पहुँच बढाई मानव पुँजीको विकास गर्ने ।
ग. परम्परागत प्रविधि, ज्ञान तथा सीपको प्रवर्द्धन गरी आय आर्जन र रोजगारीमा आबद्ध गर्ने ।
घ. व्यावसायिक कृषिका लागि सहकारी, सामुदायिक एवं करार खेतीतर्फ उन्मुख गर्ने ।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | प्रतिशत | १५.९ | १५.१ | १४.५ | १३.० | ११.५ |
| २ | बहुआयामिक गरिबीको सघनता | प्रतिशत | ४१.४ | ४१.४ | ४०.२ | ३९.१ | ३८.० |

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ३ | निरपेक्ष गरिबीको रेखामुनिको जनसंख्या | प्रतिशत | १२.४ | १२.४ | ११.० | १०.५ | ९.८ |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान | समपूरक/विशेष अनुदान |
| २०८०/८१ | ३०००० | ३०००० | ० | ३०००० | - | - | - |
| २०८१/८२ | ३५००० | ३५००० | | ३५००० | - | - | - |
| २०८२/८३ | ४०००० | ४०००० | | ४०००० | - | - | - |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्ट्याई | | आगामी तीन वर्षको लागि उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्ट्याई | |
| | मागमा आधारित गरिबी निवारण कार्यक्रम | गरिबीको रेखामुनि रहेका नागरिकलाई जीविकोपार्जनमा टेवा पुऱ्याउने | सालबसाली | १५००० | | गरिब परिवारको न्यूनतम आवश्यकता पूर्ति भएको हुने |
| | तालिम लिई बेरोजगार अति विपन्न नागरिकलाई उद्यमका लागि आवश्यक प्रविधि हस्तान्तरण | स्वरोजगार बनाई गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउने। | सालबसाली | १५००० | | विपन्न नागरिकले आय-आर्जनको कार्य वा उद्यम गरेको हुने |

## ९. जोखिम पक्ष तथा अनुमान

सार्वजनिक र निजी क्षेत्रको लगानी मार्फत दिगो र फराकिलो आर्थिक वृद्धि हासिल गर्ने र सो को समन्यायिक वितरण मार्फत निरपेक्ष गरिबीको संख्या उल्लेख्य रूपमा घटाउने जोखिमका पक्षहरू अनुमान गरिएको छ।

# परिच्छेद ६
# सामाजिक विकास मन्त्रालय

## ६.१ शिक्षा

### १. पृष्ठभूमि

शिक्षा मानव विकास र आर्थिक सामाजिक समृद्धिको महत्त्वपूर्ण आधार हो । संविधानले आधारभूत शिक्षालाई मौलिक हकको रूपमा स्थापित गरेको छ । राज्यका नीतिले शिक्षालाई वैज्ञानिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक र जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी र नैतिक एवं राष्ट्र हित प्रति समर्पित जनशक्ति तयार पार्ने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउँदै जाने कुरा निर्देशित गरेको छ । शिक्षासम्बन्धी मौलिक हक कार्यान्वयनका लागि नेपाल सरकारले अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ जारी गरी कार्यान्वयन प्रारम्भ गरेको छ । नेपाल सरकारले सबैका लागि समावेशी र समतामूलक एवं गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने र जीवनभरका लागि सिकाइका अवसर प्रवर्द्धन गर्ने दिगो विकास लक्ष्य प्राप्तिका सन्दर्भमा शिक्षा, २०३० कार्य योजनाको ढाँचातय गरी कार्यान्वयनमा ल्याएको छ ।

आर्थिक वर्ष २०७८/७९ मा कोशी प्रदेशको आधारभूत तहको खुद भर्ना दर (१-८) ९५.९ प्रतिशत र माध्यमिक (९-१०) तहको खुद भर्ना दर ७६.७ प्रतिशत रहेको छ ।प्रदेशमा कार्यरत शिक्षकमा पुरुष ६६.२ प्रतिशत र महिला शिक्षक ३३.८ प्रतिशत रहेका छन् । राष्ट्रियजनगणना, २०७८ अनुसार यस प्रदेशको साक्षरता दर ७९.७ प्रतिशत रहेको छ । उच्च शिक्षामा भर्ना भएका मध्ये प्राविधिक शिक्षामा भर्ना दर २५ प्रतिशत रहेको

छ । प्रदेशमा १४ वटै जिल्ला साक्षर जिल्ला घोषित भएका छन् ।

यस प्रदेशमा रहेका १३७ वटा स्थानीय तहमध्ये ९८ स्थानीय तहमा प्राविधिक शिक्षा प्रदान गर्ने विद्यालय रहेका छन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) का आङ्गिक शिक्षालय ७ वटा, साझेदार शिक्षालय १४ वटा, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम (TECS) ३८ वटा, प्राविधिक धार कक्षा ९-१२ का विद्यालय ९३ वटा रहेका छन् ।समग्रमा CTEVT बाट अनुमति प्राप्त ५३ सहित कोशी प्रदेशमा जम्मा २०५ वटा प्राविधिक शिक्षालयमा रहेका छन् । यस प्रदेशमा त्रिभुवन विश्वविद्यालय, नेपाल संस्कृत विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय, पूर्वाञ्चलविश्वविद्यालय, पोखरा विश्वविद्यालय, कृषि तथा वन विश्वविद्यालय, मनमोहन प्राविधिक विश्वविद्यालय र वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट सम्बन्धन प्राप्त र आङ्गिक समेत गरी जम्मा १९८ वटा उच्च शैक्षिक संस्था सञ्चालनमा रहेकाछन् । उक्त उच्च शैक्षिक संस्थामा कुल ५६,२१८ जना विद्यार्थी अध्ययनरत रहेका छन् ।

### २. समस्या तथा चुनौती

विद्यालय छाड्ने दर उच्चहुनु, विद्यालय उमेर समूहका उल्लेखनीय बालबालिका विद्यालय बाहिर रहनु, साक्षरता दरमा भौगोलिक, जातिगत र लैङ्गिक विषमता रहनु, शिक्षकको माग र आपूर्तिबीच सन्तुलन नहुनु, प्राविधिक तथा व्यावसायिक धारका विद्यालय र विद्यार्थी न्यून रहनु, सार्वजनिक विद्यालयका विद्यार्थीको औसत सिकाई उपलब्धि

कमजोर हुनु, शिक्षण सिकाई खासगरी विज्ञान, गणित र नेपाली जस्ता विषयमा कमजोर हुनु, माध्यमिक विद्यालयमा विद्यार्थीको पहुँचमा लैङ्गिक समानता नहुनु, विद्यालय तथा उच्च शिक्षाको व्यवस्थापकीय र सुशासन पक्ष कमजोर रहनु र शिक्षाको गुणस्तर अपेक्षित नहुनु, अपाङ्गमैत्री विद्यालयको कमी हुनु, सबै जिल्लामा प्राविधिक शिक्षा विस्तार नहुनु, मातृभाषामा शिक्षा दिने नीति प्रभावकारी रूपमा कार्यान्वयन नहुनु, प्राविधिक लगायत शैक्षिक क्षेत्रमा लगानी न्यून हुनु, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् प्रदेश मातहतमा नहुनु आदि प्रमुख समस्या हुन् ।

सबैका लागि समतामूलक गुणस्तरीय शिक्षा विशेष गरी आर्थिक-सामाजिक रूपले पछि परेका तथा दुर्गम र पिछडिएका क्षेत्रका बालबालिकालाई शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु र टिकाउ दर बढाउनु, अधिकांश स्थानीय तहमा प्राविधिक धारका विद्यालय नपुग्नु, सार्वजनिक शिक्षा तथा व्यावसायिक शिक्षा गुणस्तरीय बनाउनु, बाल विकास/पूर्व प्राथमिक शिक्षामा सहभागिता वृद्धि गर्नु र यसको गुणस्तरमा सुधार ल्याउनु, सामुदायिक विद्यालयमा खासगरी जनजाति, दलित, विपन्न र पिछडिएको वर्गमा प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको पहुँचमा अभिवृद्धि गर्नु, अपाङ्गता भएका बालबालिकालाई विशेष शिक्षाको सुनिश्चितता गर्नु, शैक्षिक क्षेत्रको व्यवस्थापनमा सुशासन कायम गर्नु, एक स्थानीय तहमा एक नमुना आवासीय विद्यालयको सुरुवात गर्नु, विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाका लागि विशिष्टिकृत आवासीय विद्यालय विस्तार गर्नु, परिवर्तित नयाँ शैक्षिक सत्र कार्यान्वयन गर्नु, माध्यमिक तहसम्मको शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु आदि प्रमुख चुनौती हुन् ।

**३. क्षेत्रगत सोच**

शिक्षित नागरिकः मानवपुँजी सहितको उन्नत प्रदेश ।

**४. उद्देश्य**

क. पूर्ण साक्षर प्रदेश निर्माण गर्नु ।

ख. आधारभूत तथा माध्यमिक तहमा विद्यालय उमेर समूहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नु ।

ग. शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र सीपमूलक बनाई रोजगारीसँग आबद्ध गर्नु ।

**५. रणनीति**

क. साक्षरता अभियान सञ्चालन गर्ने ।

ख. सबै विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउने ।

ग. शिक्षालाई समावेशी, सर्वसुलभ र प्रविधिमैत्री बनाउने ।

घ. गुणस्तरीय उच्च शिक्षा प्रदान गर्ने ।

ङ. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमका अवसरमा वृद्धि गर्ने ।

च. शिक्षालाई सीपमूलक, गुणस्तरीय, जीवनोपयोगी र रोजगार मूलक बनाउने ।

छ. अन्तर-सरकार समन्वय र नीतिगत तथा संस्थागत पूर्वाधार विकास गर्ने ।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | साक्षर जिल्ला | सङ्ख्या | १३ | १४ | लक्ष्य पुरा | लक्ष्य पुरा | लक्ष्य पुरा |
| २ | पूर्व प्राथमिक शिक्षा पुरा गरी कक्षा १ मा भर्ना | प्रतिशत | ५८.५ | ७६.७ | ७८ | ८० | ८५ |
| ३ | बालमैत्री पूर्वाधार भएका सार्वजनिक विद्यालयको सङ्ख्या | प्रतिशत | ५ | १० | १५ | २० | २५ |
| ४ | आधारभूत तहमा बालबालिकाको टिकाउ दर | प्रतिशत | ८५ | ८५ | ८७ | ९० | ९२ |
| ५ | सिकाइ दरमा वृद्धि( आधारभूत कक्षा ५) | प्रतिशत | ५३ | ५३ | ५५ | ५७ | ५९ |
| ६ | सिकाइ दरमा वृद्धि( आधारभूत कक्षा ८) | प्रतिशत | ४५ | ४७ | ४९ | ५२ | ५४ |
| ७ | विद्यालयमा कम्प्युटर ल्याबको स्थापना | विद्यालय सङ्ख्या | १०५९ | २१५९ | २५०० | २८०० | ३००० |
| ८ | विशेष शिक्षा (स्रोत कक्षा) शिक्षक/प्र.अ. तालिम | सङ्ख्या | १५६ | १५६ | १५६ | १५६ | १५६ |
| ९ | वित्तीय साक्षरता तालिम प्राप्त गर्ने व्यक्ति | प्रतिशत | २ | ५ | १० | १४ | २० |
| १० | माध्यमिक विद्यालयमा आधारित पुस्तकालय | सङ्ख्या | ५०० | ८०० | ११०० | १४०० | २००० |
| ११ | अपाङ्गता भएका विद्यालय उमेरका बालबालिकाको शिक्षामा पहुँच | प्रतिशत | २ | ३० | ५० | ७० | ७५ |
| १२ | प्राविधिक धारका सामुदायिक माध्यमिक विद्यालय | सङ्ख्या | ८३ | ९३ | १०५ | ११० | १३७ |
| १३ | प्राविधिक तथा व्यावसायिक | प्रतिशत | ४.७ | ८ | १० | १५ | २० |

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| | शिक्षामा(माध्यमिक) विद्यार्थीको पहुँचमा वृद्धि | | | | | | |
| १४ | विश्वविद्यालय स्थापना | सङ्ख्या | १ | २ | २ | २ | २ |
| १५ | उच्च शिक्षामा भर्ना भएका मध्ये प्राविधिक विषयमा भर्ना दर | प्रतिशत | २४ | २५ | २७ | २८ | ३० |
| १६ | उच्च तहको शैक्षिक अनुसन्धान केन्द्रको स्थापना | सङ्ख्या | १ | १ | २ | २ | २ |
| १७ | प्राविधिक विषयमा उच्च शिक्षा दिने शिक्षण संस्थाहरूलाई सहयोग | सङ्ख्या | १ | २ | ५ | ७ | ९ |
| १८ | पिछडिएको समुदाय र आर्थिक रूपमा विपन्नलाई उच्च शिक्षामा पहुँचका लागि सहयोग | सङ्ख्या | १५ | ११६ | १५० | २०० | २५० |
| १९ | सामुदायिक पुस्तकालय सबलीकरण | सङ्ख्या | १० | १४ | ७ | १० | १४ |
| २० | विद्यालय बाहिर रहेको बालबालिका प्रतिशत | प्रतिशत | ६.५ | ४ | ३.५ | ३ | २.५ |
| २१ | आधारभूत (१-८) को खुद भर्ना दर | प्रतिशत | | ९५.९ | ९६.० | ९६.४ | ९७ |
| २२ | माध्यमिक (९-१०) को खुद भर्ना दर | प्रतिशत | | ७६.७ | ७८.० | ८०.० | ८२.० |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | स्थानीय तह अनुदान | प्रदेश सरकार | वित्तीय समानीकरण | समपूरक/विशेष अनुदान | सशर्त अनुदान |
| २०८०/८१ | १०६९४०५ | ७१७३५९ | २१९१५० | १३२८९६ | ३२३०५५ | ७९२५० | १२०००० | ५४७१०० |
| २०८१/८२ | ११९०५४४ | ७८९०९५ | २४१०६५ | १६०३८४ | २३७९२९ | ८७१७५ | १२८००० | ७३७४४० |
| २०८२/८३ | १२६६९४६ | ८२८५५० | २६९९९३ | १६८४०३ | २३६५७८ | ९३२७७ | १३६९६० | ७८९२५३ |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | लागत र पुस्त्याई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत (रु. हजारमा) | पुस्त्याई | |
| ३५००१०११ | शिक्षा विकास निर्देशनालय | प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवाशर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापन मापदण्ड निर्धारण र नियमन माध्यमिक शिक्षा परीक्षा सञ्चालन गर्ने | सालबसाली | ७५६०० | | • प्रदेशस्तरमाविद्यालय तहकोशिक्षककोसेवाशर्त, योग्यता, क्षमतारशिक्षकव्यवस्थापनकोमापदण्डनिर्धारण रनियमनभएकोहुने<br>• १४ जिल्लामा SEEपरीक्षा सञ्चालन भई नतिजा प्रकाशन गरिने |
| ३५००२०११ | शिक्षा तालिम केन्द्र | शिक्षकलाई पेशागत विकास तालिम प्रदान गर्ने | सालबसाली | | | • प्रदेशभित्रका शिक्षकहरूले शिक्षकको पेशागत विकास तालिम लिएको हुने |
| | प्रदेश सङ्ग्रहालय | प्रदेश भित्रका धार्मिक, सांस्कृतिक, पुरातात्त्विक, कला, भाषा, संस्कृति ऐतिहासिक सम्पदाको संरक्षण, संवर्द्धन र अभिलेखीकरण गर्ने | सालबसाली | १५८०० | | • प्रदेश भित्रका सङ्ग्रहालयको संरक्षण तथा संवर्द्धन गर्ने |

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | लागत र पुस्टयाई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत (रु. हजारमा) | पुस्टयाई | |
| ३५००३१०१ | उच्च शिक्षा कार्यक्रम | प्रदेशविश्वविद्यालयको पूर्वाधारको विकास तथा उच्च शिक्षामा समतामूलक पहुँच | सालबसाली | | | • प्रदेश विश्वविद्यालयको लागि कानूनी तथा भौतिक पूर्वाधार विकास भएको हुने, उच्च शिक्षामा सबैको समान पहुँच कायम हुने<br>• मनमोहन प्राविधिक विश्वविद्यालय सञ्चालन तथा प्राविधिक शिक्षालय स्थापना तथा सञ्चालन भई सीपयुक्त दक्ष जनशक्ति उत्पादन भएको हुने |
| ३५००३१०२ | विशेष तथा निरन्तर शिक्षा कार्यक्रम | विशेष शिक्षा सञ्चालन र व्यवस्थापकीय पक्षमा सुधार गर्ने | सालबसाली | १०५०० | | विशेष स्रोत कक्षाहरूमा अपाङ्गमैत्री कक्षाकोठा व्यवस्थापन तथा बौद्धिक अपाङ्गता भएका व्यक्ति लागि अध्ययन गर्न आवासीय विद्यालय निर्माण भएको हुने |
| ३५००३१०३ | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम | आर्थिक समृद्धिका लागि योग्य, सक्षम,प्रतिस्पर्धी र उत्पादनशील जनशक्ति तयार गर्ने | सालबसाली | २३३०० | | सीपमूलक, दक्ष मध्यम स्तरीय जनशक्ति उत्पादन हुने |
| ३५००३१०४ | मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम | प्रदेशस्तरमा शैक्षिक गुणस्तर कायम राख्दै प्राज्ञिक अनुसन्धानको क्षेत्रमा लगानी वृद्धि गर्ने | सालबसाली | | | • प्रत्येक वर्ष प्रदेश स्तरीय शैक्षिक तथ्याङ्क प्रकाशन भएको हुने<br>• प्रदेशस्तरीय शैक्षिक योजना निर्माण भएको हुने<br>• प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान केन्द्र स्थापना भएको हुने |

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | लागत र पुस्ट्याई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत (रु. हजारमा) | पुस्ट्याई | |
| ३५०००१०१ | पुस्तकालय सुदृढीकरण कार्यक्रम | स्थानीय सरोकारवालालाई सूचनाको पहुँच पुऱ्याउनु साथै पठनपाठन सामग्री उपलब्ध गराउनु | सालबसाली | | | • सामुदायिक पुस्तकालयमा पठनपाठन संस्कृतिको विकास हुने<br>• पुस्तकालयमा आएर पढ्ने विद्यार्थीहरूको संख्या वृद्धि भएको हुने |

### ९. जोखिम पक्ष तथा अनुमान

कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा तोकिए बमोजिम बजेटको अभाव र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको कमी हुन सक्ने भई तोकिएको लक्ष्य हासिल गर्न नसकिने आदि अनुमान गरिएको छ ।

## ६.२ लैङ्गिक समानता तथा महिला सशक्तिकरण

### १. पृष्ठभूमि

लैङ्गिक समानता तथा महिला सशक्तिकरण सामाजिक तथा दिगो आर्थिक विकासको एक महत्त्वपूर्ण पक्ष हो । संविधानले महिलाको आर्थिक, सामाजिक विकास र सशक्तिकरण मौलिक हकको रूपमा प्रत्याभूत गर्दै समानुपातिक समावेशी र सहभागिताको सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माणका लागि लैङ्गिक विभेदको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने सङ्कल्प गरेको छ ।

राष्ट्रिय जनगणना, २०७८ अनुसार यस प्रदेशको कुल जनसङ्ख्या मध्ये महिलाको हिस्सा ५१.२८ प्रतिशत रहेको छ । प्रदेशमा महिला घरमुलीको ३०.९ प्रतिशत (नेपालमा ३१.५५ प्रतिशत) रहेको छ । लैङ्गिक अनुपातका हिसाबले हेर्दा यस प्रदेशमा ९५.०२ (नेपालको ९५.५९)रहेको छ । सबैभन्दा कम लैङ्गिक अनुपात ओखलढुङ्गा जिल्लामा ९५.२५ र सबैभन्दा बढी इलाम जिल्लामा ९९.५२ रहेको छ ।

स्थानीय तहमा महिलाको प्रतिनिधित्व करिब ४०.९३ प्रतिशत (२०७८ महिला)छ भने प्रदेश सभामा ३३ जना (३५.४८%) महिला प्रतिनिधित्व रहेको छ भने यस प्रदेशबाट संघमा १६ जना महिलाको प्रतिनिधित्व रहेको छ । निजामती सेवामा महिलाको सहभागिता उल्लेखनीय रूपमा बढ्दै गइरहेको छ भने दलितको सहभागिता न्यून रहेको अवस्था छ । सामुदायिक विकासमा आमा समूह, वन समूह, महिला स्वास्थ्य स्वयंसेविका, सहकारी, कृषि समूह, सिँचाइ समूह आदिमा महिलाको अग्रणी भूमिका छ ।

यस प्रदेशमा लैङ्गिक विकास सूचकाङ्क ०.९०१र लैङ्गिक विषमता सूचकाङ्क ०.४५९ रहेको छ ।

## २. समस्या तथा चुनौती

लैङ्गिक समानता तथा महिला सशक्तिकरणसम्बन्धी खण्डीकृत सूचनाको कमी हुनु र भएका कार्यक्रमको मूलप्रवाहिकरण नहुनु, रोजगारीका अवसरको कमी, आर्थिक स्रोत र साधनमा पहुँच न्यून रहनु, लैङ्गिक हिंसामा अपेक्षित मात्रामा सुधार नआउनु, नयाँ किसिमका लैङ्गिक तथा घरेलु हिंसा देखा पर्नु, महिला माथिको जातीय, क्षेत्रीय, वर्गीय तथा धार्मिक,सामाजिक र सांस्कृतिक विभेद कायम रहनु,ग्रामीण महिलाको आर्थिक अवस्थामा अपेक्षित मात्रामा सुधार नहुनु,महिला हिंसा,बाल-विवाह, दाइजो र बोक्सी जस्ता कुरीतिजन्य व्यवहार अझै पनि अभ्यासमा रहनु, सम्पत्तिमा महिलाको स्वामित्व बराबर नहुनु, महिलामा मानसिक तनाव बढ्दै जानु,लैङ्गिक उत्तरदायी बजेट विनियोजनको अनुपात कम हुनु आदि प्रमुख समस्या हुन् ।

परम्परागत सोच रहेको नेपाली समाजमा महिलाको नेतृत्व स्थापित गराउनु, महिला प्रतिको विभेदपूर्ण दृष्टिकोणमा परिवर्तन ल्याउनु, पछि परेका महिलालाई आर्थिक तथा सामाजिक जीवनमा सक्षम बनाउनु, स्रोत साधनको पहुँचमा रहेको असमानता घटाउनु, निर्णय क्षमतामा वृद्धि गर्नु, लैङ्गिक हिंसा तथा घरेलु हिंसा घटाउनु, महिला माथिको जातीय, क्षेत्रीय, वर्गीय तथा धार्मिक, सामाजिक र सांस्कृतिक विभेद समाप्त पार्नु, ग्रामीण महिलाको आर्थिक अवस्थामा सुधार गर्नु, बढ्दो मनोरोगको लागि मनोविमर्श सेवा उपलब्ध गराउनु, लैङ्गिक हिंसा अन्त्यका लागि निरोधात्मक र प्रतिरोधात्मक अभियानको प्रभावकारी सञ्चालन गर्नु, लैङ्गिक उत्तरदायी बजेटको प्रभावकारी कार्यान्वयन गर्नु आदि प्रमुख चुनौती हुन् ।

## ३. क्षेत्रगत सोच

लैङ्गिक समानताः प्रदेशको मान्यता

## ४. उद्देश्य

क. महिलाको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तिकरण गर्नु ।

ख. लैङ्गिकतामा आधारित हिंसा न्यूनीकरण गर्नु ।

ग. निर्णायक तहमा महिलाको समानुपातिक अवसरको सृजना गर्नु ।

## ५. रणनीति

क. लक्षित तथा सीमान्तकृत महिलाको क्षमता अभिवृद्धि र संरक्षणात्मक सेवा उपलब्ध गराई सशक्तिकरण गर्ने ।

ख. आधारभूत तथा प्राविधिक शिक्षा, स्वास्थ्य, सीप तथा प्रजनन स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गर्ने ।

ग. रूढिवादी परम्पराको रूपमा रहेका कुरीतिको अन्त्य गर्दै लैङ्गिक समानताको आधार निर्माण गर्ने ।

घ. लैङ्गिक मूलप्रवाहीकरणका सबै चरणमा अर्थपूर्ण सहभागिता बढाउने ।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | महिलाको सम्पत्ति माथिको स्वामित्व (घर जग्गा) | प्रतिशत | १३.८ | १४.३ | १४.५ | १४.७ | १५ |
| २ | लैङ्गिक उत्तरदायी बजेट विनियोजन अनुपात | प्रतिशत | ४०.६४ | ४२.० | ३१.१ | ३८.५ | ४३.२ |
| ३ | नीति निर्णायक तहमा महिलाको पहुँच | प्रतिशत | ३४.० | ३४.० | ३४.५ | ३५ | ३५.४ |
| ४ | पुरुष-महिला आय | अनुपात | १:०.६४ | १:०.६४ | १:०.६४ | १:०.६८ | १:०.६९ |
| ५ | महिला श्रम सहभागिता दर | प्रतिशत | २५ | २५.६ | २७ | ३० | ३३ |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | स्थानीय तह अनुदान | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान |
| २०८०/८१ | ३४८५० | ७५०० | ० | २७३५० | ३४८५० | | |
| २०८१/८२ | ३६९६८ | ८२५० | ० | २८७१८ | ३६९६८ | | |
| २०८२/८३ | ३८८१६ | ८६६३ | ० | ३०१५३ | ३८८१६ | | |

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | लागत र पुस्ट्याई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्ट्याई | |
| ३५०००१०३ | लैङ्गिक सशक्तिकरण तथा मूलप्रवाहीकरण कार्यक्रम | महिलाको सामाजिक, आर्थिक तथा राजनैतिक सशक्तीकरण, लैङ्गिकतमा आधारित हिंसा न्यूनीकरण र निर्णायक तहमा महिलाको समानुपातिक अवसर सिर्जना | सालबसाली | | | • सबै जाति वर्ग र क्षेत्रका ५०० महिलालाई सीप विकास तथा उद्यमशीलता तालिम प्राप्त गरेको हुने<br>• सबै स्थानीय तहसँग समन्वय एवं सहकार्यमा एकल महिला उद्यमशीलता कार्यक्रम सञ्चालन भएको हुने<br>• सबै स्थानीय तहमा संरक्षण कोष स्थापना गरि सञ्चालन गरिएको हुने<br>• निर्णायक तहमा महिलाको उल्लेख्य सहभागिता भएको हुने<br>• प्रदेशस्तरमा संरक्षण कोषको स्थापना भएको हुने<br>• लैङ्गिक उत्तरदायी बजेट २५% पुगेको हुने |

९. जोखिम पक्ष तथा अनुमान

कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा तोकिए बमोजिम बजेटको अभाव र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको कमी हुन सक्ने भई तोकिएको लक्ष्य हासिल गर्न नसकिने आदि अनुमान गरिएको छ ।

## ६.३ सामाजिक समावेशीकरण

### १. पृष्ठभूमि

सामाजिक समावेशीकरणले सामाजिक सद्भाव र व्यवहारमा क्रमशः सुधार गरी राष्ट्रिय एकता बलियो बनाउन भूमिका निर्वाह गरेको हुन्छ । संविधानले आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तकृत, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिता हुन पाउने हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ ।

प्रदेशको कुल जनसङ्ख्याको ३५.१ प्रतिशत जनजाति (नेवार ६.२ प्रतिशत समेत), ३१ प्रतिशत ब्राह्मण क्षेत्री, १३.३ प्रतिशत दलित, ४.३ प्रतिशत मुस्लिम, १५.४ प्रतिशत तराईका अन्य जात र १ प्रतिशत अन्य समूह

छन् । करिब २ प्रतिशत दृष्टि, श्रवण, शारीरिक, बोली तथा मानसिक सम्बन्धी अपाङ्गता भएका व्यक्ति छन् । लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समूह पनि रहेका छन् । प्रदेशमा सामाजिक सशक्तिकरण सूचकाङ्क ०.४८ र आर्थिक सूचकाङ्क ०.४३ रहेको छ ।

## २. समस्या तथा चुनौती

आर्थिक-सामाजिक क्षेत्रमा विभेद विद्यमान रहनु, बोक्सी, दाइजो, छुवाछूत, सामाजिक बहिष्कार जस्ता निषेधित कार्य व्यवहारमा रहनु, स्रोत-साधन तथा सेवा सुविधामा यस्ता समुदायको न्यायोचित पहुँच पुग्न नसक्नु आदि प्रमुख समस्या हुन् ।

राज्य संरचनामा समानुपातिक प्रतिनिधित्व पुऱ्याउनु, विभिन्न समुदाय तथा वर्ग बिच आर्थिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा रहेको विभेद अन्त्य गर्नु, स्रोत साधन एवं अवसरमा समावेशीता सिद्धान्त अनुरूप अवसर सृजना गर्नु, नकारात्मक सामाजिक मूल्य-मान्यताको व्यापकता हटाउनु आदि प्रमुख चुनौती हुन् ।

## ३. क्षेत्रगत सोच

सामाजिक सद्भाव र व्यवहार : राष्ट्रिय एकताको आधार ।

## ४. उद्देश्य

राजनीतिक, सामाजिक तथा आर्थिक विकासमा पछाडि परेका समुदायको स्रोत साधन, अवसर, सेवा तथा सुविधामा पहुँच सुनिश्चित गर्नु ।

## ५. रणनीति

क. राज्य संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता सुनिश्चितता गर्ने ।

ख. समावेशीकरणको माध्यमबाट साधन-स्रोत, अवसर, सेवा तथा सुविधामा पहुँच सुनिश्चित गर्ने ।

ग. परम्परामा आधारित विभेद एवं रूढिवादी अभ्यास हटाई नागरिकलाई सम्मानित जीवनको सुनिश्चितता गर्ने ।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | राजनीतिक, सामाजिक तथा आर्थिक विकासमा पछाडि परेका समुदायको स्रोत, साधन, सेवा तथा सुविधामा पहुँच सुनिश्चित गर्नु | राजनीतिक सशक्तिकरण सूचकाङ्क | ०.७ | ०.७ | ०.७२ | ०.७३ | ०.७४ |

### ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | स्थानीय तह अनुदान | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान |
| २०८०/८१ | २१०० | २१०० | - | - | २१०० | - | - |
| २०८१/८२ | २५०० | २५०० | - | - | २५०० | - | - |
| २०८२/८३ | ३००० | ३००० | - | - | ३००० | - | - |

### ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | लागत र पुस्टयाई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्टयाई | |
| | स्मृति, प्रतिष्ठान, फाउन्डेशन, अध्ययन केन्द्र लगायतका संघसंस्थालाई अनुदान | संघ संस्थाको प्रवर्द्धन गरी सामाजिक सद्भाव अभिवृद्धि गर्नु। | सालबसाली | | | विभिन्न क्षेत्रका संघसंस्थाको कार्यक्रम सञ्चालन तथा क्षमता अभिवृद्धि भएको हुने। |
| | विपन्न विद्यार्थीका लागि लोकसेवा तयारी कक्षा | विपन्न नागरिकलाई राज्यसंयन्त्रमा पहुँच स्थापित गर्नु | सालबसाली | | | विपन्ननागरिकले सरकारी सेवामा प्रवेश गर्ने अवसर प्राप्त गरेको हुने |

### ९. जोखिम पक्ष तथा अनुमान

कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा तोकिए बमोजिम बजेटको अभाव र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको कमी हुन सक्ने भई तोकिएको लक्ष्य हासिल गर्न नसकिने आदि अनुमान गरिएको छ ।

## ६.४ सामाजिक सुरक्षा तथा संरक्षण

### १. पृष्ठभूमि

मुलुकको समावेशी विकास गर्न र दिगो विकास लक्ष्यका प्रमुख नतिजाको प्राप्तिमा बल पुऱ्याउन सामाजिक सुरक्षा तथा संरक्षणले महत्त्वपूर्ण योगदान गर्न सक्छ । संविधानले सामाजिक सुरक्षाको हकलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । श्रमिक, आर्थिक रूपले विपन्न, अशक्त र असहाय, विपन्न एकल महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलित आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, दिवा खाजा, छात्रवृत्ति, तालिम, रोजगारी लगायतका सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन भएका छन् । यसका अतिरिक्त अवकाश प्राप्त निजामती कर्मचारी, शिक्षक, प्रहरी तथा नेपाली सेनाका सकल दर्जाका व्यक्तिलाई समेत सामाजिक सुरक्षाका रूपमा निवृत्तिभरण प्रदान गरिँदै आएको छ ।

प्रदेशमा सामाजिक सुरक्षा अनुभूति सूचकाङ्क ४.७ (० देखि १० को मापनमा) रहेको छ । सामाजिक सुरक्षा तथा संरक्षणको दायरा भित्र २७ प्रतिशत जनसङ्ख्या समेटिएको देखिन्छ । सामाजिक सुरक्षा कोष मार्फत श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन भइरहेको छ । आर्थिक वर्ष २०७९/८० को फाल्गुन मसान्त सम्ममा कोशी प्रदेशमा १,९२५ जना रोजगारदाता र ३८,६८८ जना योगदानकर्ता सूचीकृत भएका
छन् ।

## २. समस्या तथा चुनौती

प्रदेशस्तरमा सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी नीतिगत तथा संस्थागत व्यवस्था भई नसक्नु, श्रमिकका लागि ल्याइएको सामाजिक सुरक्षा कार्यक्रममा प्रतिष्ठानको आबद्धता भई नसक्नु, नागरिकलाई सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमको यथेष्ट जानकारी नहुनु आदि प्रमुख समस्या हुन् ।

नीतिगत, कानूनी र नियमनकारी प्रारूपको विकास गर्नु, सामाजिक सुरक्षालाई आर्थिक सामाजिक विकासका अन्य क्षेत्रका नीति र कार्यक्रमसँग आबद्ध गर्दै लैजानु, जोखिममा रहेका जनसमुदायको पहिचान गरी सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्नु, वित्तीय रूपले धान्न सकिने सामाजिक सुरक्षा प्रणालीको विकास गर्नु आदि प्रमुख चुनौती हुन् ।

## ३. क्षेत्रगत सोच

सामाजिक सुरक्षा र संरक्षणः कर्तव्य बोधको परिपालन ।

## ४. उद्देश्य

सामाजिक सुरक्षा तथा संरक्षणका कार्यक्रममा पहुँच वृद्धि गर्नु ।

## ५. रणनीति

सामाजिक सुरक्षा तथा संरक्षणलाई प्रभावकारी बनाउने ।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | अल्पकालीन पुनर्स्थापना केन्द्रको स्थापना र स्तरोन्नति (मनोविमर्शसहित) | संख्या | १४ | १६ | १६ | १७ | १८ |
| २ | एकल महिला सुरक्षा कोष | स्थानीयतह | १३७ | १३७ | लक्ष्य पूरा | | |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | स्थानीय तह अनुदान | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान |
| २०८०/८१ | ११५०० | ८७०० | २८०० | - | ८७०० | २८०० | - |
| २०८१/८२ | १२००० | ९००० | ३००० | - | ९००० | ३००० | - |
| २०८२/८३ | १२५०० | ९३०० | ३२०० | - | ९३०० | ३२०० | - |

### ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | लागत र पुस्ट्याई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्ट्याई | |
| ३५०००१२० | दीर्घकालीन पुनर्स्थापना गृह तथा अल्पकालीन पुनर्स्थापना गृह सञ्चालन | हिंसा पीडित महिला तथा बालबालिकाहरूको उद्धार तथा संरक्षण गर्ने | सालबसाली | | | केन्द्रमा आश्रित हिंसा पीडित महिला तथा बालिकाहरूले संरक्षण पाई न्यायमा पहुँच स्थापित हुने |

### ९. जोखिम तथा अनुमान

कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा तोकिए बमोजिम बजेटको अभाव र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको कमी हुन सक्ने भई तोकिएको लक्ष्य हासिल गर्न नसकिने आदि अनुमान गरिएको छ ।

## ६.५ ज्येष्ठ नागरिक

### १. पृष्ठभूमि

ज्येष्ठ नागरिकलाई सुरक्षित र सम्मानित तुल्याउने वातावरण सृजना गर्नु सरकारको दायित्व हो । संविधानले ज्येष्ठ नागरिकको लागि विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक प्रत्याभूति गरेको छ । त्यसैगरी ज्येष्ठ नागरिक सम्बन्धी ऐन, नियमावली तथा राष्ट्रिय कार्य योजना कार्यान्वयनमा छन् । नेपाल सरकारले ज्येष्ठ नागरिकलाई मासिक रूपमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउँदै आएको छ । ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ तर्जुमा भई कार्यान्वयनमा छ । यस प्रदेशमा ९० वर्ष र सो भन्दा माथिका ज्येष्ठ नागरिकको संख्या ८,४०२ रहेको छ । प्रदेशस्तरमा वृद्धाश्रम, दिवा सेवा तथा अन्तर-पुस्ता सीप हस्तान्तरण कार्यक्रम सञ्चालनमा छन् ।

कोशी प्रदेशको सामाजिक विकास मन्त्रालयमा ८ वटा वृद्धाश्रम र ४७ वटा दिवा सेवा केन्द्र सूचीकृत भएका छन् । मोरङको ग्रामथान गाउँपालिकामा ज्येष्ठ नागरिक ग्राम निर्माणका लागि प्रक्रिया अघि बढाइएको छ ।

### २. समस्या तथा चुनौती

परिवारबाट बिछोडिएका ज्येष्ठ नागरिकका लागि आश्रय स्थल पर्याप्त नहुनु, ज्येष्ठ नागरिकको ज्ञान सीप उपयोग तथा पुस्तान्तरणमा कमी हुनु, एकल परिवारको वृद्धि तथा प्राविधिक ज्ञानको अभावले ज्येष्ठ नागरिकको एकाङ्कीपनमा वृद्धि हुनु, महामारीको कारणले ज्येष्ठ नागरिकमा मनोरोगको वृद्धि हुनु आदि प्रमुख समस्या हुन् ।

ज्येष्ठ नागरिकको विषयगत ज्ञान, सीप, क्षमता र अनुभवको अधिकतम सदुपयोग गर्नु, सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रमको नियमन र समन्वय गर्नु, ज्येष्ठ नागरिक ग्राम तथा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्रको बिस्तार गर्नु, ज्येष्ठ नागरिकको लागि काम गर्ने संस्थालाई प्रदान गरिने अनुदानको मापदण्डलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नु, प्रदेशका १४ जिल्लामा सञ्चालित वृद्धाश्रमको प्रभावकारी अनुगमन गर्नु, ज्येष्ठ नागरिकलाई मनोपरामर्श सेवा उपलब्ध गराउनु, ज्येष्ठ नागरिकलाई प्रविधिसँग आबद्ध गराउनु आदि प्रमुख चुनौती हुन् ।

## ३. क्षेत्रगत सोच

ज्येष्ठ नागरिकको सम्मानः विवेकी समाजको निर्माण ।

## ४. उद्देश्य

ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवको सदुपयोग गर्दै उनीहरूको सम्मानजनक जीवनयापनको व्यवस्था हुने ।

## ५. रणनीति

क. ज्येष्ठ नागरिकको अनुभव, ज्ञान र सीपलाई सामाजिक पुँजीको रूपमा उपयोग गर्ने ।

ख. ज्येष्ठ नागरिकको लागि सामाजिक सुरक्षा र मौलिक हक प्रत्याभूत गर्ने ।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | सुरक्षित र सम्मानजनक जीवनयापन गरिरहेका ज्येष्ठ नागरिक | प्रतिशत | | ४० | ४० | ५० | ५१ |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | स्थानीय तह अनुदान | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान |
| २०८०/८१ | ८८०० | ७००० | १००० | ८०० | ८८०० | - | - |
| २०८१/८२ | ९३०० | ७१०० | ११५० | १०५० | ९३०० | - | - |
| २०८२/८३ | ९७०० | ७४०० | १२०० | ११०० | ९७०० | - | - |

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | लागत र पुस्ट्याई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्ट्याई | |
| ३५०००१०५ | ज्येष्ठ नागरिक प्रवर्धन तथा संरक्षण कार्यक्रम | ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवको सदुपयोग गर्दै, सम्मानजनक जीवनयापन गर्ने/गराउने | सालबसाली | | | • आधुनिक ज्येष्ठ नागरिक ग्रामको स्थापना भएको हुने<br>• सबै स्थानीय तहमा ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना भई सञ्चालन भएको हुने<br>• ज्येष्ठ नागरिकमा भएको ज्ञान, सीप र अनुभवलाई प्रदेश र स्थानीय तहको विकासमा उपयोग गरिएको हुने<br>• ज्येष्ठ नागरिक मैत्री सार्वजनिक पूर्वाधारको लागि मापदण्ड बनेको हुने |

### ९. जोखिम पक्ष तथा अनुमान

कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा तोकिए बमोजिम बजेटको अभाव र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको कमी हुन सक्ने भई तोकिएको लक्ष्य हासिल गर्न नसकिने आदि अनुमान गरिएको छ ।

## ६.६ अपाङ्गता भएका व्यक्ति

### १. पृष्ठभूमि

अपाङ्गता भएका व्यक्तिलाई सम्मानजनक एवं स्वावलम्बी जीवनयापनका अवसर सृजना गर्नु लोककल्याणकारी राज्यको मान्यता हुन्छ । अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि, २००६ र नेपालको संविधानले अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचानसहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक स्थापित गरेको छ ।राष्ट्रिय जनगणना, २०७८ अनुसार कोशी प्रदेशका कुल जनसंख्या मध्ये कुनै न कुनै अपाङ्गता भएको जनसंख्या २.४ प्रतिशत रहेको छ। प्रदेश सरकारको अर्थ सम्बन्धी व्यवस्था गर्न बनेको आर्थिक ऐन, २०७९ मा अपाङ्गता भएका व्यक्तिलाई घरजग्गा रजिस्ट्रेसन शुल्कमा २५ प्रतिशत छुट दिने व्यवस्था गरेको छ । साथै अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने सवारीसाधन खरिदमा कर नलाग्ने व्यवस्था गरेको छ । कोशी प्रदेशमा आ.व २०७९/८० सम्ममा ७९ वटा स्थानीय तहमा अपाङ्गता रोकथाम तथा पुनर्स्थापना केन्द्र सञ्चालनमा आएका छन् ।

### २. समस्या तथा चुनौती

अपाङ्गता भएका व्यक्तिको आर्थिक अवस्था सुधार हुन नसक्नु, अपाङ्गता भएका व्यक्तिको लागि सीपमूलक तालिम न्यून रहनु, मानसिक एवं बौद्धिक अपाङ्गता भएका व्यक्तिको क्षमता विकासका लागि कार्यक्रम न्यून रहनु आदि प्रमुख समस्या हुन् ।

अपाङ्गमैत्री भौतिक संरचना बनाउनु, अपाङ्गता सम्बन्धी काम गर्ने संस्थालाई दुर्गम क्षेत्रमा परिचालन गर्नु, अपाङ्गता प्रतिको सामाजिक दृष्टिकोणमा परिवर्तन ल्याउनु, अपाङ्गता भएका व्यक्तिलाई आर्थिक रूपमा आत्मनिर्भर बनाउनु, अपाङ्गता भएका व्यक्तिको सम्मानित जीवन बाँच्ने अधिकार सुनिश्चित गर्नु आदि प्रमुख चुनौती हुन् ।

## ३. क्षेत्रगत सोच

अपाङ्गता भएका व्यक्तिको सम्मानः समावेशी समाजको पहिचान ।

## ४. उद्देश्य

क. सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई राज्यद्वारा प्रदान गरिएको सेवा सुविधामा समतामूलक पहुँच बढाउनु ।

ख. अपाङ्गता भएका व्यक्तिको आर्थिक-सामाजिक सशक्तिकरण गर्नु ।

## ५. रणनीति

क. पूर्वाधार एवं सेवा प्रवाह गर्ने निकायलाई अपाङ्गमैत्री बनाई पहुँच बढाउने ।

ख. अपाङ्गता भएका व्यक्तिको लागि रोजगारी, उद्यमशीलता तथा स्वरोजगारका अवसर प्राप्त हुने वातावरण सृजना गर्ने ।

ग. पूर्ण अशक्त र अति अशक्त अपाङ्गता भएका व्यक्तिको जीवन सहज, सम्मानित र सुरक्षित बनाउने ।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | अपाङ्गता भएका व्यक्तिहरूको आत्मनिर्भर स्वावलम्बी र सम्मानजनकजीवनयापन हुने | प्रतिशत | | १० | १० | १५ | २० |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | स्थानीय तह अनुदान | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान |
| २०८०/८१ | ११४९५० | ५४६०० | - | ६०३५० | ११४९५० | - | - |
| २०८१/८२ | १२६४४५ | ६००६० | - | ६६३८५ | १२६४४५ | - | - |
| २०८२/८३ | १३९०९० | ६६०६६ | - | ७३०२४ | १३९०९० | - | - |

### ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी. नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | लागत र पुस्ट्याई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्ट्याई | |
| ३५०००१०४ | अपाङ्गता व्यवस्थापन तथा सशक्तीकरण कार्यक्रम | सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई राज्यद्वारा प्रदान गरिएका सेवा सुविधामा समतामूलक पहुँच बढाई उनीहरूको आर्थिक तथा सामाजिक सशक्तिकरण | सालबसाली | | | • प्रदेशका सबै सार्वजनिक निकायमा अपाङ्गमैत्री भौतिक संरचनाको निर्माण भएको हुनेछ<br>• अपाङ्ग पुनर्स्थापना ग्राम पूर्ण रूपमा स्थापना भई सञ्चालनमा आएको हुनेछ<br>• सीपमूलक तालिमप्राप्त गरी ६० जना अपाङ्गता भएका व्यक्तिले व्यवसाय गरेका हुनेछन् |

### ९. जोखिम पक्ष तथा अनुमान

कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा तोकिए बमोजिम बजेटको अभाव र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको कमी हुन सक्ने भई तोकिएको लक्ष्य हासिल गर्न नसकिने आदि अनुमान गरिएको छ ।

## ६.७ बालबालिका तथा किशोर किशोरी

### १. पृष्ठभूमि

बालबालिका तथा किशोर किशोरीको लागि बाल बचावट, संरक्षण, सहभागिता र विकाससम्बन्धी विषय महत्त्वपूर्ण हुन् । संविधानले बाल अधिकार मौलिक हकको रूपमा व्यवस्थित गरेको छ । नेपालद्वारा बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि, १९८९ को अनुमोदन समेत भएको अवस्था छ । प्रदेशमा १८ वर्ष सम्मका बालबालिकाको सङ्ख्या जम्मा १५ लाख ७४ हजार ३९ (३१.७३%) रहेको छ । त्यसैगरी १० देखि १९ वर्ष सम्मका किशोर किशोरी २४.१ प्रतिशत छन् । प्रदेशमा बालश्रम ३७.४ प्रतिशत रहेको छ । प्रदेशमा बालबिज्याइँमा परेका बालबालिकाका लागि बाल सुधार गृह, बाल हेल्पलाइन तथा निःशुल्क टेलिफोन सेवा सञ्चालनमा छन् ।

### २. समस्या तथा चुनौती

बालबालिका तथा किशोर किशोरीको संवेदनशीलता अनुभूत गरी कार्यक्रम तर्जुमा एवं कार्यान्वयन हुन नसक्नु, बाल बचावट संरक्षण, सहभागिता र विकास सम्बन्धी विभिन्न कार्यक्रम प्रभावकारी नहुनु, हराएका बालबालिकाको उद्धार गर्न प्रभावकारी संयन्त्र नहुनु, संरक्षण विहीन बालबालिकाको सूचना तथा तथ्याङ्क नहुनु, बालबालिकासँग सम्बन्धित निर्णय प्रक्रियामा तिनको अर्थपूर्ण सहभागिता नहुनु, बालबालिकालाई सुरक्षित रूपमा हुर्काउने सन्दर्भमा अभिभावकमा चेतना नहुनु आदि प्रमुख समस्या हुन् ।

आधारभूत अधिकार उपभोग गर्न सक्ने वातावरण तयार गर्नु, सम्बन्धित निकाय बिच बालबालिका र किशोर किशोरीसम्बन्धी कार्यक्रममा समन्वय ल्याउनु, बाल न्यायप्रणाली तथा बालमैत्री पद्धतिलाई व्यवहारमा उतार्नु, खुल्ला सिमानाका कारण बालबालिका भारतका विभिन्न शहरमा बेचिने कार्य नियन्त्रण गर्नु, हराएका बालबालिकाको उद्धार कार्यमा प्रभावकारिता ल्याउनु, अनाथ असहाय बालबालिकाको विकास र संरक्षण प्रभावकारी बनाउनु, बालबालिकालाई परित्याग गर्ने कार्य नियन्त्रण गर्नु, लागुऔषध दुर्व्यसनी र अवैध कार्यमा बालबालिका तथा किशोर किशोरीको प्रयोग रोक्नु, बालिका तथा किशोरीमाथि हुने हिंसा एवं परम्परागत हानिकारक प्रचलनलाई पूर्ण रूपमा नियन्त्रण गर्नु, बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्नु, बाल हेल्पलाइन तथा बालबालिका खोजतलास र समन्वय केन्द्रको प्रभावकारी व्यवस्थापन गर्नु, नवजात शिशुको लागि सघन उपचार सेवा विस्तार गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ३. क्षेत्रगत सोच

सर्वाङ्गीण बाल विकास : सक्षम नागरिकको मूल आधार ।

### ४. उद्देश्य

क. बालबालिका र किशोर किशोरीको समग्र अधिकारको संरक्षण र प्रवर्द्धन गरी बालमैत्री प्रदेशको स्थापना गर्नु ।

ख. बालबालिका र किशोर किशोरी उपर हुने सबै प्रकारका भेदभाव, शोषण, हिंसा, उपेक्षा र दुर्व्यवहारको अन्त्य गर्नु ।

### ५. रणनीति

क. बाल बचावट, संरक्षण, सहभागिता र विकासका सबै विषय समावेश गरी नीतिगत, संस्थागत र कार्यगत व्यवस्था गर्ने ।

ख. सामाजिक चेतना अभिवृद्धि एवं शिक्षामा पहुँच स्थापित गरी बालबालिकाको सर्वोत्तम विकासमा जोड दिने।

### ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | मानव बेचविखन नियन्त्रणमा स्थानीय तहसँग सहकार्य | स्थानीयतह | | - | १० | १५ | २० |
| २ | जीवनकालमा शारीरिक, मानसिक वा यौन हिंसाबाट पीडित महिला | प्रतिशत | | - | २१.६ | २०.० | १८.० |
| ३ | बाल श्रम सहभागिता दर | प्रतिशत | १७.६ | १७.६ | १७.६ | १६ | १५.५ |
| ४ | बालबालिकाको जन्म दर्ता | प्रतिशत | ७१ | ७५ | ७८ | ८० | ८४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | विद्यालय बाहिर रहेको बालबालिकाप्रतिशत | प्रतिशत | ६.५ | ४ | ३.५ | ३ | २.५ |
| ६ | तलव/ज्याला पाउने काममा संलग्न बालबालिका (१८ वर्ष मुनी) | प्रतिशत | ५.१४ | ५.१४ | ५.१४ | ४ | ४ |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | स्थानीय तह अनुदान | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान |
| २०८०/८१ | ३५७५६ | ११४३१ | २९५० | २१३७५ | ३२८०६ | २९५० | - |
| २०८१/८२ | ३८२६३ | १२५७४ | ३२४५ | २२४४४ | ३५०१८ | ३२४५ | - |
| २०८२/८३ | ४०४०३ | १३२०३ | ३६३४ | २३५६६ | ३६७६९ | ३६३४ | - |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | लागत र पुस्ट्याई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्ट्याई | |
| ३५०००१०८ | दीर्घकालीन पुनर्स्थापना गृह सेवा सञ्चालन कार्यक्रम | हिंसापीडित महिला र बालिकाको संरक्षण, पुनर्स्थापना र सशक्तीकरण | सालबसाली | | | • हिंसा पीडित महिला र बालिकाको संरक्षण भएको हुने<br>• संरक्षित महिलालाई सीपमूलक तालिम प्रदान गरी उनीहरूको आर्थिक सशक्तीकरण भएको हुने |

## ९. जोखिम पक्ष तथा अनुमान

कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा तोकिए बमोजिम बजेटको अभाव र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको कमी हुन सक्ने भई तोकिएको लक्ष्य हासिल गर्न नसकिने आदि अनुमान गरिएको छ ।

# ६.८ युवा तथा खेलकुद

## १. पृष्ठभूमि

साहस, सिर्जनशीलता, सिक्ने क्षमता एवं उच्च आत्मविश्वासका कारण युवा वर्गलाई राष्ट्र निर्माणको प्रमुख स्रोत मानिन्छ । युवालाई राजनीतिक आर्थिक सामाजिक र सांस्कृतिक रूपान्तरणका अग्रदूत तथा परिवर्तनका सम्वाहक शक्तिका रूपमा लिन सकिन्छ । नेपालमा १६ देखि ४० वर्ष उमेर समूहको जनसङ्ख्या कुल

जनसङ्ख्याको ४१.६७ प्रतिशत रहेको छ । संविधानमा राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, आर्थिक-सामाजिक र सांस्कृतिक अधिकारको पूर्ण उपयोगको वातावरण सिर्जना गर्ने तथा राज्यको सर्वाङ्गीण विकासमा योगदान गर्न स्वस्थ्य, सक्षम र अनुशासित नागरिक तयार गर्न उपयुक्त अवसर प्रदान गर्ने कुराको उल्लेख छ ।

प्रदेशको कार्यक्षेत्रमा मुख्यतः युवा तथा खेलकुद सम्बन्धी नीति, कानून तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकुद पूर्वाधार विकास, खेलकुद प्रशासन र संघ-संस्थाको समन्वय र नियमन, राष्ट्रिय तथा प्रादेशिक खेलकुद प्रतियोगिताको आयोजना र सहभागिता रहेको छ ।

प्रदेशमा युवा बेरोजगारी ३५.८ प्रतिशत रहेको छ । शिक्षा, तालिम र रोजगारीबाट विमुख भएको जनसङ्ख्या ३७.३ प्रतिशत रहेको छ । यसैगरी पोखरामा सम्पन्न राष्ट्रिय खेलकुदमा १० जनाले स्वर्ण पदक, २३ जनाले रजत र ५३ जनाले कांस्य पदक प्राप्त गरेका छन् । प्रदेशभित्रका जिल्ला सदरमुकाम रहेका स्थानीय तहमा १४ वटा खुल्ला व्यामशाला, ६१ वटा खेल मैदान र १२ वटा कवर्डहल निर्माण तथा क्रमागत कार्यक्रम कार्यान्वयनमा रहेका छन् ।

## २. समस्या तथा चुनौती

युवा तथा खेलकुद सम्बन्धी संस्थागत संरचना कमजोर हुनु, युवा लक्षित उद्यमशील र रोजगारीका अवसर विस्तार नहुनु, शिक्षा प्रणालीमा युवा क्षमता र सिर्जनशीलतालाई सम्बोधन गर्न नसक्नु, युवा तथा खेलकुद सम्बन्धी संस्थागत संरचना कमजोर हुनु, खेलकुद क्षेत्रको विकासमा व्यवहारिक महत्त्व बोध नहुनु आदि प्रमुख समस्या हुन् ।

मध्यम र उच्च शिक्षा प्राप्त गरेका युवा विदेश पलायन हुने प्रवृत्ति रोक्नु, सामाजिक र आर्थिक सेवामा युवाको पहुँच वृद्धि गर्नु, व्यावहारिक र व्यावसायिक शिक्षा सर्वसुलभ रूपमा उपलब्ध गराउनु, युवाको क्षमता अभिवृद्धि गरी स्वदेशमा रोजगारी र स्वरोजगारको व्यवस्था गर्नु, सामाजिक र आर्थिक रूपान्तरणमा युवा परिचालन गर्नु, प्रदेशस्तरमा पर्याप्त खेलकुद तथा पूर्वाधारको विकास, निर्माण, स्तरोन्नति, खेलकुद प्रतियोगिताको आयोजना तथा सहभागिता गराउनु, खेलकुदलाई रोजगारमूलक व्यवसायको रूपमा स्थापित गर्नु, युवा सशक्तिकरणका लागि कार्यक्रमको प्रभावकारी सञ्चालन गर्नु, साहसिक खेलकुदको व्यवस्थित विकास गर्नु आदि प्रमुख चुनौती हुन् ।

## ३. क्षेत्रगत सोच

पौरखी युवा, सिर्जनशील नेतृत्व : समृद्ध प्रदेश, सुखी अभिभावकत्व ।

## ४. उद्देश्य

क. युवा प्रतिभा विकास तथा उद्यमशीलता एवं स्वरोजगारका अवसर सृजना गर्नु ।

ख. सबैका लागि खेलकुदको अवधारणा अनुरूप खेलकुद क्षेत्रलाई अनुशासित र मर्यादित बनाउँदै युवालाई खेलकुदको अवसर प्रदान गर्नु ।

## ५. रणनीति

क. युवा क्षमता विकास र परिचालन गरी आर्थिक-सामाजिक क्षेत्रमा संलग्नता बढाउने ।

ख. खेलकुद मार्फत स्वस्थ, सिर्जनशील, अनुशासित र मर्यादित युवाशक्तिको विकास गर्ने ।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | व्यवस्थित खेल मैदान र रङ्गशालाको स्तरीकरण र निर्माण | संख्या | १५५ | २०० | २२० | २३० | २४० |
| २ | खेलकुद प्रशिक्षण | खेलाडी संख्या | ० | ० | ५० | १०० | २०० |
| ३ | खेलकुदको व्यवसायीकरण | खेलाडी संख्या | ० | ० | ४५ | ९० | १३० |
| ४ | साहसिक खेलकुद | प्रकार | ० | ० | ५ | ८ | १२ |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | स्थानीय तह अनुदान | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान |
| २०८०/८१ | ३००००० | ११३२०० | २६००० | १६३८०० | - | - | - |
| २०८१/८२ | ३२१९६० | १२४५२० | २८६०० | १७२३४० | - | - | - |
| २०८२/८३ | ३४००६० | १३०७४६ | ३२०३२ | १८१२८२ | - | - | - |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | लागत र पुस्ट्याई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्ट्याई | |
| ३५०००१०७ | युवा तथा खेलकुद कार्यक्रम | प्रदेशभित्र स्तरीय खेलमैदान तथा रङ्गशाला निर्माण तथा खेल सञ्चालन | सालबसाली | | | सबै स्थानीय तहमा खेलमैदान भएको, जिल्ला स्तरीय रङ्गशालाको निर्माण भएको, स्वावलम्बी र आत्मनिर्भर युवा जनशक्तिको निर्माण भएको हुने |

## ९. जोखिम पक्ष तथा अनुमान

कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा तोकिए बमोजिम बजेटको अभाव र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको कमी हुन सक्ने भई तोकिएको लक्ष्य हासिल गर्न नसकिने आदि अनुमान गरिएको छ ।

## ६.९ गैरसरकारी क्षेत्र

### १. पृष्ठभूमि

सरकारी र निजी क्षेत्र पुग्न नसकेका क्षेत्रको आर्थिक-सामाजिक विकासमा गैरसरकारी क्षेत्रको महत्त्वपूर्ण योगदान रहन्छ । सामुदायिक तथा राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाको लगानी र भूमिकालाई जबाफदेही र पारदर्शी बनाउँदै त्यसता संस्थालाई एक द्वार प्रणालीमा आबद्ध गर्दै राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा संलग्न गराउने राज्यको नीति रहेको छ। प्रदेशमा सामाजिक विकास संस्था ऐन, २०७५ र सामाजिक विकास संस्था नियमावली, २०७५ कार्यान्वयनमा रहेको छ। यस्तै अन्तर्राष्ट्रिय विकास सहायता समन्वय तथा परिचालन सम्बन्धी कार्यविधि, २०७८ प्रदेश सरकारबाट स्वीकृत भई कार्यान्वयनमा रहेको छ। सो कार्यविधि अनुसार अन्तर्राष्ट्रिय विकास सहायता परिचालन गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको बजेट तथा कार्यक्रमलाई प्रदेशको बजेटमा समावेश गर्ने र सोको प्रतिवेदन प्राप्त गर्ने गरी विद्युतीय पोर्टल निर्माणको कार्य अघि बढाइएको छ।

### २. समस्या तथा चुनौती

गैरसरकारी संस्थाको प्रदेश सरकारसँग समन्वयको कमी हुनु, गैरसरकारी संस्थाको कार्य प्रगति उपलब्ध नहुनु, समाज कल्याण परिषदसँग समन्वय कमजोर हुनु, कतिपय गैरसरकारी क्षेत्रको कार्यक्रम तथा खर्च पारदर्शी नहुनु, गैरसरकारी संस्थाको कार्यक्रम प्रदेश सरकारको वार्षिक कार्यक्रममा आबद्ध नहुनु आदि प्रमुख समस्या हुन् ।

प्रदेश सरकारका प्राथमिकताका क्षेत्रमा गैरसरकारी संस्थाको परिचालन गर्नु, गैरसरकारी संस्थाको समन्वय प्रभावकारी बनाउनु, गैरसरकारी संस्थाका कार्यक्रमलाई प्रदेश वार्षिक कार्यक्रममा आबद्ध गर्नु, गैरसरकारी संस्थाको चालु खर्चलाई सीमामा राखी कार्यक्रम खर्चमा वृद्धि गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ३. क्षेत्रगत सोच

गैरसरकारी संस्थाको परिचालन : सामाजिक रूपान्तरणमा सहजीकरण ।

### ४. उद्देश्य

गैरसरकारी संस्थालाई आर्थिक-सामाजिक विकासमा प्रभावकारी ढङ्गले परिचालन गर्नु ।

### ५. रणनीति

गैरसरकारी संस्थालाई विकासका प्राथमिकता क्षेत्रमा प्रभावकारी परिचालन एवं नियमन गर्ने ।

### ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | सामाजिक विकास मन्त्रालयमा दर्ता भएका गैरसरकारी संस्था | संख्या | ३४ | ४० | ४५ | ५२ | ५८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | सामाजिक विकास मन्त्रालयमा सूचीकृत गैरसरकारी संस्था | संख्या | १७० | १८५ | १९४ | २०४ | २३२ |
| ३ | गैरसरकारी संस्थासँग समीक्षा गोष्ठी/अन्तरक्रिया | संख्या | २ | २ | २ | २ | २ |
| ४ | गैरसरकारी संस्थाका कार्यको अनुगमन | संख्या | ५ | ८ | १५ | २१ | २७ |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | स्थानीय तह अनुदान | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान |
| २०८०/८१ | ३५०० | ३५०० | - | - | ३५०० | - | - |
| २०८१/८२ | ३८५० | ३८५० | - | - | ३८५० | - | - |
| २०८२/८३ | ४२३५ | ४२३५ | - | - | ४२३५ | - | - |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | लागत र पुस्टयाई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्टयाई | |
| | गैरसरकारी संस्थाको अभिलेखसम्बन्धी विद्युतीय पोर्टल निर्माण | गैरसरकारी संस्थाको दर्ता/सूचीकृत तथा आबद्धता, बजेट तथा कार्यक्रम र प्रतिवेदनलाई व्यवस्थित बनाउनु | सालबसाली | | | प्रदेशमा रहेका सबै गैरसरकारी संस्थाको विवरण अद्यावधिक भएको हुने |
| | गैरसरकारी संस्थासँग अन्तरक्रिया | गैरसरकारी संस्थाको कार्यक्रम सञ्चालनमा समन्वय र सहजीकरण गर्नु | सालबसाली | | | प्रत्येक अर्ध-वार्षिक अवधिमा समीक्षा भएको हुने |

## ९. जोखिम पक्ष तथा अनुमान

गैरसरकारी संस्थाको अभिलेखलाई अनलाइन पोर्टलमा प्रविष्टि गरेपछि विवरण अद्यावधिक र नियमन गर्न सहज हुनेअपेक्षा गरिएको छ। सबै गैरसरकारी संस्थाको विवरण अद्यावधिक नहुने र समाजकल्याण परिषदमा र प्रदेशको सामाजिक विकास मन्त्रालयमा हुने सूचीकृत वा आबद्धतामा दोहोरोपन हुनसक्ने जोखिम अनुमान गरिएको छ।

## ६.१० विज्ञान तथा प्रविधि

### १. पृष्ठभूमि

वर्तमान युग विज्ञान प्रविधिको युग हो । विज्ञान प्रविधिको विकास र उपयोग विना समृद्धिको परिकल्पना गर्न सकिन्न । संविधानले वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिवृद्धि गर्ने तथा वैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाको संरक्षण गर्ने नीति लिएको छ । नेपालमा विज्ञान तथा प्रविधि सम्बन्धी काम गर्ने धेरै संघ संस्था रहे पनि अनुसन्धान र विकासमा अपेक्षित प्रगति हुन सकेको छैन । पारम्परिक ज्ञान र प्रविधिको संरक्षण एवं आधुनिकीकरण गरी त्यसको पहिचान स्थापित गराउने कार्यमा पनि सोचे अनुरूप अनुसन्धान र प्रगति भएको देखिँदैन । परम्परागत प्रविधिको आधुनिकीकरण र नवीन प्रविधिको उपयोग गरी प्रदेश समृद्धिमा योगदान पुऱ्याउन प्रदेशले महत्त्वपूर्ण भूमिका खेल्नु पर्ने देखिन्छ ।

### २. समस्या तथा चुनौती

विज्ञान प्रविधि सम्बन्धी स्पष्ट नीतिगत व्यवस्थाको कमी, विज्ञान तथा प्राविधिक शिक्षाको कमी हुनु, परम्परागत ज्ञान सीप र पहिचान मासिँदै जानु, नविन अनुसन्धान र आविष्कारमा स्रोतको विनियोजन न्यून हुनु, उपलब्ध जनशक्तिको उपयोग हुन नसकि बौद्धिक पलायन हुनु आदि प्रमुख समस्या हुन् ।

जीवन उपयोगी प्राविधिक शिक्षाको विस्तार गर्नु, वैज्ञानिक अनुसन्धानमा आधारित शिक्षा प्रणाली विकास गर्नु, विकासलाई नव प्रविधिमा आबद्ध गर्नु, परम्परागत ज्ञान सीप र प्रविधिको संरक्षण र आधुनिकीकरण गर्नु आदि चुनौती हुन्।

### ३. क्षेत्रगत सोच

विज्ञान तथा प्रविधिको विकास : प्रदेशको समृद्धिमा योगदान ।

### ४. उद्देश्य

विज्ञान तथा प्रविधिको विकास, विस्तार र उपयोग क्षमता वृद्धि गर्नु ।

### ५. रणनीति

क. वैज्ञानिक अनुसन्धान, अन्वेषण र विकासलाई गतिशील बनाउन आवश्यक पर्ने पूर्वाधार र क्षमताको विकास गर्ने ।

ख. वैज्ञानिक खोज र अनुसन्धानबाट विकास गरिएका प्रविधिलाई प्रदेशको समृद्धिमा उपयोग गर्ने ।

ग. परम्परागत र स्थानीय प्रविधिको संरक्षण, संवर्द्धन र आधुनिकीकरण गर्ने ।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | उच्च शिक्षामा भर्ना दर | प्रतिशत | १२.४ | १२.८ | १३.२ | १३.५ | १४.१ |
| २ | उच्च तहको शैक्षिक अनुसन्धान केन्द्रको स्थापना | संख्या | १ | १ | २ | २ | २ |
| ३ | प्राविधिक विषयमा उच्च शिक्षा दिने शिक्षण संस्थाहरूलाई सहयोग | संख्या | १ | २ | ५ | ७ | ९ |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | स्थानीय तह अनुदान | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान |
| २०८०/८१ | ३१५०० | २१९०० | - | ९६०० | ३१५०० | - | - |
| २०८१/८२ | ३४१७० | २४०९० | - | १००८० | ३४१७० | - | - |
| २०८२/८३ | ३५८७९ | २५२९५ | - | १०५८४ | ३५८७९ | - | - |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | लागत र पुस्ट्याई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्ट्याई | |
| | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | प्राविधिक जनशक्ति तयार गर्नु | सालबसाली | ४६४४०० | | दक्ष र तालिम प्राप्त प्राविधिक जनशक्ति तयार भएको हुने |
| | प्राविधिक विद्यालयलाई अनुदान, शिक्षालयलाई प्रयोगशाला सुदृढीकरणका लागि अनुदान | सीपयुक्त जनशक्ति तयार गर्न र विज्ञान प्रविधिको प्रयोगात्मक शिक्षा प्रदान गर्न सहयोग पुऱ्याउनु | सालबसाली | १८२०० | | स्वदेशमा प्राविधिक शिक्षा हासिल गर्ने अवसर उपलब्ध हुने |
| | मनमोहन प्राविधिक विश्वविद्यालयलाई अनुदान | उच्चस्तरीय प्राविधिक जनशक्ति तयार गर्नु | सालबसाली | २२११२५ | | उच्चस्तरीय प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीको संख्यामा उल्लेखनीय वृद्धि हुने |

## ९. जोखिम पक्ष तथा अनुमान

कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा तोकिए बमोजिम बजेटको अभाव र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको कमी हुन सक्ने भई तोकिएको लक्ष्य हासिल गर्न नसकिने आदि अनुमान गरिएको छ ।

## ६.११ श्रम तथा रोजगार

### १. पृष्ठभूमि

संविधानले रोजगारीको हकको सुनिश्चितता प्रदान गर्नका साथै नीतिमा श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारीको अभिवृद्धि गर्ने, सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने, बालश्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने, सुमधुर श्रम सम्बन्ध, वैदेशिक रोजगारीलाई शोषणरहित, सुरक्षित र व्यवस्थित गर्ने तथा वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा प्रयोग गर्न प्रोत्साहन गर्ने नीति लिएको छ ।

दिगो विकासका लक्ष्यले उत्पादनशील रोजगारी र सबैका लागि सम्मानजनक काम उपलब्ध गराउनु पर्ने लक्ष्य तोकेको छ । सन् २०३० सम्ममा बालश्रम उन्मूलन र अर्ध-बेरोजगारी दर १० प्रतिशतभन्दा तल झार्ने लक्ष्य लिएको छ ।

यस प्रदेशमा वैदेशिक रोजगारीमा जाने सङ्ख्याको अनुपात कूल वैदेशिक रोजगारीको १५.६ प्रतिशत रहेको छ। वैदेशिक रोजगारीमा जाने अधिक सङ्ख्याका १० जिल्ला मध्ये यस प्रदेशमा तीन जिल्ला (झापा, मोरङ र सुनसरी) पर्दछन् । वैदेशिक रोजगारीमा जाने महिलाको सङ्ख्या अधिकतम भएका १० जिल्ला मध्ये चार वटा (झापा, मोरङ, इलाम र सुनसरी) यस प्रदेशमा पर्दछन् ।

### २. समस्या तथा चुनौती

रोजगारी सम्बन्धी सूचना सहजरूपले उपलब्ध नहुनु, श्रम बजार औपचारिक र व्यवस्थित भई नसक्नु, श्रम बजारमा भइरहेको परिवर्तन र श्रम माग तथा आपूर्तिको सम्बन्धमा नियमित अध्ययन नहुनु, रोजगार केन्द्र प्रभावकारी हुन नसक्नु, श्रम बजारमा सीपयुक्त जनशक्ति न्यून रहनु, ज्यालामा लैङ्गिक असमानता र बाल श्रमको विद्यमानता रहनु, सीपको महत्त्वसम्बन्धी चेतनाको कमी हुनु, पर्याप्त मात्रामा आन्तरिक रोजगारी सृजना हुन नसक्नु, अधिकांश जनशक्ति अनौपचारिक क्षेत्रमा संलग्न रहनु, महामारीका कारण रोजगारविहिन जनसङ्ख्या वृद्धि हुनु आदि प्रमुख समस्या हुन् ।

श्रम बजारलाई व्यवस्थित र औपचारिक बनाउनु, रोजगारको क्षेत्र र मागको अद्यावधिक तथ्याङ्क सङ्कलन र विश्लेषण गर्नु, माग अनुसार रोजगारका निम्ति आवश्यक सीप र दक्षता अभिवृद्धि गर्ने संस्थागत व्यवस्था मिलाउनु, वैदेशिक रोजगारलाई सीपयुक्त र शोषण रहित बनाउनु, प्रदेश भित्रै रोजगारका अवसर सृजना एवं विस्तार गर्नु; वैदेशिक रोजगारबाट फर्केका युवालाईउद्यम र रोजगारका अवसर प्रदान गरी बाध्यात्मक वैदेशिक रोजगारको अन्त्य गर्नु, वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिलाई रोजगार तथा स्वरोजगारमा आबद्ध गर्नु, नेपाल सरकारबाट सञ्चालित कृषि तथा व्यवसायमा प्रदान गरिने सहुलियत कर्जाको प्रभावकारी कार्यान्वयन गर्नु, परम्परागत श्रम, सीप, ज्ञान र प्रविधिको उपयोग गरी रोजगारी सृजना गर्नु, असङ्गठित क्षेत्रका श्रमिकहरूको हक-हित र अभिलेखको लागि श्रमिक पञ्जीकरणको प्रभावकारी कार्यान्वयन गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ३. क्षेत्रगत सोच

श्रमको सम्मान, प्रदेशको पहिचानः पूर्ण रोजगारी, समुन्नतिको आधार ।

## ४. उद्देश्य

क. दक्ष, सीपयुक्त र उत्पादनशील मानव संसाधनको विकास गरी स्वरोजगारका अवसर सृजना गर्नु ।

ख. श्रमिकको हक-हित संरक्षण गर्दै रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा वृद्धि गर्नु ।

ग. वैदेशिक रोजगारी बढी लाभदायक बनाउनु ।

## ५. रणनीति

क. मानव संसाधन विकास गरी रोजगारीका अवसर सृजना गर्ने ।

ख. सीप तथा व्यावसायिक तालिमका अवसरको विकास एवं विस्तार गर्दै अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने श्रम शक्तिको उत्पादन गर्ने ।

ग. श्रमिकको हक अधिकारको संरक्षण तथा असल श्रम सम्बन्ध स्थापना गर्ने ।

घ. वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउँदै लाभलाई अधिकतम बनाउने ।

## ६.विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | बेरोजगारी दर | प्रतिशत | १०.२ | ९.८ | ९.५ | ९.२ | ९.० |
| २ | श्रम सहभागिता दर | प्रतिशत | ३७.८ | ३८.२ | ३९.१ | ३९.८ | ४०.२ |
| ३ | श्रमको उत्पादकत्व | रु. हजारमा | १८९.५ | २०८.३ | २२७.० | २४५.० | २८३.३ |
| ४ | रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा | प्रतिशत | ३६.७ | ३८.९ | ४१.२ | ४३.७ | ४६.३ |
| ५ | वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषण | रु. अर्ब | १५३ | १८९ | २०८ | २२७ | २४९ |
| ६ | रोजगारमूलक तालिम | जना वार्षिक हजारमा | ५ | ५ | ६ | ६.५ | ८ |
| ७ | युवा स्वरोजगार तालिम | जना वार्षिक हजारमा | १० | १० | १० | १० | १० |
| ८ | रोजगार आम्दानीमा लैङ्गिक असमानता | अनुपात | ०.६६ | ०.७२ | ०.७८ | ०.८५ | ०.९० |
| ९ | श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा सहभागिता | संख्या | ३३९२१ | ३८३८८ | ४२३०८ | ४५६८० | ५०६८४ |
| १० | पूर्व अभिमुखीकरण | प्रतिशत | ४० | ४५ | ५० | ५५ | ६० |

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| | तालिम प्राप्त गर्ने व्यक्ति | | | | | | |
| ११ | सीपमूलक तालिम प्राप्त गर्ने व्यक्ति | प्रतिशत | १९ | २२ | २५ | ३२ | ३५ |
| १२ | सीप प्रमाणीकरण गर्ने संस्था | संख्या | ४ | ४ | ५ | ६ | ७ |
| १३ | वित्तीय साक्षरता तालिम प्राप्त गर्ने व्यक्ति | प्रतिशत | १४ | १८ | २० | २५ | ३० |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | स्थानीय तह अनुदान | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान |
| २०८०/८१ | ६८७८४ | ६७५८४ | १२०० | ० | ६०६८४ | ५०० | |
| २०८१/८२ | ७५६६२ | ७४३४२ | १३२० | ० | ६६७५२ | ५५० | |
| २०८२/८३ | ८२४३८ | ८०९६० | १४७८ | ० | ७३०१७ | ५८९ | |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | लागत र पुस्त्याइ | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत (रु. हजारमा) | पुस्त्याई | |
| ३०७००१३३ | रोजगार प्रवर्द्धन कार्यक्रम | श्रम तथा रोजगारको क्षेत्रको विकासका लागि नीतिगत, कानूनी र संस्थागत सुधार गर्ने | सालबसाली | | | श्रम तथा रोजगारीका क्षेत्रसँग सम्बन्धित ऐन, नियम, निर्देशिका तथा कार्यविधिको निर्माण भई श्रम तथा रोजगारको क्षेत्रसँग सम्बन्धित लक्ष्य हासिल गर्न सहजीकरण भएको हुने |
| ३५०००१२३ | व्यावसायिक तथा सीप विकास केन्द्रहरू | उद्यमशीलता विकास गर्ने | सालबसाली | | | श्रम बजारमा दक्ष जनशक्ति उपलब्ध भएको हुने |

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | लागत र पुस्ट्याई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत (रु. हजारमा) | पुस्ट्याई | |
| ३०५०००१२४ | व्यावसायिक तथा सीप विकास केन्द्रहरू | | | | | |
| ३५०००१३३ | रोजगार सूचना केन्द्र | बेरोजगारहरूको लगत सङ्कलन गरी श्रम बजारमा बेरोजगारको स्थिति पहिचान गर्नु। रोजगारीका क्षेत्र तथा अवसर खोजी गर्नु | सालबसाली | | | रोजगारीका क्षेत्र तथा अवसर पहिचान भई बेरोजगारको संख्या घटेको हुने |
| | कोशी युवा स्वरोजगार तथा उद्यमशीलता विकास | उद्यमशीलता प्रवर्द्धन गरी बेरोजगार युवालाई स्वरोजगार बन्न प्रेरित गर्नु | सालबसाली | २०००० | | बेरोजगार युवाहरू स्वरोजगार बनी आर्थिक रूपमा सक्रिय भएको हुने |

### ९. जोखिम पक्ष तथा अनुमान

कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा तोकिए बमोजिम बजेटको अभाव र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको कमी हुन सक्ने भई तोकिएको लक्ष्य हासिल गर्न नसकिने आदि अनुमान गरिएको छ ।

## ६.१२ भाषा, कला, साहित्य, संस्कृति तथा सम्पदा संरक्षण

### १. पृष्ठभूमि

कला, भाषा, धर्म, संस्कृति, ऐतिहासिक सम्पदा, परोपकारी गुठी प्रणाली आदि नेपालको मौलिक राष्ट्रिय पहिचानहुन् । संविधानमा नेपाललाई बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्रका रूपमा परिभाषित गरेको छ । नेपालमा बोलिने सबै मातृभाषालाई राष्ट्र भाषाको रूपमा अवलम्बन गर्दै आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संवर्द्धन र संरक्षण गर्ने हक प्रदान गरेको छ । यसैगरी ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन र विकासका लागि अध्ययन अनुसन्धान, उत्खनन तथा प्रचार-प्रसार गर्ने, राष्ट्रिय सम्पदा, कला, साहित्य र सङ्गीतको विकासमा जोड दिने नीति अवलम्बन गरेको छ ।

प्रदेशमा नेपाली (३५.८६%), मैथिली (११.३७%), भोजपुरी (०.५३%), थारू (४.५३%), तामाङ (४.४६%), नेवारी (२.७७%), बाज्जिका (०.०१%), मगर (३.६९%) लगायत करिब १०० भन्दा बढी भाषा बोलिन्छन् । लिम्बू, राई, धिमाल, राजवंशी, सन्थाल र किसान लगायतका भाषा बोलिने मूल स्थान यही प्रदेश हो । प्रदेशमा

हिन्दु (६७.३७%), बौद्ध (८.७३%), इस्लाम (४.१९%), किराँत (१६.८३%), इसाई (२.३२%), प्रकृति (०.४५%), वोन (०.०४%), जैन (०.०२%), बहाई (०.००३%), शिख (०.००२%) लगायत करिब १२ भन्दा बढी धर्म मानिन्छन् । जातजाति, भाषा, भेष-भूषा, रहनसहनका मानिसको बसोबास रहेको यस प्रदेश ऐतिहासिक, पुरातात्त्विक र सांस्कृतिक दृष्टिले समृद्ध छ । विविध भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग एवं गुठी व्यवस्थापन प्रदेशको कार्यक्षेत्रभित्र पर्दछन् ।

## २. समस्या तथा चुनौती

मातृभाषा, साहित्य, सम्पदा, कला र संस्कृतिको सोध, खोज, अनुसन्धान र सर्वेक्षण तथा संरक्षणको कमि हुनु, भाषा, कला एवं संस्कृतिको क्षेत्रमा कार्यरत संघ-संस्था र सरकारका बिच प्रभावकारी सहकार्य हुन नसक्नु, मौलिक संस्कृतिलाई जगेर्ना गर्दै पुस्तान्तरण गर्न नसक्नु, राष्ट्रिय पहिचान र गौरवका रूपमा भाषा, संस्कृति, सम्पदा तथा साहित्यको विकास गर्न नसक्नु, स्वरोजगार, आय-आर्जन र स्थानीय विकासको स्रोतको रूपमा यसलाई प्रयोग गर्न नसक्नु, आमनागरिकमा मौलिक तथा स्वदेशी उत्पादन प्रति मोह घट्दै जानु आदि प्रमुख समस्या हुन् ।

विभिन्न मातृभाषा र लिपिको अभाव तथा मानकीकरणको समस्या समाधान गर्नु, लोपोन्मुख भाषा, कला साहित्य, संस्कृतिको तथा सम्पदा संरक्षण गर्नु, भाषा, कला साहित्य, संस्कृति तथा सम्पदा र आर्थिक सामाजिक विकासको अन्तरसम्बन्ध स्थापित गरी विकास निर्देशित गर्नु, बढ्दो शहरीकरणका कारण मूर्त र अमूर्त संस्कृति विनाश र परिवर्तन हुँदै जानु, विद्यालय तहदेखि नै भाषा, कला तथा संस्कृतिको संरक्षण र संवर्द्धनको व्यवस्था गर्नु, मौलिक परम्परागत लोक बाजाको संरक्षण र संवर्द्धन गर्नु आदि प्रमुख चुनौती हुन् ।

## ३. क्षेत्रगत सोच

बहुल सांस्कृतिक सम्पदाको संरक्षण र संवर्द्धन : सामाजिक न्यायपूर्ण प्रदेश ।

## ४. उद्देश्य

प्रदेशभित्रको भाषा, कला, साहित्य तथा सङ्गीत क्षेत्रको संवर्द्धन र विकास गरी धार्मिक, भाषिक र सांस्कृतिक एकता र सद्भाव कायम गर्नु ।

## ५. रणनीति

भाषा, लिपि, संस्कृति, कला तथा धार्मिक सम्पदाको संरक्षण र संवर्द्धन गर्ने ।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | धार्मिक, पुरातात्त्विक स्थलहरूको वृत्तचित्र निर्माण तथा प्रसारण | संख्या | ० | ३ | ५ | ८ | १० |
| २ | संग्रहालय स्थापना तथा सञ्चालन र | संख्या | १४ | १४ | १५ | १६ | १७ |

| | विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | पुरातात्त्विक स्थलको खोजतथा अनुसन्धान | संख्या | ० | १ | ३ | ५ | ७ |
| ४ | पुरातात्त्विक स्थलको अभिलेखीकरण | संख्या | २६ | ३२ | ३७ | ४२ | ४७ |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | स्थानीय तह अनुदान | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान |
| २०८०/८१ | ३३१०० | २७१०० | ४५०० | १५०० | ३३१०० | - | - |
| २०८१/८२ | ३६४१० | २९८१० | ४९५० | १६५० | ३६४१० | - | - |
| २०८२/८३ | ४००५१ | ३२७९१ | ५४४५ | १८१५ | ४००५१ | - | - |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | लागत र पुस्ट्याई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्ट्याई | |
| | भाषा, कला, संस्कृति तथा पुरातत्त्व संरक्षण एवं पुस्तकालय विकास कार्यक्रम | भाषा, कला, साहित्य तथा संस्कृतिको खोज, अध्ययन, अनुसन्धान, संरक्षण र प्रवर्द्धनगर्ने | | | | प्रदेशभित्र रहेका धार्मिक, सांस्कृतिक, पुरातात्त्विक तथा ऐतिहासिक स्थलको खोज, अध्ययन, अनुसन्धान, संरक्षण र प्रवर्द्धन भएको हुने |

## ९. जोखिम पक्ष तथा अनुमान

कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा तोकिए बमोजिम बजेटको अभाव र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको कमी हुन सक्ने भई तोकिएको लक्ष्य हासिल गर्न नसकिने आदि अनुमान गरिएको छ।

# परिच्छेद ७
# स्वास्थ्य मन्त्रालय

## ७.१ स्वास्थ्य तथा पोषण

### १. पृष्ठभूमि

स्वस्थ जीवन मानव विकास सूचकाङ्क (HDI) का तीन अवयव मध्ये एक मुख्य आधार हो । संविधानले स्वास्थ्यलाई मौलिक हकको रूपमा परिभाषित गर्दै आधारभूत स्वास्थ्य सेवा सम्पूर्ण नागरिकले निःशुल्क प्राप्त गर्ने, स्वास्थ्य उपचारको बारेमा जानकारी पाउने, स्वस्थ, स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँच, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक प्रत्याभूत गरेको छ । यसैगरी प्रदेश जनस्वास्थ्य ऐन, २०७७ जारी भई कार्यान्वयनमा रहेको छ । सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवर्द्धन गर्ने दिगो विकास लक्ष्य रहेको छ।कोशी प्रदेशको वार्षिक कुल बजेटको आधारमा स्वास्थ्य क्षेत्रको बजेट आ.व. २०८०/८१मा ८.५ प्रतिशत विनियोजन रहेको छ ।

प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा मानवीय स्वास्थ्य तथा सामाजिक क्रियाकलापको क्षेत्रबाट २ प्रतिशत योगदान रहेको छ ।प्रदेशमा अपेक्षित आयु ७१.८ वर्ष रहेको छ ।पाँच वर्षमुनिका पुड्कोपना भएका बालबालिकाको अंश २० प्रतिशत (राष्ट्रिय औसत २४.८%), पुड्कोपनाबाट अति प्रभावित बालबालिकाको अंश ४.३ प्रतिशत (राष्ट्रिय औसत ६%) छ ।पाँच वर्षमुनिका कम तौल भएका बालबालिकाको अंश १३ प्रतिशत (राष्ट्रिय औसत १८.७%) छ भने अति प्रभावित बालबालिकाको अंश १.७ प्रतिशत (राष्ट्रिय औसत ३.६%) देखिन्छ। ५ देखि ५९ महिना उमेर समूहका रक्तअल्पता भएका बालबालिकाको अंश ३३.९ प्रतिशत (राष्ट्रिय औसत ४३.९%) छ।प्रजनन उमेरका महिलामा हुने रक्त अल्पता (१५-४९ वर्ष) भएका महिलाको अंश २७.६ प्रतिशत (राष्ट्रिय औसत ३४%) रहेको छ।प्रदेशमा मातृमृत्युदर १५७ प्रति लाख जीवित जन्ममा (राष्ट्रिय औसत १५१जना प्रति लाख जीवित जन्ममा), संस्थागत सुत्केरी ८१.५ प्रतिशत, शिशु मृत्युदर र बाल मृत्युदर क्रमशः २८प्रतिशत र ३४ प्रतिशत प्रति हजार जीवित जन्ममा, नवजात शिशु मृत्युदर (जन्मेको २८ दिनभित्र) २० प्रति हजार जीवित जन्ममा, कुल प्रजनन दर २.२ रहेको छ।त्यस्तै परिवार नियोजनका आधुनिक साधनको प्रयोग दर ४४ प्रतिशत रहेको छ।

### २. समस्या तथा चुनौती

सन्तुलित आहार र स्वस्थ जीवनशैली प्रति अभ्यस्त नहुनु, पाँच वर्षमुनिका करिब आधा बालबालिका र प्रजनन उमेरका महिलामा न्यून पोषण र रक्तअल्पता रहनु, नसर्ने प्रकृतिका रोगको प्रकोप बढ्नु, सरुवा रोग जनस्वास्थ्य समस्याका रूपमा रहनु, ज्येष्ठ नागरिकको स्वास्थ्य बढी जोखिममा रहनु, वंशाणुगत तथा जन्मजात रोग, वातावरणीय स्वास्थ्य, युवा किशोर-किशोरीको यौन तथा प्रजनन स्वास्थ्यको सम्बोधन नहुनु, जलवायु प्रदूषण, खाद्य असुरक्षा तथा प्राकृतिक विपदले सृजना हुने स्वास्थ्यमा बढ्दो खतरा हुनु, आम नागरिकले सरल र सहज स्वास्थ्य सेवा प्राप्त गर्न नसक्नु, निरोधात्मक (Preventative) र उपचारात्मक (Curative) स्वास्थ्य पद्धति प्रति सन्तुलित सचेतनाको अभाव हुनु, दुर्गम/ग्रामीण क्षेत्रका नागरिकमा स्वास्थ्य सेवाको अभाव हुनु आदि प्रमुख समस्या हुन् ।

आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्नु, गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु, आयुर्वेद तथा वैकल्पिक स्वास्थ्य प्रणालीलाई स्वास्थ्य सेवाको मूल प्रवाहमा एकीकरण गर्नु, निजी क्षेत्रका स्वास्थ्य संस्थाको नियमन गर्नु तथा स्वास्थ्य सेवा शुल्क आम नागरिकको पहुँचमा राख्नु, स्वास्थ्यसम्बन्धी जनशक्ति र पूर्वाधारको व्यवस्था गर्नु, प्रेषण (Referral) स्वास्थ्य सेवा उपलब्ध गराउनु, अत्याधुनिक प्रविधि र उपकरणको उपलब्धता सुनिश्चित गर्नु, दुर्गम र पिछडिएको क्षेत्रमा विज्ञ तथा स्वास्थ्य जनशक्ति टिकाई राख्नु, सबै नागरिकलाई स्वास्थ्य बीमाको दायरामा ल्याउनु, निर्धारित निःशुल्क औषधी उपलब्ध गराउनु, उपचारमा अनुसन्धान पद्धति अवलम्बन गर्नु, अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा सरसफाइ र फोहोर मैलाको उचित व्यवस्थापन गर्नु आदि प्रमुख चुनौती हुन।

### ३. क्षेत्रगत सोच

स्वस्थ नागरिकः सक्षम प्रदेश ।

### ४. उद्देश्य

क. सबै वर्ग, क्षेत्र र समुदायका नागरिकको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य तथा पोषण सेवामा समतामूलक पहुँच सुनिश्चित गर्नु ।

ख. विशिष्टिकृत तथा प्रेषण (Referral) सेवा विस्तार गर्नु ।

ग. आयुर्वेद लगायत वैकल्पिक स्वास्थ्य सेवाको प्रवर्द्धन गर्नु ।

### ५. रणनीति

क. गुणस्तरीय आधारभूत स्वास्थ्य तथा पोषण सेवाको पहुँच बढाउने ।

ख. दुर्गम तथा पिछडिएका क्षेत्रमा स्वास्थ्य तथा पोषण सेवाको विस्तार गर्ने ।

ग. स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि गरी रोगको न्यूनीकरण गर्ने ।

घ. निरोधात्मक स्वास्थ्य पद्धतिको विकास र विस्तार गर्ने ।

ङ. विशिष्टिकृत तथा रिफरल स्वास्थ्य सेवाको विस्तार र सुदृढीकरण गर्ने ।

च. आयुर्वेद लगायत वैकल्पिक स्वास्थ्य सेवालाई एकीकृत स्वास्थ्य सेवामा मूलप्रवाहीकरण गर्ने ।

छ. अन्तर-सरकार समन्वयमा स्वास्थ्य क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको सहकार्य अभिवृद्धि प्रभावकारी नियमन गर्ने ।

## ७.२ जनसङ्ख्या तथा बसाइँसराइ

### १. पृष्ठभूमि

जनसङ्ख्या एक बहुपक्षीय सरोकारको विषय हो । संविधान अनुसार जनसङ्ख्या व्यवस्थापनलाई संघ तथा प्रदेशको साझा अधिकार क्षेत्रभित्र राखिएको छ ।राष्ट्रिय जनगणना, २०७८ अनुसार कोशी प्रदेशको कुल जनसङ्ख्या ४९,६१,४१२ रहेको छ ।प्रदेशमा काम गर्ने उमेर समूह (१५-५९ वर्ष) कुल जनसङ्ख्याको ६२.८० प्रतिशत रहेको छ जुन राष्ट्रिय जनगणना, २०६८ को भन्दा ४.३५ प्रतिशतले वृद्धि भएको छ। भौगोलिक वितरणका हिसाबले तराईका तीन जिल्लामा ६१.९४ प्रतिशत, पहाडी जिल्लामा ३०.३३ प्रतिशत र

हिमाली जिल्लामा ७.७३ प्रतिशत जनसङ्ख्या रहेको छ । त्यसैगरी लैङ्गिक अनुपात ९५.०२ (९५.०२ पुरुष बराबर १०० महिला) रहेको छ। सन् १९५० को दशकदेखि नै पहाडबाट तराई तिरको बसाइँसराइको क्रम सुरु भए पनि विगत दुई दशक देखि बसाईंसराइ दर बढेको देखिन्छ। राष्ट्रिय जनगणना, २०७८ को तथ्याङ्क अनुसार कोशी प्रदेशका १० जिल्लाको जनसङ्ख्या वृद्धि दर ऋणात्मक रहेकाले ती जिल्लाहरूमा जनसङ्ख्याको आकार घट्दो क्रममा रहेको देखिन्छ ।

## २. समस्या तथा चुनौती

क्रियाशील जनशक्ति विदेशिँदा उत्पादनशील क्षेत्रमा जनशक्ति कमी हुनु, आश्रित जनसङ्ख्याको उपस्थिति बढी हुनु, बौद्धिक जनशक्ति विदेश पलायन बढ्नु, आन्तरिक बसाइँसराइले जनसङ्ख्याको वितरण असन्तुलित हुनु, जनसङ्ख्याको वृद्धिको तुलनामा रोजगारी सृजना नहुनु, जनसङ्ख्यासम्बन्धी वर्गीकृत तथ्याङ्कको सङ्कलन तथा विश्लेषणको कमी रहनु, प्रजनन स्वास्थ्यलाई अधिकारको रूपमा स्थापित गर्न नसक्नु आदि प्रमुख समस्या हुन् ।

प्रदेशको नीति तथा कार्यक्रम तर्जुमा गर्दा जनसांख्यिक सूचक, जनसांख्यिक गतिशीलता एवं आर्थिक तथा भौतिक विकासका सूचक एवं बसाइँसराइ बिच सन्तुलन कायम गर्नु, उत्पादनशील जनशक्ति स्वदेशमै उपयोग गर्न प्रभावकारी व्यवस्थापन गर्नु, आन्तरिक बसाइँसराइ तथा शहरीकरणलाई व्यवस्थित गर्नु, बदलिएको उमेर संरचना र लैङ्गिक अनुपातले पार्ने नकारात्मक असरको न्यूनीकरण गर्नु, जनसङ्ख्या वृद्धिका अनुपातमा आर्थिक तथा सामाजिक विकासका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक स्रोत व्यवस्थापन गर्नु, बढ्दो जनसङ्ख्या र रोजगारी बिचमा सन्तुलन कायम गर्नु आदि प्रमुख चुनौती हुन् ।

## ३. क्षेत्रगत सोच

व्यवस्थित बसोबास र उन्नतिको अवसरः आफ्नै थलोमा रमाउने रहर ।

## ४. उद्देश्य

क. जनसङ्ख्या वृद्धि र रोजगारी बिच अन्तरसम्बन्ध कायम गरी आन्तरिक बसाइँसराइ व्यवस्थित गर्नु ।

ख. जनसांख्यिक संरचनाको आर्थिक सामाजिक विकासमा उच्चतम उपयोग गर्नु ।

## ५. रणनीति

क. जनसङ्ख्या व्यवस्थापनमा अन्तर-सरकार र अन्तर निकाय समन्वय गर्ने ।

ख. उद्यमशीलता विकास गरी उत्पादनशील क्षेत्रमा उपयोग गर्ने ।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | स्वास्थ्य क्षेत्रमा बजेट विनियोजन | प्रतिशत | ९.६६ | ९.०५ | ८.४ | ९.५ | १०.१ |
| २ | अपेक्षित आयु (जन्म हुँदाको) | प्रति वर्ष | ७१.८ | ७२.० | ७२.५ | ७३.० | ७३.५ |
| ३ | पाँच वर्ष मुनीको बाल मृत्युदर | प्रति हजार जीवित जन्ममा | ३४ | ३३ | ३१ | २९ | २७ |

| क.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ४ | शिशु मृत्यु दर | प्रति हजार जीवित जन्ममा | २८ | २७ | २५ | २२ | २० |
| ५ | नवजात शिशु मृत्यु दर | प्रति हजार जीवित जन्ममा | २० | १९ | १७ | १६ | १५ |
| ६ | आधा घण्टाको दूरीमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने परिवार | प्रतिशत | ६८.८ | ६९.० | ७१.५ | ७३.४ | ७५.० |
| ७ | पुड्कोपना भएका बालबालिका | प्रतिशत | २४.९ | २० | १९ | १८ | १७ |
| ८ | कम तौल भएका बालबालिका | प्रतिशत | १९.८ | १३ | १२ | ११ | १० |
| ९ | ख्याउटेपन भएका बालबालिका | प्रतिशत | ३.८ | ३.६ | ३.४ | ३.२ | ३.० |
| १० | बालबालिकामा रक्तअल्पता | प्रतिशत | ३४ | ३३.९ | ३२ | ३० | २८ |
| ११ | महिलामा रक्तअल्पता | प्रतिशत | ३४ | २७.६ | २५ | २२.४ | २०.८ |
| १२ | अस्पतालहरूमा आयुर्वेद लगायत वैकल्पिक उपचारको एकीकृत सेवा | सङ्ख्या | ३ | ३ | ७ | ७ | ८ |
| १४ | झाडापखालाबाट प्रभावित भई जलवियोजन भएका ५ वर्ष मुनीको बालबालिका | प्रतिशत | १४.४ | ११ | १० | ९ | ८ |
| १५ | पूर्ण खोपको दायरा (१५ महिना मुनीका बालबालिका) | प्रतिशत | ८०.८ | ८१ | ९५ | ९५ | ९६ |
| १६ | संस्थागत प्रसुति सेवा दर | प्रतिशत | ७६ | ८१.५ | ८४ | ८६ | ८७ |
| १६ | दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति सेवा | प्रतिशत | ७९.२ | ८१.८ | ८५ | ८७ | ८९ |
| १७ | परिवार नियोजनको आधुनिक साधन प्रयोग दर | प्रतिशत | ४३.५ | ४४ | ४५ | ४७ | ५० |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान | समपूरक/विशेष अनुदान |
| २०८०/८१ | ३०७२६७० | २७२९९०३ | २४८६६७ | ९४१०० | - | ५००० | ९३६९०० |
| २०८१/८२ | ३७५१०५२ | ३२७५८८३ | ३४८१३४ | १२७०३५ | - | ५००० | १०३३०७५ |
| २०८२/८३ | ४०७५५०६ | ३५३७९५४ | ४००३५४ | १३७१९८ | - | ९२९० | ११०५३९० |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्ट्याई | | आगामी तीन वर्षको लागि उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्ट्याई | |
| ३७००००११ | स्वास्थ्य मन्त्रालय | नीति, रणनीति तर्जुमा, व्यवस्थापन र नियमन | सालबसाली | | | स्वास्थ्य सम्बन्धी नीति तथा रणनीति तर्जुमा भई कार्यान्वयन आएको हुने |
| ३७००१०११ | प्रदेश स्वास्थ्य तालिम केन्द्र | स्वास्थ्य जनशक्तिको क्षमता विकास | सालबसाली | | | स्वास्थ्यकर्मीको थप ज्ञान सीप तथा क्षमता अभिवृद्धि भएको हुने |
| ३७००१०१२ | प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र | औषधी तथा उपकरणको सुनिश्चितता | सालबसाली | | | स्वास्थ्य सेवासँग सम्बन्धित आवश्यक औषधी, औजार, उपकरण तथा आवश्यक मालसामानहरूको नियमित आपूर्ति भएको हुने |
| ३७००१०१३ | प्रदेश जनस्वास्थ्य प्रयोगशाला | प्रयोगशाला सेवाको सुदृढीकरण | सालबसाली | | | प्रयोगशाला सेवामा सुदृढीकरण भई सेवा विस्तार भएको हुने |
| ३७००११०२ | स्वास्थ्य कार्यालयहरू | स्वास्थ्य सचेतना, निदानात्मक तथा उपचारात्मक सेवा प्रवाह | सालबसाली | | | स्वास्थ्य सचेतना, निदानात्मक तथा उपचारात्मक स्वास्थ्य सेवा नियमित रूपमा प्रवाह भएको हुने |
| ३७००३१०१ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरू | आयुर्वेद स्वास्थ्य सेवामा निदानात्मक तथा उपचारात्मक स्वास्थ्य सेवाको पहुँच तथा गुणस्तर अभिवृद्धि | सालबसाली | | | आयुर्वेद स्वास्थ्य सेवामा निदानात्मक तथा उपचारात्मक स्वास्थ्य सेवाको पहुँच तथा गुणस्तर अभिवृद्धि भएको हुने |

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्टयाई | | आगामी तीन वर्षको लागि उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्टयाई | |
| ३७००३१०२ | आयुर्वेद औषधालयहरू | प्रादेशिक आयुर्वेद अस्पतालमा सेवा विस्तार | सालबसाली | | | प्रादेशिक आयुर्वेद अस्पतालमा विशेषज्ञ सेवा सहितको उपचारात्मक स्वास्थ्य सेवाको विस्तार तथा गुणस्तर अभिवृद्धि भएको हुने |
| ३७००११०१ | स्वास्थ्य निर्देशनालयहरू | आपत्कालीन स्वास्थ्य व्यवस्थापन, उपचारात्मक, प्रवर्द्धनात्मक र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह | सालबसाली | | | प्रदेशमा दक्ष चिकित्सक तथा स्वास्थ्यकर्मी मार्फत आपत्कालीन स्वास्थ्य व्यवस्थापन, उपचारात्मक, प्रवर्द्धनात्मक र गुणस्तरीय स्वास्थ्य सेवा नियमित रूपमा प्रवाह भएको हुने |
| ३७००११०३ | जनस्वास्थ्य सेवा सबलीकरण तथा विस्तार कार्यक्रम | प्रवर्द्धनात्मक र प्रतिकारात्मक स्वास्थ्य सेवालाई प्रभावकारी | सालबसाली | | | नसर्ने रोगको समयमा नै सही पहिचान, रोकथाम, उपचार र त्यसबाट हुने जटिलतामा न्यूनीकरण, स्थानीय तहमा रहेका स्वास्थ्य संस्थाको सबलीकरण र विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमा यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सचेतना अभिवृद्धि भएको हुने |
| ३७०००१०१ | आपत्कालीन तथा अन्य महामारी व्यवस्थापन कार्यक्रम | कोरोना तथा अन्य महामारी रोकथाम तथा नियन्त्रण | सालबसाली | | | कोभिड-१९ तथा अन्य महामारी रोकथाम तथा नियन्त्रणका लागि उचित प्रबन्ध र व्यवस्थापन भएको हुने |
| ३७००२१०३ | अस्पताल सेवा सुदृढीकरण तथा विस्तार कार्यक्रम | अस्पतालको सेवा सुदृढीकरण तथा गुणस्तर सुधार | सालबसाली | | | अस्पतालमा जनशक्ति, पूर्वाधार विस्तार तथा औजार उपकरणको व्यवस्थापन भई नागरिकको स्वास्थ्य सेवामा पहुँच र गुणस्तरवृद्धि भएको हुने |

## ९. जोखिम पक्ष तथा अनुमान

कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा तोकिए बमोजिम बजेटको अभाव र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको कमी हुन सक्ने भई तोकिएको लक्ष्य हासिल गर्न नसकिने आदि अनुमान गरिएको छ ।

# परिच्छेद ८
# भौतिक पूर्वाधार विकास मन्त्रालय

## ८.१ यातायात पूर्वाधार विकास

### १. पृष्ठभूमि

राज्यको नीतिमा वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिँदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित र अपाङ्गता भएका व्यक्ति अनुकूल बनाउने कुरा उल्लेख भएको छ । संविधानमा प्रदेश लोकमार्ग प्रदेशको कार्यक्षेत्र भित्र रहेको छ । सडक सञ्जालको हकमा यस प्रदेशमा कच्ची ९९२३, ग्राभेल२६७१, कालोपत्रे ९०४ गरी १३४९८ कि. मि. पुगेको छ। कोशी प्रदेशले हालसम्म झोलुङ्गे पुल १३८ वटा र सडक पुल ७६ वटा निर्माण गरेको छ । प्रदेशमा झण्डै ९०० वटा नदी/खोलानाला अवस्थित रहेका कारण झोलुङ्गे पुलको आवश्यकता तथा माग उच्चतम छ । राष्ट्रिय गौरवका २१ आयोजनाहरू मध्ये उत्तर दक्षिण कोशी कोरिडोर, मध्य पहाडी राजमार्ग, पूर्व-पश्चिम रेलमार्ग, हुलाकी लोकमार्ग यसै प्रदेशमा पर्दछ। विकासको मेरुदण्डको रूपमा रहेको सडक पूर्वाधारले सबै पालिका केन्द्रलाई जोड्दै आर्थिक सामाजिक असन्तुलनलाई घटाई योजनाबद्ध रूपमा सडक सञ्जालको विकास गर्नु रहेको छ ।

### २. समस्या तथा चुनौती

प्रदेश सडक गुरुयोजना नहुनु, प्रदेशस्तरका सडकको पहिचान नहुनु, विस्तृत योजना अध्ययन विना नै सडक निर्माणमा जानु, सडक निर्माण लागत अत्याधिक हुनु, वातावरणीय र विपद् जोखिम पक्ष उपेक्षित हुनु, टुक्रे योजनाको सङ्ख्या अत्याधिक हुनु, योजना र विनियोजित बजेटको बीचमा तालमेल नहुनु, जग्गा प्राप्तिमा कठिनाइ हुनु, सडक मापदण्ड सुनिश्चित भई नसक्नु, सडक रेखाङ्कनमा मतैक्यता नहुनु, शहरीकरण र सडक विकास बीच तादात्म्य नहुनु, झोलुङ्गे पुल सम्बन्धमा तहगत जिम्मेवारी र कार्य विभाजन स्पष्ट नहुनु, आवश्यक कच्चा पदार्थ तथा जनशक्तिको अभावले समयमै कार्य सम्पन्न हुननसक्नु रसबै पालिका केन्द्रको सडक मुख्य वा सहायक राजमार्गसँग जोडिन नसक्नुआदि प्रमुखसमस्याहुन् ।

पहाडी तथा हिमाली भेगमा रहेका गाउँपालिका केन्द्रमा सडक सञ्जालको बिस्तार र विकास गरी बाह्रै महिना यातायातको सेवा पुऱ्याउनु, तोकिएको मापदण्ड अनुसार संरचना निर्माण गर्नु, अन्तर-सरकारबिच सडकको अधिकारक्षेत्र स्पष्ट पार्नु, कठिन भौगोलिक धरातलमा बनाउनु पर्ने सडकमा हुने ठूलो लगानीलाई स्रोत व्यवस्थापन गर्नु, सडक सम्बन्धी सक्षम संस्थागत संरचनाको निर्माण र व्यवस्थापन गर्नु, सडक अतिक्रमण हटाउनु, सबै ग्रामीण सडकको स्तरोन्नति गरी सर्वयाम सडक सञ्चालन गर्नु, विद्यमान सडकको मर्मत सम्भार, पुनर्स्थापना र दिगो व्यवस्थापन गर्नु, आवश्यकता अनुसार सडक पुलको निर्माण गर्नु आदि प्रमख चुनौती हुन् ।

### ३. क्षेत्रगत सोच

प्रदेश समृद्धिको आधार सबै पालिकामा यातायात पूर्वाधार ।

### ४. उद्देश्य

क. सबै पालिकालाई गुणस्तरीय सर्वयाम सडकसँग आबद्ध गर्नु ।
ख. विद्यमान सडकलाई स्तरोन्नति गरी सर्वयाम चल्ने बनाउनु ।
ग. पहाडी तथा हिमाली भेगका बस्ती तथा सेवा केन्द्रहरूलाई जोड्ने प्रमुख मार्गमा पर्ने नदी नालामा झोलुङ्गे पुल निर्माण गरी पहुँचमा अभिवृद्धि तथा सेवामा सहजता ल्याउनु ।

घ. पूर्वाधार निर्माणमा स्थानीय श्रम, सीप र स्रोतको उपयोगलाई प्राथमिकता दिई स्थानीय स्रोतको परिचालन तथा रोजगारी सिर्जना गर्नु ।

ङ. वैकल्पिक यातायातको विकास गर्नु ।

## ५. रणनीति

क. सडक विकास योजना निर्माण गरी कार्यान्वयन गर्ने ।

ख. गुणस्तरीय सडक तथा पुलको विकास गर्ने ।

ग. जलमार्ग, रज्जुमार्ग, पैदल मार्ग तथा अन्य वैकल्पिक यातायात सुविधाको विस्तार गर्ने ।

घ. मल्टिमोडल यातायात प्रणाली सुव्यवस्थित गर्ने ।

ङ. निर्मित संरचनाको मर्मत सम्भार तथा सञ्चालन गर्ने ।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | कच्ची सडक | कि.मि | ८६५० | ९९२३ | ९९५० | ९९७६ | ९९९८ |
| २ | ग्राभेल सडक | कि.मि | २४५० | २६७१ | २७६८ | २८५२ | २९६५ |
| ३ | कालोपत्रे सडक | कि.मि | ८०० | ९०४ | ९५० | १००० | १०४५ |
| ४ | मुख्य सडकमा पर्ने पुल पुलेशाको निर्माण | गोटा | ६५ | ७६ | ८७ | ९४ | १०० |
| ५ | मुख्य पैदल मार्गमा पर्नेझोलुङ्गे पुलको निर्माण | गोटा | १२१ | १३८ | १५८ | १७९ | १९९ |
| ६ | सडक पूर्वाधारको मर्मत सम्भार तथा सञ्चालन | कि.मि./वर्ष | ११४ | १३२ | १४५ | १५४ | १६० |
| ७ | आधा घण्टाको दूरीमा यातायातको पहुँच भएको जनसङ्ख्या | प्रतिशत | ८९ | ९२ | ९३ | ९५ | ९७ |
| ८ | सडक घनत्व | प्रति व.कि.मि. | ०.५१ | ०.५२ | ०.५३ | ०.५४ | ०.५५ |
| ९ | सर्वयाम सडकसँग आबद्ध स्थानीय तह | सङ्ख्या | १२४ | १३० | १३२ | १३५ | १३७ |
| १० | विद्यमान सडकको सर्वयाममा स्तरोन्नति | कि.मि. | ४१०० | ४५०० | ४९५० | ५२२० | ५५३० |
| ११ | वैकल्पिक यातायात सुविधाको विस्तार | कि.मि. | ४०० | ४०८ | ४१५ | ४२४ | ४३० |

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १२ | यातायात व्यवस्थापन प्रभावकारीता | स्थानीय तह सङ्ख्या | ९५ | ११० | १२२ | १२९ | १३७ |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान | समपूरक/विशेष अनुदान |
| २०८०/८१ | ८७५९४०० | ३२४३०० | ८४३५१०० | २६५९२०० | ३८७१२०० | १४९९००० | ७३०००० |
| २०८१/८२ | ९६८०२०४ | ३५०२४४ | ९३२९९६० | २७४८४९८ | ४२५८२९३ | १६१८९२० | १०५४४९२ |
| २०८२/८३ | १०८०४५७६ | ३६७७५६ | १०४३६८२० | ३३९७८८९ | ४६२४४२९ | १६२२३१८ | ११५९९४१ |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्ट्याई | | आगामी तीन वर्षको लागि उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्ट्याई | |
| | प्रादेशिक लोकमार्ग (बहुवर्षीय सडक) | पहुँचमा अभिवृद्धि | सालबसाली | | | निर्माणाधीन प्रादेशिक लोकमार्ग सम्पन्न हुने। |
| | बहुवर्षीय पुल | सर्वयाम यातायात सञ्चालन गर्ने | सालबसाली | | | लक्ष्य अनुसारका पुल निर्माण हुने। |
| | झोलुङ्गे पुल | नदि वारपार/पहुँच | सालबसाली | | | आवश्यक स्थानमा पुल निर्माण भएको हुने |
| | सडक मर्मत सम्भार | सहज आवागमन | सालबसाली | | | सर्वयाम यातायात आवागमनमा सहज भएको हुने। |

## ९. जोखिम पक्ष तथा अनुमान

स्रोत साधनको पर्याप्त उपलब्धता नहुनु, प्राविधिक जनशक्तिको पर्याप्त उपलब्धता नहुनु र निर्माण कार्य सुचारु रूपमा हुन नसक्नु जस्ता जोखिम पक्षको अनुमान गरिएको छ ।

# ८.२ भवन, आवास तथा शहरी विकास

## १. पृष्ठभूमि

स्वच्छ वातावरण र आवासलाई संविधानले मौलिक हकको रूपमा व्यवस्थित गरेको छ । कोशी प्रदेशले पनि स्वच्छ, सुखी र समुन्नत प्रदेशको दीर्घकालीन सोचको साथ दिगो बस्ती तथा शहरी विकासलाई आत्मसात् गरेको छ। शहरीकरणलाई आर्थिक विकासको इन्जिन पनि भन्ने गरिन्छ ।अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने, क्षेत्रीय सन्तुलन सहितको समावेशी आर्थिक विकास, पछाडि परेका क्षेत्रको पूर्वाधार विकास र विकास निर्माण प्रक्रियामा स्थानीय सहभागिता वृद्धि गर्ने नीतिमा उल्लेख छ । यसैगरी प्रदेश भित्रको शहरी विकास योजना तर्जुमा, शहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत सम्भार र आवास तथा भवनसम्बन्धी योजना, भवन निर्माण प्रविधिको प्रवर्द्धन, राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन, सुरक्षित बसोबास सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन प्रदेशको अधिकार सूचीमा रहेका छन् ।

## २. समस्या तथा चुनौती

आधारभूत भौतिक संरचनाको कमी हुनु, पूर्वाधार संरचनाको विकासमा समन्वय कमजोर हुनु, शहरी योजना तर्जुमा र कार्यान्वयन नहुनु, योजना तथा भवन निर्माण मापदण्ड र संहिताको प्रभावकारी कार्यान्वयन नहुनु, न्यून आय वर्गका परिवारको आवासमा पहुँच नहुनु, नदी नाला तथा वन जस्ता सार्वजनिक जमिन तथा सांस्कृतिक सम्पदामा अतिक्रमण बढ्नु, ग्रामीण र शहरी प्रणाली बिच अन्तरसम्बन्ध कमजोर रहनु, विकास नीतिमा बजार केन्द्र प्राथमिकतामा नपर्नु, शहरी पूर्वाधार वातावरणमैत्री, लैङ्गिकमैत्री, बालमैत्री र अपाङ्गमैत्री नहुनु, जग्गा बजार प्रणाली अनौपचारिक हुनु, न्यूनतम क्षेत्रफलमा आधारित कित्ताकाट प्रणाली विद्यमान रहनु आदि प्रमुख समस्या हुन् ।

### चुनौती

सीमित स्रोत साधन, असीमित आकाङ्क्षा तथा आवश्यकताका बीचमा सामाञ्जस्यता ल्याई दिगो, किफायती, वातावरणमैत्री सडक पूर्वाधार, भूकम्प प्रतिरोधी भवनका संरचना र सुरक्षित बस्ती विकास गर्नु, शहरी व्यवस्थापनलाई प्रभावकारी बनाउनु, प्रादेशिक तथा स्थानीय संस्थागत क्षमता र प्राविधिक दक्षता विकास गर्नु, शहरी विकासका योजना प्रक्रियामा सम्बद्ध निकाय बिच कार्यगत समन्वय स्थापित गर्नु, भूमि खण्डीकरण रोक्नु, शहरी कोरिडोर व्यवस्थित गरी आर्थिक अवसर सृजना गर्नु, भवन आचारसंहिता तथा मापदण्डको प्रभावकारी कार्यान्वयन गर्नु, जग्गाको अत्याधिक विखण्डन तथा बढ्दो मूल्यले उद्योग कल-कारखाना तथा शहरी पूर्वाधार संरचना विकासका लागि आवश्यक जग्गा प्राप्त गर्नु आदि प्रमुख चुनौती हुन् ।

## ३. क्षेत्रगत सोच

मौलिक निर्माण, सामाजिक सम्पदा शहर र गाउँ बिचको व्यवस्थित अन्तर-निर्भरता ।

## ४. उद्देश्य

क. प्रादेशिक र स्थानीय भौतिक योजना (Spatial Structure Plan) को तर्जुमा एवं कार्यान्वयन संस्थागत गर्नु।

ख. सुरक्षित आवासमा सबैको पहुँच र हक सुनिश्चित गर्नु।

ग. शहरी र बजार केन्द्रको विकास सम्भाव्यता र पारस्परिक अन्तरसम्बन्धलाई उजागर गर्दै शहरी पूर्वाधारमा लगानी अभिवृद्धि गर्नु ।

## ५. रणनीति

क. पहाड र हिमाली क्षेत्रका शहर र बजार केन्द्रको क्लस्टर (समूहीकृत) मा क्षेत्रीय शहरी संरचनाको विकास गरी शहरी कोरिडोरसँग आबद्ध गर्ने ।

ख. ठूला शहरी कोरिडोरलाई नियोजित विकास र व्यवस्थापन गर्दै योजनाबद्ध आर्थिक क्षेत्रको रूपमा रूपान्तरण गर्ने ।

ग. ग्रामीण बस्तीको बजार केन्द्रमा शहरी पूर्वाधार सेवा र आर्थिक अवसरको एकीकृत विकास गर्ने ।

घ. प्रदेशको पूर्वाधार लगानीलाई प्रादेशिक भौतिक योजना, एकीकृत मापदण्ड बनाई निर्देशित गर्ने ।

ङ. शहरी विकास र बिस्तार क्षेत्र, कृषि जमिन जस्ता प्राकृतिक संरक्षण क्षेत्रको पहिचान गरी व्यवस्थापन गर्ने।

च. जग्गाको उपलब्धता सम्बन्धी सूचनामा नागरिकको सहज पहुँच स्थापित गर्न शहर र प्रदेश स्तरीय जग्गा खरिदबिक्री सूचना प्रणालीको उपयोग गर्ने ।

छ. न्यून आर्थिक क्षमताका परिवारलाई प्रथमिकता दिई सबैलाई समेट्ने विविध आवास निर्माण र आपूर्तिका उपाय तथा संयन्त्रको प्रवर्द्धन गर्ने ।

ज. आवास सहित व्यावसायिक प्रतिष्ठान, रणनीतिक शहरी संरचना तथा नयाँ शहर विकासका निम्ति आवश्यक सेवा सुविधायुक्त जग्गाको लागि सहभागितामूलक जग्गा विकास पद्धतिको कार्यान्वयन गर्ने ।

झ. निजी क्षेत्रबाट गरिने घडेरी विकासलाई स्थानीय सरकारको योजना तथा मापदण्ड अनुकूल हुने गरी प्रवर्द्धन गर्ने ।

ञ. राष्ट्रिय भवन संहिताको कार्यान्वयनलाई प्रभावकारी बनाई भवन निर्माणलाई सुरक्षित बनाउने।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | आवास व्यवस्थापन कार्यक्रम संघ सशर्त अनुदान | संख्या | १५०० | २१२५ | २६७४ | ३०६२ | ३३६२ |
| २. | जनता आवास कार्यक्रम प्रदेश सरकार स्रोत | संख्या | ७१२ | ९७३ | ११७३ | १५२३ | १८३२ |
| ३. | फुसको छाना भएको घरधुरी | प्रतिशत | ५.६ | ५.२ | ४.७ | ४.३ | ४.० |
| ४. | जस्ता पाता र RCCछाना भएको घरधुरी | प्रतिशत | ९१.९ | ९२.२ | ९२.७ | ९३.५ | ९४.० |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान | समपूरक/विशेष अनुदान |
| २०८०/८१ | २६५३२०० | ८५७०० | २५६७५०० | २००४०० | १६२५००० | ४६२८०० | ३६५००० |
| २०८१/८२ | २८६५४५६ | ९२५५६ | २७७२९०० | २०८१४३ | १७८७४८९ | ४९९८२४ | ३७०००० |
| २०८२/८३ | ३२१५५६६ | ९७१८४ | ३११८३८२ | ३०८६७९ | १९४११८० | ५४९८०६ | ४१५९०० |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्ट्याई | | आगामी तीन वर्षको लागि उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्ट्याई | |
| | जनता आवास कार्यक्रम | विपन्नलाई आवास सुविधा वृद्धि | सालबसाली | | | लक्षित घर निर्माण सम्पन्न हुने। |
| | गैर आवासीय भवन निर्माण | सेवा प्रदान गर्न सहज | सालबसाली | | | सरकारी निकायको भवन निर्माण हुने। |
| | सरकारी भवन मर्मत सम्भार | सेवा प्रदान गर्न सहज | सालबसाली | | | सरकारी भवन मर्मत सम्भार हुने। |

## ९. जोखिम पक्ष तथा अनुमान

अन्तर निकाय समन्वयमा कठिनाइ हुने, पर्याप्त स्रोत तथा प्राविधिक-प्रशासनिक कर्मचारीको अभाव हुने र खरिद योजना अनुसार कार्य सम्पादन हुन नसक्ने जोखिमको अनुमान गरिएको छ।

# परिच्छेद ९
# खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय

## ९.१ खानेपानी तथा सरसफाइ

### १. पृष्ठभूमि

मानवोचित जीवनयापनका लागि स्वच्छ खानेपानी र सरसफाइको महत्त्वपूर्ण स्थान रहेको छ । संविधानले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक सुनिश्चित गर्दै प्रदेशस्तरीय खानेपानी सेवा प्रदेशको अधिकार सूचीमा राखेको छ । प्रदेशमा ९० प्रतिशत जनसङ्ख्यामा आधारभूत स्तरको खानेपानी सुविधा पुगेको छ जसमध्ये १९ प्रतिशतमा सुरक्षित खानेपानीको सुविधा पुगेको छ । तराईका केही जिल्लाको पानीमा फलाम र आर्सेनिकको मात्रा निर्धारितभन्दा बढी रहेको पाइएको छ । प्रदेशका १४ वटै जिल्ला खुला दिशामुक्त घोषणा भई स्थानीय स्तरमा पूर्ण सरसफाइ कार्यक्रम कार्यान्वयन गरिएको छ । सरसफाइको हकमा ९० प्रतिशत जनसंख्यामा आधारभूत सरसफाइ सुविधा पुगेको छ ।

### २. समस्या तथा चुनौती

खानेपानीका पर्याप्त स्रोत नहुनु र भएका पनि संरक्षण नहुनु, सरसफाइ चेतनाको कमी, खानेपानीसम्बन्धी प्रदेश ऐन, कानून तथा नीति, नियम तयार भई नसक्नु, खानेपानी सम्बन्धी संस्थागत पूर्वाधार र प्राविधिक जनशक्तिको कमी, खानेपानीको मुहानसम्बन्धी विवाद रहनु, अधुरो आयोजनाको सङ्ख्या उल्लेखनीय रहनु, ठूला आयोजनाका लागि पर्याप्त बजेट विनियोजन नहुनु, विकास निर्माण कार्यमा जथाभाबी यान्त्रिक उपकरण प्रयोगका कारण पानीको मुहान सुक्नु आदि प्रमुख समस्या हुन् ।

सबै नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु, प्रदेशलाई पूर्ण सरसफाइयुक्त बनाउनु, उपभोक्ता संस्थाको स्थायित्व, परिचालन र नेतृत्वको विकास गर्नु, पानीको गुणस्तर कायम गर्नु, आधारभूत सरसफाइ बारेमा जनचेतना फैलाउँदै फोहोर मैला व्यवस्थापन गर्नु, शहरी क्षेत्रमा ढल निकासको उचित व्यवस्था गर्नु, खानेपानीका स्रोतको संरक्षण गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ३. क्षेत्रगत सोच

सचेत नागरिकको अगुवाइ : स्वच्छ खानेपानी र सरसफाइ ।

### ४. उद्देश्य

गुणस्तरीय पूर्वाधार विकास गरी खानेपानी तथा सरसफाइ सुविधा विस्तार गर्नु ।

### ५. रणनीति

क. स्वच्छ खानेपानी तथा सरसफाइ सुविधा पुर्‍याउन अन्तर-सरकार समन्वय र सहकार्य गर्ने ।

ख. खानेपानीको गुणस्तर कायम गर्ने ।

ग. समुदाय, विद्यालय र उपभोक्ता संस्थामा खानेपानी र सरसफाइ सम्बन्धी सचेतना ल्याउने ।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | आधारभूतखानेपानी पुगेको जनसंख्या | प्रतिशत | ८९ | ९० | ९१ | ९२ | ९३ |
| २ | सुरक्षितखानेपानी पुगेको जनसंख्या | प्रतिशत | १८ | १९ | २१ | २२ | २४ |
| ३ | खुला दिसामुक्त घोषित जिल्ला | जिल्ला | १४ | १४ | लक्ष्य पुरा | | |
| ४ | पूर्णसरसफाइ सुविधा पुगेका स्थानीय तहका वडा | संख्या | ३० | ४२ | ५५ | ६७ | ७५ |
| ५ | पानीपरीक्षण प्रयोगशाला | संख्या | ० | २ | ३ | ५ | ८ |
| ६ | धारापाइपबाट खानेपानी पुगेको जनसंख्या | प्रतिशत | ५४ | ५८ | ६२ | ६५ | ७० |
| ७ | शौचालयसेवा उपलब्ध भएका परिवार | प्रतिशत | ९६.८ | ९७.० | ९७.२ | ९७.३ | ९७.४ |
| ८ | आधारभूतसरसफाइ सेवा पुगेको जनसंख्या | प्रतिशत | ८८ | ९० | ९२ | ९४ | ९६ |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | प्रदेश सरकार | वित्तीय समानीकरण | समपूरक/ विशेष अनुदान | सशर्त अनुदान |
| २०८०/८१ | २२२८०७३ | २०७५०५ | १७१७८४५ | ७५३६७५ | १००५२९८ | २००००० | - |
| २०८१/८२ | २५५७७४१ | २१३९८० | २०१५०१९ | ९९९६२३ | १०५५५६३ | २२०००० | - |
| २०८२/८३ | २८१५६६४ | २२३४७९ | २२४६६२८ | १११७२८३ | ११५२१७० | २३५४०० | - |

### ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्ट्याई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्ट्याई | |
| ३३७०५०१ | खानेपानी तथासरसफाइ आयोजना(प्रदेशस्तरीय) | आधारभूतखानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु | सालबसाली/ क्रमागत/ बहुवर्षीय | | स्वीकृत कार्यक्रम DPR | आधारभूतखानेपानी पुगेको जनसंख्या, सुरक्षितखानेपानी पुगेको जनसंख्या |
| ३३७९११२ | खानेपानीतथा गुणस्तर सुधार कार्यक्रम | आधारभूतखानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु | क्रमागत/ सालबसाली | | स्वीकृत कार्यक्रम DPR | आधारभूतखानेपानी पुगेको जनसंख्या, सुरक्षितखानेपानी पुगेको जनसंख्या |
| ३३७९११३ | जलवायुअनुकूलित वृहत् खानेपानी आयोजना | आधारभूतखानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु | क्रमागत/ सालबसाली | | स्वीकृत कार्यक्रम DPR | आधारभूतखानेपानी पुगेको जनसंख्या, सुरक्षितखानेपानी पुगेको जनसंख्या |
| ३३७९११३ | डिपट्युवेल आयोजना (मर्मत सुधार) | आधारभूतखानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु | क्रमागत/ सालबसाली | | स्वीकृत कार्यक्रम DPR | आधारभूतखानेपानी पुगेको जनसंख्या, सुरक्षितखानेपानी पुगेको जनसंख्या |
| ३३७९११३ | तराई-मधेशखानेपानी सुधार कार्यक्रम | आधारभूतखानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउनु | क्रमागत/ सालबसाली | | स्वीकृत कार्यक्रम DPR | आधारभूतखानेपानी पुगेको जनसंख्या, सुरक्षितखानेपानी पुगेको जनसंख्या |

### ९. जोखिम पक्ष तथा अनुमान

कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा तोकिए बमोजिम बजेटको अभाव र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको कमी हुन सक्ने भई तोकिएको लक्ष्य हासिल गर्न नसकिने आदि अनुमान गरिएको छ ।

## ९.२ सिँचाइ तथा जलउत्पन्न प्रकोप व्यवस्थापन

### ९.२.१ सिँचाइ

### १. पृष्ठभूमि

संविधानमा जलस्रोतको बहुपयोगी विकास गर्ने, "जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिँचाइको विकास गर्ने" राज्यको नीति रहेको छ ।कृषि उत्पादन वृद्धि गर्ने उद्देश्य साथ कृषि योग्य जमिनमा प्रविधिको प्रयोग गरी कृत्रिम तरिकाले पानीको प्रयोग गर्ने प्रणाली व्यवस्थापन लाइ सिँचाइको प्रयोग मानिन्छ।नेपालमा सिँचाइको सुरुवात ईसा पूर्वछैठौं शताब्दीमा भएको थियो।नेपालको पहाडी टार पाखाहरूमा ४०० वर्ष पहिलेनै सिँचाइ प्रणालीको विकसित भएको थियो।नेपालमा आधुनिक सिँचाइ प्रणालीको विकास वि.सं.

१९७६ देखि सुरु भएको मानिन्छ। राज्यमा उपलब्ध सीमित कृषियोग्य जमिन र जनसङ्ख्यामा हुने उल्लेखनीय वृद्धिका कारण कृषि उत्पादकत्व बढाउन भरपर्दो सिँचाइ व्यवस्था हुन अपरिहार्य भएकोले सिँचाइ पूर्वाधारको विकास साथै सम्पन्न सिँचाइ प्रणालीको व्यवस्थापन सुदृढ एवम् प्रभावकारी बनाउन योजनाबद्ध ढङ्गबाट प्रदेश सरकार प्रयासरत रहेको छ। नेपालमा कुल ३५ लाख ५७ हजार ७ सय हेक्टर जमिनमध्ये २५ लाख ३६ हजार हेक्टर जमिन सिँचाइ योग्य जमिन रहेको छ। नेपालमा आ.व. २०७८/७९ को अन्त्य सम्म १५ लाख ३१ हजार हेक्टरमा सिँचाइ सुविधाका लागिपूर्वाधार विकास भएको छ। कोशी प्रदेशको कुल कृषियोग्य जमिन (७,८३,५९५ हे) मध्ये संघ, प्रदेश र स्थानीय समेत गरी आ.व. २०७९/८० सम्म ३ लाख ४६ हजार ५३१ हेक्टरमा सिँचाइ सुविधा पुगेको छ भने ४ लाख ३७ हजार ६४ हेक्टर जमिनमा सिँचाइ सेवा उपलब्ध पुऱ्याउन बाँकी रहको छ ।

## २. समस्या तथा चुनौती

सिँचाइ प्रणालीको पूर्ण क्षमतामा सञ्चालन तथा बाह्रै महिना सिँचाइ सुविधा पुग्ने गरी सञ्चालन हुन नसक्नु, नियमित मर्मत सम्भार हुन नसक्नु, कृषक व्यवस्थित कुलोमा पनि स्व-व्यवस्थापनभन्दा स्रोतको निमित्त सरकार प्रतिको निर्भरता बढ्दै जानु, सिँचाइ शुल्क उठ्न नसक्नु, कृषि र सिँचाइ सम्बद्ध निकाय बिच समन्वय कमजोर हुनु, सिँचाइसम्बन्धी सङ्गठनात्मक पुनर्संरचना नहुनु, प्राविधिक जनशक्तिको न्यूनता हुनु,नयाँ प्रविधिमा आधारित (पोखरी, थोपा, ड्रिप आदि) सिँचाइको विस्तार हुन नसक्नु, सिँचाइ क्षेत्र लगानी प्रथमिकतामा नपर्नू, पुराना पोखरी नासिँदै जानु, विद्युतीय सिँचाइ प्रणालीको महसुल कृषकले धान्न नसक्नु, नदीको सतह गहिरिने क्रमले सिँचाइ आयोजना प्रभावित हुनु, मौसम परिवर्तनका कारण पानीका स्रोत सुक्दै जानु, कृषियोग्य जमिन खण्डीकरण हुँदै जानु, भू-उपयोग नीति कार्यान्वयन हुन नसक्नु, कृषि पेसामा आकर्षण तथा रोजगारी घट्दै जानु, परम्परागत कृषि प्रणाली यान्त्रिकीकरण हुन नसक्नु, ठेक्का प्रक्रियामा गएका योजनालाई समयमा सम्पन्न गर्न आवश्यक स्रोतको व्यवस्थापन नहुनु, सङ्गठनात्मक संरचनाको सुदृढीकरण नहुनु, नयाँ आयोजनाहरूलाई कार्यान्वयनमा लैजान स्रोत सुनिश्चितता हुन नसक्नु आदि प्रमुख समस्या हुन् ।

नयाँ ठूला आयोजना निर्माण गर्नु, सिँचाइ प्रणालीको लागत उच्च हुनु, आयोजनाको लागि जग्गा प्राप्त हुनु, सर्वयाम सिँचाइ सुविधा उपलब्ध गराउनु, अन्तर-जलाधार जल स्थानान्तरणको योजना कार्यान्वयन गर्नु, पानीको सतह गहिरिँदा भूमिगत सिँचाइ प्रभावित हुनु, सिँचाइ आयोजनाको पुनर्स्थापना गर्नु, सिँचाइ आयोजनाका लागि वनक्षेत्र प्राप्त गर्नु, तराईमा भूमिगत सिँचाइ प्रणालीको यथोचित विकास गर्नु, सिँचाइ हुने कृषि भूमि अन्य प्रयोगमा जाने क्रम जारी रहनु, निर्माण व्यवसायीले काम लिनका लागि लागत अनुमानभन्दा अत्यन्त न्यून रकम कबोल गर्ने र निर्माण कार्य लक्षित समय र गुणस्तरमा सम्पन्न गर्न कठिनाइ हुनु आदि प्रमुख चुनौती हुन् ।

## ३. क्षेत्रगत सोच

व्यवस्थित सिँचाइ, उन्नत कृषिः समृद्ध प्रदेश सुखी प्रदेशवासी ।

## ४. उद्देश्य

क. सिंचित क्षेत्रको विस्तार गर्नु ।

ख. विद्यमान सिँचाइ आयोजनाको पूर्ण उपयोग गर्नु ।

ग. व्यवस्थित सिँचाइ प्रणालीलाई सुदृढीकरण गर्नु ।

## ५. रणनीति

क. तराईमा ठूला र मझौला तथा पहाड र उच्च भागमा मझौला र साना सिँचाइ प्रणालीको विकास गर्ने ।

ख. सतह सिँचाइको पहुँच नपुग्ने स्थानमा नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीको विकास गर्ने ।

ग. विद्यमान सिँचाइ प्रणालीको नियमित मर्मत सम्भार र पुनर्स्थापना गर्ने ।

घ. संस्थागत सुदृढीकरण तथा अन्तर-सरकार र अन्तर निकाय समन्वय प्रभावकारी बनाउने ।

## ६.जोखिम पक्ष तथा अनुमान

कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा तोकिए बमोजिम बजेटको अभाव र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको कमी हुन सक्ने भई तोकिएको लक्ष्य हासिल गर्न नसकिने आदि अनुमान गरिएको छ ।

## ९.२.२ जलउत्पन्न प्रकोप व्यवस्थापन

## १. पृष्ठभूमि

मनसुनी वर्षा, अति भिरालो भू-बनोट तथा कमजोर भौगोलिक स्थितिले जलउत्पन्न प्रकोपहरू हुने गरेका छन् । जलउत्पन्न प्रकोपको क्षेत्रमा हिमशृङ्खलामा हुन सक्ने सम्भाव्य हिमपहिरोदेखि पहाडमा जाने पहिरो, नदी, खोलामा आउने बाढी, जग्गा कटान र बस्ती डुबानसम्मकाविषय पर्दछन् । अवैज्ञानिक भू-उपयोग तथा जलवायु परिवर्तनसँगै भू-क्षय, बाढी पहिरो, नदीधार परिवर्तन, कटान तथा डुबान जस्ता प्रकोपबाट मानव बस्ती, खेतीयोग्य जमिन र निर्मित पूर्वाधार संरक्षण र प्रकोपको न्यूनीकरण गर्न नवीनतम प्रविधिको उपयोग गर्नु जरुरी छ । संविधानले "जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै प्रकोप जोखिम न्यूनीकरण गर्ने" नीति अवलम्बन गरेको छ । यस प्रदेशमा जलउत्पन्न प्रकोपका दृष्टिले जोखिमयुक्त विरिङ, कनकाई, रतुवा, मावा, कमल आदि नदी तथा ताप्लेजुङको हाङ्देवा लगायतका पहिरो, हिमाली शृङ्खलामा हिमताल विस्फोटको खतरामा छन् ।जनताको तटबन्ध विशेष कार्यक्रम एवम् नियमित नदी नियन्त्रण कार्यक्रम अन्तर्गत नदी नियन्त्रण साथै साना मझौला पहिरो रोकथाम तथा नियन्त्रण भएका छन्।

## २. समस्या तथा चुनौती

जलउत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी प्रदेशको अधिकार स्पष्ट नहुनु, कार्यविधि तयार भइनसक्नु, संस्थागत र जनशक्ति व्यवस्था पर्याप्त नहुनु, आवश्यक बजेटको पर्याप्तता हुन नसक्नु, प्राविधिक जनशक्तिको कमी र अनिश्चितता, मौसमी केन्द्रहरूको सञ्जाल विस्तार गरी मौसम भविष्यवाणी, बाढी पूर्वानुमान र हवाई उडानका लागि मौसमी सूचना प्रदान गर्ने कार्य विस्तार गर्न नसक्नु, विज्ञताको कमी, पहिरो रोकथाममा खासै पहल नहुनु आदि प्रमुख समस्या हुन् ।नदीजन्य पदार्थको अवैज्ञानिक उत्खनन, नदी किनारामा अतिक्रमणका कारण प्राकृतिक बहाबमा अवरोधका कारण कटान, डुबान तथा रोकथामका लागी बनेका भौतिक संरचना समेत जोखिममा रहेका छन् ।

प्रकोप सम्भाव्य क्षेत्रको नक्साङ्कन गर्नु, जोखिम सूचना प्रणालीको व्यवस्था गर्नु, अत्यधिक नदी नाला र पहिरोजन्य जोखिम नियन्त्रणका लागि आर्थिक स्रोतको व्यवस्थापन गर्नु, जलाधार क्षेत्रको संरक्षण गर्नु, नदी

दोहन र अतिक्रमण रोक्नु, वनक्षेत्रको विनाश हुँदै जानु, जोखिमयुक्त क्षेत्रमा बस्ती विकास हुनु, पूर्वाधार निर्माण पूर्व वातावरण र जोखिम पक्षको अध्ययन गर्ने परिपाटी स्थापित गर्नु नदीजन्य पदार्थको अत्यधिक दोहन हुनु आदि प्रमुख चुनौती हुन् ।

### ३. क्षेत्रगत सोच

जलउत्पन्न प्रकोप जोखिम न्यूनीकरण, सुरक्षित जीवन ।

### ४. उद्देश्य

जलउत्पन्न प्रकोप न्यूनीकरण गर्दै नदी कटान तथा बाढी पहिरोजन्य क्षति कम गर्नु ।

### ५. रणनीति

क. जलउत्पन्न प्रकोपको जोखिम घटाउने ।

ख. संस्थागत सुदृढीकरण र अन्तर-सरकार समन्वय गर्ने ।

### ६. जोखिम पक्ष तथा अनुमान

कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा तोकिए बमोजिम बजेटको अभाव र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको कमी हुन सक्ने भई तोकिएको लक्ष्य हासिल गर्न नसकिने आदि अनुमान गरिएको छ ।

### ९.२.३ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | कृषियोग्य भूमिमा दिगो र भरपर्दो सिँचाइ सुविधा विस्तार | प्रतिशत | ४२.६ | ४४.२ | ४५.० | ४६.० | ४८.० |
| २ | सतह नयाँ सिँचाइ क्षेत्र विस्तार | हेक्टर (लाखमा) | ३.२६ | ३.२७ | ३.२८ | ३.२९ | ३.३ |
| ३ | भूमिगतसिँचाइ(स्यालो तथा डिपट्युवेल) | संख्या | ३०२७३ | ३०३०० | ३०३४५ | ३०३६५ | ३०३८४ |
| ४ | व्यवस्थित सिँचाइ प्रणाली सुदृढीकरण | हेक्टर (लाखमा) | २.५६ | २.६४ | २.७२ | २.८० | २.८८ |

### ९.२.४ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | स्थानीय तह अनुदान | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान |
| २०८०/८१ | ३०२९११० | २५०४९५ | २४८५८९२ | २९२७२३ | १०६८३४६ | ९८६९६४ | ९७३८०० |
| २०८१/८२ | ३१९३१४७ | २७६८२० | २६००१८७ | ३१६१४१ | १०२८६८५ | ११३५९१२ | १०२८५५० |
| २०८२/८३ | ३४७१७०७ | २९०६६१ | २८४९०९८ | ३३१९४८ | ११७६३६७ | ११९२७०८ | ११०२६३२ |

### ९.२.५ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्ट्याई | | आगामी तीन वर्षको लागि उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्ट्याई | |
| ३३७०३०१ | सिँचाइ प्रणाली मर्मत सम्भार कार्यक्रम | सिँचाइ क्षेत्र वृद्धि तथा सिँचाइ सेवा उपलब्ध | सालबसाली | | व्यवस्थित सिँचाइ | विद्यमान सिँचाइ आयोजनाको उपयोग |
| ३३७९११ | सिँचाइ प्रणाली मर्मत सम्भार कार्यक्रम | सिँचाइ क्षेत्र वृद्धि तथा सिँचाइ सेवा उपलब्ध | सालबसाली | | व्यवस्थित सिँचाइ | विद्यमान सिँचाइ आयोजनाको उपयोग |
| ३१३९११३ | नदी नियन्त्रण कार्यक्रम | बाढी पहिरोबाट हुने जनधनको क्षति न्यूनीकरण गर्ने | सालबसाली | २५५८०० | जग्गा उकास, पहिरो नियन्त्रण | जलउत्पन्न प्रकोप न्यूनीकरण (जमिन उकास) |
| ३१३९११२७ | नयाँ प्रविधिमा आधारित नदी नियन्त्रण कार्यक्रम | बाढी पहिरोबाट हुने जनधनको क्षति न्यूनीकरण गर्ने | सालबसाली | ३३५०० | जग्गा उकास, पहिरो नियन्त्रण | जलउत्पन्न प्रकोप न्यूनीकरण (जमिन उकास) |
| ३३७९११२ | समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना | सिँचाइ क्षेत्र वृद्धि तथा सिँचाइ सेवा उपलब्ध | क्रमागत | | व्यवस्थित सिँचाइ | विद्यमान सिँचाइ आयोजनाको उपयोग |
| | सिँचाइ पुनर्स्थापना आयोजना (कुवेत फण्ड) | सिँचाइ क्षेत्र वृद्धि तथा सिँचाइ सेवा उपलब्ध | क्रमागत | | व्यवस्थित सिँचाइ | विद्यमान सिँचाइ आयोजनाको उपयोग |
| ३३७९११ | समृद्ध तराई मधेस सिँचाइ विशेष कार्यक्रम | सिँचाइ क्षेत्र वृद्धि तथा सिँचाइ सेवा उपलब्ध | सालबसाली | | व्यवस्थित सिँचाइ | विद्यमान सिँचाइ आयोजनाको उपयोग |

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्ट्याई | | आगामी तीन वर्षको लागि उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्ट्याई | |
| ३३७४११ | भूमिगत स्यालो तथा डिप ट्युबबेल सिँचाइ आयोजना | सिँचाइ क्षेत्र वृद्धि तथा सिँचाइ सेवा उपलब्ध | सालबसाली | ५४३०० | सिंचित क्षेत्र वृद्धि | विद्यमान सिँचाइ आयोजनाको उपयोग |
| ३३७४११ | मझौला सिँचाइ आयोजना | सिँचाइ क्षेत्र वृद्धि तथा सिँचाइ सेवा उपलब्ध | सालबसाली | ४७९१०० | सिंचित क्षेत्र वृद्धि | विद्यमान सिँचाइ आयोजनाको उपयोग |
| ३१३४११ | एकीकृतऊर्जा तथा सिँचाइ विशेष कार्यक्रम (संघ सशर्त अनुदान) | सिँचाइ क्षेत्र वृद्धि तथा सिँचाइ सेवा उपलब्ध | क्रमागत | ७२२००१ | सिंचित क्षेत्र वृद्धि | विद्यमान सिँचाइ आयोजनाको उपयोग |

## ९.३ ऊर्जा

### ९.३.१ जलविद्युत

#### १. पृष्ठभूमि

नेपालको लागि जलविद्युत नै ऊर्जाको महत्त्वपूर्ण एवम् भरपर्दो स्रोत हो । नेपालको संविधानले जनसहभगितामा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको बहुपयोगी विकास गर्ने नीतिगत व्यवस्था गरेको छ। यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा ऊर्जा क्षेत्रको योगदान १.४७ प्रतिशत रहेको छ ।संविधानले जलस्रोतको बहुपयोगी विकास गर्ने, नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकका आधारभूत आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जाको आपूर्ति गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने कुरा निर्देशित गरेको छ । प्रदेश स्तरको विद्युत, सिँचाइ र खानेपानी सेवा प्रदेश सरकारको अधिकार सूचीमा रहेको छ । प्रदेश सरकारले जलस्रोतको योजना तर्जुमा गर्दा खानेपानी, सिँचाइ, प्रकृति अनुकूलन पर्यटन तथा मत्स्यपालन र जलविद्युत गरी चार वर्गमा प्राथमिकताक्रम निर्धारण गरेको छ । प्रदेशमा प्रदेश विद्युत ऐन २०७६ निर्माण भएको छ।

यस प्रदेशमा नेपालको जलस्रोतको जलाधार क्षेत्रको २८ प्रतिशतभन्दा बढी क्षेत्र रहेको छ । नेपालबाट बग्ने वार्षिक औसत २२४ अर्ब घनमिटर जलमध्ये २२ प्रतिशतभन्दा बढी (४९.१३ अर्ब घनमिटर) पानी यसै प्रदेश भएर बग्दछ । यस प्रदेशमा करिब ३४,००० मेगावाट जलविद्युत उत्पादनको सम्भावना रहेको छ । हालसम्म यस प्रदेशमा स-साना - तथा ठूला प्लान्टबाट करिब ५१४ मेगावाट विद्युत उत्पादन भइरहेको देखिन्छ। करिब २६०२ मेगावाट विद्युत शक्ति क्षमताका ६६ वटा आयोजना उत्पादन अनुमति लिई निर्माणको चरणमा छन् भने ३३२१ मेगावाट क्षमताका ३६ वटा आयोजनाले सर्वेक्षण अनुमति पाएका छन्। यी दुबैलाई जोड्दा यस प्रदेशमा ढिलो चाँडो ५९२३ मेगावाट विद्युत शक्ति उत्पादन हुन सक्ने अवस्था देखिन्छ ।

यस प्रदेशको लगभग ९७ प्रतिशत घरधुरीमाविद्युतको पहुँचमा छ जसमध्येअधिकांश (९०%) ले विद्युत घरायसी प्रायोजनका निम्ति प्रयोग गर्छन् भने लगभग ७ प्रतिशतले सिँचाइको लागिविद्युतको प्रयोग गर्दछन् । यस प्रदेशका विभिन्न जिल्लाहरूमा निर्माण सम्पन्न ४२ वटा जलविद्युत आयोजनाहरूबाट ५१४.२ मेगावाट विद्युत उत्पादन भइरहेको छ ।

## २. समस्या तथा चुनौती

विद्युतसँग सम्बन्धित प्रादेशिक संस्थागत संरचना तयार भई नसक्नु, लाभ लागतको समुचित बाँडफाँट सम्बन्धी नीतिगत व्यवस्थाको कमी, पहिचान गरिएका ठूला आयोजनामा पहुँच मार्ग नहुनु, थुप्रै ग्रामीण भेगमा विद्युतको पहुँच नहुनु, जग्गा अधिकरणमा विवाद भई विलम्ब हुनु, वातावरणीय अध्ययन स्वीकृतिमा अत्यधिक समय लाग्नु, विद्युत चुहावट हुनु, स-साना जलविद्युत आयोजनाको मर्मत सम्भार र पुनरुत्थान हुन नसक्नु, प्रसारण लाइनको अपर्याप्तता, विद्युत उत्पादन र प्रसारण आयोजनामा स्थानीय अवरोध हुनु, विद्युत अनुमति पत्र लिई ओगट्ने प्रवृत्ति रहनु, सेवा गुणस्तरीय नहुनु, स-साना आयोजनाबाट उत्पादित विद्युत राष्ट्रिय प्रसारण लाइनमा जोड्न नसक्नु, विद्युत उपयोगमा सचेतनाको कमि हुन आदि प्रमुख समस्या हुन् ।

अनुमति प्राप्त आयोजनाको निर्माण गराउनु, आयोजना सञ्चालनका लागि विभिन्न सरोकारवाला निकायबिच समन्वय गर्नु, उच्च विद्युत आयोजना लागत अनुसारको स्रोत व्यवस्थापन गर्नु, निर्माणाधीन आयोजना समयमै सम्पन्न गर्नु, विद्युत चुहावट रोक्नु, विद्युत नपुगेका ग्रामीण क्षेत्रमा विद्युतीकरण गर्नु, जग्गा अधिकरण र वातावरणीय अध्ययन स्वीकृतिको प्रक्रियालाई द्रुत गतिमा सम्पन्न गर्नु, विद्युत आयोजनामा स्थानीय जनताको लागत साझेदारी सुनिश्चित गर्नु, निर्माण लागत पुँजी तथा ब्याज दरमा तरलता बढी हुनु, पहुँच सडकको निर्माण गर्नु, विद्युत पुगेका शहरहरुमा भएको भोल्टेजको उतार चढाव बारम्बार विद्युत कटौती, आन्तरिक खपत बढाउनु आदि प्रमुख चुनौती हुन् ।

## ३. क्षेत्रगत सोच

प्रदेशको समृद्धिको आधारः जलविद्युतको विकास ।

## ४. उद्देश्य

प्रदेशमा विद्युत उत्पादन, प्रसारण र वितरण क्षमता  साथै खपतमा वृद्धि गर्नु ।

## ५. रणनीति

क. जलविद्युत क्षेत्रमा लगानी बढाई उत्पादन वृद्धि गर्ने ।
ख. विद्युत प्रसारण र वितरण व्यवस्था प्रभावकारी बनाउने ।
ग. अन्तर-सरकार समन्वय गरी विद्युत उत्पादक र वितरक संघ संस्थाको क्षमता अभिवृद्धि गर्ने ।

### ९.३.२ सौर्य तथा अन्य नवीकरणीय ऊर्जा

#### १. पृष्ठभूमि

सौर्य ऊर्जा, वायु ऊर्जा, बायो ग्याँस आदिलाई प्रमुख नवीकरणीय ऊर्जाको रूपमा लिन सकिन्छ । नवीकरणीय ऊर्जाले देशको ऊर्जाको आवश्यकता पुरा गर्न महत्त्वपूर्ण परिपूरकको भूमिका खेल्न सक्छ । संविधानले नवीकरणीय ऊर्जाको उत्पादन तथा विकास गर्दै नागरिकको आवश्यकता परिपूर्तिका लागि सुपथ र सुलभ रूपमा भरपर्दो ऊर्जा आपूर्ति सुनिश्चित गर्ने तथा ऊर्जाको समुचित प्रयोग गर्ने भन्ने व्यवस्था रहेको छ ।

यस प्रदेशमा खाना पकाउन प्रयोग हुने इन्धनका स्रोतहरूको अवस्था हेर्दा सबैभन्दा धेरै दाउरा (५३.३८ प्रतिशत) को प्रयोग भएको देखिन्छ । अन्य ऊर्जा उपभोगमा सौर्य ऊर्जाको अनुपात ५.०३ प्रतिशत रहेको छ भने प्रदेशमा ९ हजार परिवारले नवीकरणीय ऊर्जाको उपयोग गरेको देखिन्छ ।

#### २. समस्या तथा चुनौती

नवीकरणीय ऊर्जाको सम्भाव्यता र विद्यमान आपूर्ति सम्बन्धी तथ्याङ्क नहुनु, नवीकरणीय ऊर्जालाई राष्ट्रिय प्रसारणमा आबद्ध गर्न नसक्नु/नदिनु, नवीकरणीय ऊर्जा सम्बन्धी स्पष्ट नीति तथा योजना तर्जुमा नहुनु, प्रविधि एवम् प्राविधिक ज्ञानको पहुँचमा कमी, नवीकरणीय ऊर्जा सम्बन्धी नीतिगत अस्पष्टता रहनु आदि प्रमुख समस्या हुन् ।

नवीकरणीय ऊर्जाका सम्भावित क्षेत्र र क्षमताको अध्ययन गर्नु,सबल सङ्गठनात्मक व्यवस्था र जनशक्तिको व्यवस्था गर्नु, नवीकरणीय ऊर्जाका ठूला प्रकृति र व्यावसायिक उत्पादनलाई विद्युत खरिद बिक्री सम्झौता (PPA) गरी राष्ट्रिय प्रसारणमा आबद्ध गर्नु, नवीकरणीय ऊर्जाका सामग्री (प्रविधि) को उत्पादन गर्नु आदि प्रमुख चुनौती हुन् ।

#### ३. क्षेत्रगत सोच

स्वच्छ ऊर्जा सरल जीवन : उत्पादन वृद्धि वातावरण अनुकूलन ।

#### ४. उद्देश्य

विद्युत आपूर्तिमा अन्य नवीकरणीय ऊर्जा मार्फत विद्युत/ उर्जा पहुँच पुऱ्याउनु ।

#### ५. रणनीति

सौर्य तथा अन्य नवीकरणीय ऊर्जाको उत्पादन, प्रयोग र वितरण बढाउने ।

### ९.३.३ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ९४ | ९७ | ९७.४ | ९८.९ | १००.० |
| २ | जलविद्युत उत्पादन जडित क्षमता | मेगावाट | २९८.२८ | ५१४.२ | ६००.० | ७१५.० | ८३०.० |
| ३ | ऊर्जा उपभोगमा सौर्य तथा अन्य नवीकरणीय ऊर्जाको अनुपात | प्रतिशत | २.६५ | २.७ | २.७५ | २.८ | २.९ |

### ९.३.४ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान |
| २०८०/८१ | १७२००० | २००० | १६०००० | १०००० | १६२००० | - | १०००० |
| २०८१/८२ | २०९१०० | ६००० | १९०५०० | १२६०० | १९८६०० | - | १०५०० |
| २०८२/८३ | २३२६५८ | ७५०० | २११५५० | १३६०८ | २२११०८ | - | ११५५० |

### ९.३.५ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्ट्याई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्ट्याई | |
| ३३७९११२ | राष्ट्रिय ग्रामीण नवीकरणीय ऊर्जा कार्यक्रम | ऊर्जा मार्फत विद्युतमा पहुँच | सालबसाली | | भरपर्दो व्यवस्थित ऊर्जा उपलब्धता | आधुनिक ऊर्जाको पहुँच बढाउनु |
| | खानेपानी सिँचाइ तथा ऊर्जा मन्त्रालय | • ग्रामीण सौर्य लिफ्ट खानेपानीआयोजना<br>• केन्द्रीकृतसोलर लाइटिङ सिस्टम (प्रदेशका मुख्य बजारहरूमा)<br>• सौर्य सिँचाइ प्रणाली जडान (साना सिँचाइ)<br>• Solar Backup System (Institutional)<br>• प्रमुख धार्मिक तथा पर्यटकीय स्थलमा केन्द्रीकृतसौर्य विद्युतीकरण<br>• मिनी/माइक्रो हाइड्रोमर्मत<br>• उच्च पहाडी तथा हिमाली जिल्लाका लागी दुई/तीन मुखे फलामे/सुधारिएको चुलो<br>• कृषि समूह तथा फार्महरूलाई सोलर ड्रायर<br>• नमुना विद्यालय छनोट गरी Solar Backup System | सालबसाली | | भरपर्दो व्यवस्थित ऊर्जा उपलब्धता | आधुनिक ऊर्जाको पहुँच बढाउनु |

### ९.३. ६ जोखिम पक्ष तथा अनुमान

पर्याप्त प्राविधिक तथा प्रशासनिक कर्मचारी व्यवस्थापन भएमा आयोजना सञ्चालनमा सहजीकरण हुने र समपूरक र विशेष अनुदानबाट प्राप्त हुने रकम बाँडफाँट भई समयमै प्राप्त भएमा, ठेक्का प्रक्रियामा हुने ढिला-सुस्तीको

अन्त्य भएमा, जलविद्युत क्षेत्रमा लगानीको लागि पुँजी बजार अभिवृद्धि भएमा र प्रभावकारी करार व्यवस्थापन गर्न सकेमा अपेक्षित उपलब्धि हासिल हुने देखिन्छ । साथै खानेपानी तथा सरसफाइ क्षेत्रमा आधारभूत स्तरको खानेपानी आयोजनाको साथसाथै प्रशोधन सहितका उच्च मध्यमस्तरका खानेपानी आयोजनालाई प्राथमिकता दिँदै प्रदेशका नागरिकलाई सुरक्षित खानेपानी सेवा उपलब्ध गराउने तर्फ जोड दिँदै जानुपर्ने देखिन्छ । सरसफाइ क्षेत्रमा खुला दिसामुक्त अभियानको सफलता पश्चात् पूर्ण सरसफाइ कार्यक्रमको सफल कार्यान्वयनको लागि राष्ट्रिय, प्रादेशिक र जिल्लास्तरीय समन्वय संयन्त्र स्थापना गरी कार्यक्रमलाई समय सापेक्ष अगाडी बढाउनुपर्ने देखिन्छ।

# परिच्छेद १०
# पर्यटन, वन तथा वातावरण मन्त्रालय

## १०.१ वन, वातावरण तथा जलाधार व्यवस्थापन

### १.पृष्ठभूमि

प्रदेशका आर्थिक र सामाजिक विकासका मेरुदण्डका रूपमा रहेका कृषि, पशुपालन, पर्यटन, जलस्रोत, उद्योग आदिको आधारस्तम्भको रूपमा वनक्षेत्र रहेको छ । नेपालमा कुल भू-भागको ४१.६९ प्रतिशत वन र ३.६२ प्रतिशत बुट्यान गरी ४५.३१ प्रतिशत क्षेत्रफल वन क्षेत्रले ओगटेको छ । नेपालको कुल वनक्षेत्रमध्ये सबैभन्दा बढी वन क्षेत्र १८.८ प्रतिशत कोशी प्रदेशमा पर्दछ । साथै प्रदेशमा ४४.४४ प्रतिशत वन र ४.५२ प्रतिशत बुट्यान गरी ४८.९६ प्रतिशत भू-भाग वन क्षेत्रले ओगटेको छ । बढ्दै गएको वनक्षेत्रलाई नवीकरणीय वनस्रोतको रूपमा संरक्षण तथा व्यवस्थापन गरी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा र पर्यावरणीय सेवामा उल्लेख्य योगदान दिन सक्ने पर्याप्त अवसर रहेको छ । यस प्रदेशको वन तथा जलाधारको संरक्षण, व्यवस्थापन र नियमन गर्न प्रदेश वन ऐन, २०७७ लागू भएको छ ।

जैविक विविधताको धनी यो प्रदेश अन्तर्गतका प्राकृतिक स्रोतमध्ये वन, जैविक विविधता तथा जलाधार क्षेत्र प्रत्यक्ष जनताको जीविकोपार्जनसँग जोडिएको महत्त्वपूर्ण विषय भएको हुनाले यसको र भू-परिधिस्तर सुधार समेत गर्दै दिगो वन, भू-संरक्षण तथा जलाधार व्यवस्थापन मार्फत प्रदेशको समृद्धि र प्रदेशको प्रथम आवधिक योजनाले अङ्गीकार गरेको सोच "स्वच्छ, सुखी र समुन्नत प्रदेश" तर्फ अग्रसर हुने प्रचुर सम्भावना रहेको छ ।

समुदायले व्यवस्थापन गरिरहेको राष्ट्रिय तथा प्रादेशिक वनहरूको उत्पादकत्व वृद्धि, गैरकाष्ठ वन पैदावार र अन्य वन पैदावार तथा वातावरणीय सेवाहरूको विविधीकरण, बजारीकरण र प्रवर्द्धनको माध्यमबाट थप लाभ लिई प्रादेशिक र राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन सक्ने सम्भावनाहरू रहेका छन् । प्रदेशका बहुमूल्य जडीबुटीहरूको देश भित्रै प्रशोधन तथा मूल्य अभिवृद्धिका चरणहरू पूरा गरी नेपालमा बनाउ (Make in Nepal) अभियानका साथ उत्पादनहरूको व्यवसायीकरण गर्न सक्ने सम्भावना रहेको छ । वार्षिक रूपमा औसतमा प्रति समूह ६४० व्यक्ति रोजगारी सृजना हुने तथ्याङ्कको आधारमा प्रदेश अन्तर्गतका समुदायमा आधारित वन व्यवस्थापन समूहहरूले करिब २३ लाख श्रम दिन रोजगारी सृजना गर्ने अवसर रहेको छ । वन उपभोक्ताहरूको क्षमता अभिवृद्धि गर्दै लैङ्गिक तथा सामाजिक समावेशीकरण र सुशासनलाई ध्यान दिँदै वनबाट प्राप्त लाभलाई समन्यायिक बाँडफाँटको उचित व्यवस्थापन गर्दै अघि बढ्नु पर्ने देखिन्छ। तसर्थ दिगो वन व्यवस्थापन मार्फत आर्थिक समृद्धि र नागरिकमा सुखको अनुभूति सृजना गर्न विद्यमान संरक्षणमुखी सोचमा आधारित वन व्यवस्थापनलाई वन संवर्धन प्रणालीमा आधारित उत्पादनमुखी व्यवस्थापन र सोबाट प्राप्त लाभको समन्यायिक बाँडफाँटको व्यवस्थापनको साथै वन, भू-संरक्षण तथा जलाधार व्यवस्थापनबाट प्राप्त हुने पर्यावरणीय सेवाको अभिलेखीकरण गर्दै यी सेवा स्थानीय जनता माझ पुऱ्याउनु यस मन्त्रालयको प्रमुख जिम्मेवारी रहेको छ।

## २. समस्या तथा चुनौती

सामाजिक, आर्थिक तथा वातावरणीय महत्त्व बोकेको वन क्षेत्रमा प्रचुर सम्भावना भएपनि उपयुक्त दिगो वन व्यवस्थापन पद्धतिको अभावले वन क्षेत्रको उत्पादकत्व वृद्धि हुन सकेको छैन । वन पैदावारको आपूर्ति माग अनुसार सहज र सरल हुन सकेको छैन । वन विस्तार, संरक्षण र उत्पादनमा निजी क्षेत्रको सहभागिता उत्साहवर्धक रहेको छैन । नदी कटान, भू-क्षय, वन डढेलो, अनियन्त्रित चरिचरन, नदी प्रणालीबाट अनियन्त्रित ढुङ्गा, गिट्टी, बालुवा सङ्कलन तथा वन वन्यजन्तुको अवैध चोरी शिकारी, संस्थागत अतिक्रमण, मानव-वन्यजन्तु द्वन्द्व र कानून कार्यान्वयनमा अन्तर-निकाय/अन्तर-सरकार समन्वय तथा सहकार्यको कमी वन क्षेत्र व्यवस्थापनमा रहेका थप समस्याहरू हुन् ।

भू-संरक्षण तथा जलाधार क्षेत्र व्यवस्थापनसम्बन्धी नीतिगत कानूनी व्यवस्था नभएकोले यो क्षेत्रको प्रभावकारी संरक्षण, व्यवस्थापन तथा सदुपयोग हुन सकेको छैन । प्रदेशको आर्थिक सामाजिक विकासका प्रशस्त अवसरहरू बोकेको वन, जैविक विविधता तथा जलाधार क्षेत्रको समुचित व्यवस्थापन तथा दिगो उपयोग गर्न नसक्नु आदि प्रमुख चुनौती हुन् ।

## ३. क्षेत्रगत सोच

क. वन, वातावरण तथा जैविक विविधताको दिगो उपयोगः स्वच्छ र समृद्ध प्रदेश । (वन, वातावरण तथा जैविक विविधता)

ख. व्यवस्थित र संरक्षित जलाधारः जीवनको आधार ।(भू तथा जलाधार)

## ४. उद्देश्य

क. वनक्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्नु ।

ख. वनक्षेत्रको विकास एवम् दिगो व्यवस्थापन गर्दै वातावरण, जैविक विविधता र जलाधारको संरक्षण गर्नु ।

ग. उच्च मूल्यका जडीबुटी र गैरकाष्ठ वन पैदावारको उत्पादन र मूल्य अभिवृद्धि गरी निर्यात प्रवर्द्धन गर्नु।

घ. जलाधार क्षेत्रहरूको एकीकृत व्यवस्थापनबाट जल र भूमिको संरक्षण गर्नु ।

ङ. मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन तथा न्यूनीकरण गर्नु ।

च. वातावरण स्वच्छताको लागि प्रदूषणन्यूनीकरण तथा वातावरणीय सेवाको प्रभावकारी व्यवस्थापन गर्नु।

## ५. रणनीति

क. वनक्षेत्र तथा जैविक विविधताको वैज्ञानिक व्यवस्थापन र उपयोगमा स्थानीय जनताको पहुँच बढाउने ।

ख. अन्तर-सरकार, सरोकारवाला निकाय र निजीक्षेत्रसँगको समन्वयात्मक रूपमा कार्यक्रम सञ्चालन गर्ने ।

ग. वनक्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गरी वनक्षेत्रलाई आय-आर्जन र रोजगारीसँग जोडने ।

घ. जैविक विविधताको संरक्षण, वातावरणीय सेवाको प्रवर्द्धन र पर्या-पर्यटनको विकास गर्ने ।

ङ. वनक्षेत्रभित्र धरातलीय सम्भाव्यताका आधारमा उच्च मूल्यका जडीबुटीको विकास र विस्तार गरी निर्यात प्रवर्द्धन गर्ने ।

च. नदी प्रणालीमा आधारित एकीकृत भू-संरक्षण तथा जलाधार व्यवस्थापन गरी निजी तथा सार्वजनिक जमिनको उत्पादकत्व अभिवृद्धि गर्दै भू तथा जलजन्य प्रकोप न्यूनीकरण गर्ने ।

छ. मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन तथा न्यूनीकरणको लागि सरोकारवालासँग समन्वय र सहकार्य गर्ने।

ज. जल, वायु र ध्वनिप्रदूषण नियन्त्रणको लागि स्थानीय तहको समन्वयमा प्रदूषणन्यूनीकरणकालागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | वनले ढाकेको क्षेत्रफल | प्रतिशत | ४४.४४ | ४४.४४ | ४४.४६ | ४४.५१ | ४४.५६ |
| २ | अन्य काष्ठ तथा बुट्यान क्षेत्रले ढाकेको क्षेत्रफल | प्रतिशत | ४.५२ | ४.५२ | ४.५० | ४.४५ | ४.४० |
| ३ | जैविक विविधता संरक्षण भएको क्षेत्र | वर्गकि.मि. | ६१३६ | ६१३६ | ६३७० | ६३७० | ६३७० |
| ४ | समुदायबाट व्यवस्थापन भएको वन समूह | संख्या | ४७६३ | ४७७० | ४७७५ | ४७८० | ४७८५ |
| ५ | समुदायबाट व्यवस्थापन भएको वनको क्षेत्रफल | हजार हेक्टर | ४५७.३६ | ५९२.१४ | ५९२.१६ | ५९२.१८ | ५९२.१९ |
| ६ | उच्च मूल्यका जडीबुटी र गैरकाष्ठ वन पैदावारको उत्पादन | मे. टन | ४०३८.६४ | ३८४२ | ४००० | ४५०० | ५००० |
| ७ | काठ उत्पादन | लाख क्यु.फि | १५७.५९ | २१७.९६ | ३००.०० | ३५०.०० | ४००.०० |
| ८ | दाउरा उत्पादन | चट्टा | २७४९ | २९१२ | ३००० | ३५०० | ४००० |
| ९ | राजस्व | रु. लाख | ३१३८.२२ | २०५७.२९ | ३५००.० | ४०००.० | ४५००.० |
| १० | मू.अ. कर | रु. लाख | ५८३३.१६ | ६८१४.७५ | ७०००.०० | ७५००.०० | ८०००.०० |
| ११ | प्रदेश सेवा शुल्क | रु. लाख | ३२८.२८ | ४५६.७२ | ४७०.०० | ५००.०० | ६००.०० |
| १२ | पानी मुहान, पोखरी संरक्षण र सिमसार क्षेत्र व्यवस्थापन | संख्या | ३९ | ३५ | ४५ | ५० | ५५ |
| १३ | सडकसँग भू-संरक्षण कार्यक्रम | कि.मि. | ९ | १४ | २५ | ३० | ३५ |
| १४ | वायोइन्जिनियरिङ | कि.मि. | १०.७ | ३६ | ५० | ७० | ९० |

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| | खोला किनारा संरक्षण | | | | | | |
| १५ | एकिकृत भूस्खलन नियन्त्रण | स्थान | १६ | ४० | ७५ | १०० | १२५ |
| १६ | जलवायु परिवर्तन अनुकूलन नमुना गाउँ कार्यक्रम | स्थान | १६ | १९ | २२ | २६ | ३० |
| १७ | वायु प्रदूषणको मात्रा | $\mu g/m^3$ | ५१.४६ | ५०.२५ | ४९.७१ | ४८.०५ | ४७.६३ |
| १८ | जलवायु परिवर्तन सम्बन्धी पठनपाठन हुने विद्यालय संख्या | वटा | ९५ | ९७ | १०१ | १०५ | ११० |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | स्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान |
| २०८०/८१ | १८१०९९० | १२२७७९० | ५८३२०० | १२८६२०० | १०५२९० | ४१९५०० |
| २०८१/८२ | १९५५८६९ | १३२६०१३ | ६२९८५६ | १३९७३५९ | १०५४५० | ४५३०६० |
| २०८२/८३ | २०८५१५५ | १३९२३१४ | ६९२८४२ | १४७९४६७ | ११८९०० | ४८६७८८ |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | लागत र पुस्टयाई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत (रु. हजारमा) | पुस्टयाई | |
| ३२९०००११ | पर्यटनत, वन, तथा वातावरण मन्त्रालय | मन्त्रालयका काम कारबाहीलाई पारदर्शी, जबाफदेही, सदाचारयुक्त र प्रविधिमैत्री बनाई कर्मचारीको क्षमता अभिवृद्धि गर्ने | सालबसाली | १०१२०० | | • मन्त्रालयको काम कारबाहीमा पारदर्शिता, स्वच्छता र निष्पक्षतामा अभिवृद्धि भएको हुने<br>• सम्पादन हुने कामको कार्यविधि र अभ्यास बढी मितव्ययी र सदाचारयुक्त भएको हुने<br>• कर्मचारीमा जिम्मेवारी, उत्तरदायित्व र जबाफदेहीताको पक्षमा सुधार आएको हुने<br>• प्रविधिमैत्री कार्यस्थल, कार्यसम्पादनको स्तरमा थपसुधार आएको हुने |
| ३२९००१०१ | वातावरण संरक्षण कार्यक्रम | प्रदूषण नियन्त्रण सहितको वातावरण व्यवस्थापनका लागि आवश्यक प्रादेशिक नीति, कानून र प्रभावकारी संरचना निर्माण गर्नुका साथै शोध, अनुसन्धान र क्षमता अभिवृद्धि गर्नु | सालबसाली | १२९०० | | • कम्तीमा १ वटा वातावरण प्रदूषण परीक्षण प्रयोग शाखा स्थापना भएको हुने<br>• मुख्य-मुख्य शहरमा वायु गुणस्तर मापन केन्द्र स्थापना भएको हुने |
| ३२९०१०११ | प्रदेश वन निर्देशनालय | निर्देशनालय र मातहत निकायको काम कारबाहीलाई पारदर्शी, जबाफदेही, सदाचारयुक्त र | सालबसाली | ५७४०० | | • कार्यालय/निकायको काम कारबाहीमा पारदर्शिता, स्वच्छता र निष्पक्षतामा अभिवृद्धि भएको हुने<br>• सम्पादन हुने कामको कार्यविधि र अभ्यास बढी मितव्ययी र सदाचारयुक्त भएको हुने<br>• कर्मचारीमा जिम्मेवारी, उत्तरदायित्व र जबाफदेहीताको स्पष्ट रूपमा सुधार आएको हुने<br>• प्रविधिमैत्री कार्यस्थल, कार्यसम्पादनकोस्तरमा थपसुधार आएको हुने |

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | लागत र पुस्ट्याई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत (रु. हजारमा) | पुस्ट्याई | |
| | | प्रविधिमैत्री बनाई कर्मचारीको क्षमता अभिवृद्धि गर्ने | | | | |
| ३२९०१०१२ | डिभिजन वन कार्यालयहरू | डिभिजन वन कार्यालयको काम कारबाहीलाई पारदर्शी, जबाफदेही, सदाचारयुक्त र प्रविधिमैत्री बनाई कर्मचारीको क्षमता अभिवृद्धि गर्ने | सालबसाली | ७८१९०० | | • कार्यालय/निकायको काम कारबाहीमा पारदर्शिता, स्वच्छता र निष्पक्षतामा अभिवृद्धि भएको हुने,<br>• सम्पादन हुने कामको कार्यविधि र अभ्यास बढी मितव्ययी र सदाचारयुक्त भएको हुने,<br>• कर्मचारीमा जिम्मेवारी, उत्तरदायित्व र जबाफदेहीताको स्पष्ट रूपमा सुधार आएको हुने,<br>• प्रविधिमैत्रीकार्यस्थल, कार्यसम्पादनकोस्तरमाथपसुधारआएकोहुने |
| ३२९०३०११ | भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू | भू तथा जलाधार व्यवस्थापन कार्यालयको काम कारबाहीलाई पारदर्शी, जबाफदेही, सदाचारयुक्त र प्रविधिमैत्री बनाई कर्मचारीको क्षमता अभिवृद्धि गर्ने | सालबसाली | ३४००० | | • कार्यालय/निकायको काम कारबाहीमा पारदर्शिता, स्वच्छता र निष्पक्षतामा अभिवृद्धि भएको हुने<br>• सम्पादन हुने कामको कार्यविधि र अभ्यास बढी मितव्ययी र सदाचारयुक्त भएको हुने<br>• कर्मचारीमा जिम्मेवारी, उत्तरदायित्व र जबाफदेहीताको स्पष्ट रूपमा सुधार आएको हुने<br>• प्रविधिमैत्री कार्यस्थल, कार्यसम्पादनको स्तरमा थप सुधार आएको हुने |

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | लागत र पुस्ट्याई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत (रु. हजारमा) | पुस्ट्याई | |
| ३२९०३१०१ | भू तथा जलाधार व्यवस्थापन कार्यक्रम | • जलाधार सम्पदाको उत्पादकत्व, उत्पादन र वातावरणीय सेवामा अभिवृद्धि गर्नु | सालबसाली | १००००० | | • एकीकृत जलाधार व्यवस्थापन सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुने<br>• पहिरो तथा क्षतिग्रस्त भूमिको पुनरुत्थानको लागि कम खर्चिलो प्रविधि र कृषि वन प्रणालीको विकास गरी प्रविधि हस्तान्तरण गरेको हुने<br>• जलाधार संरक्षण र संवर्द्धन गर्न सार्वजनिक र निजी जग्गामा जल पुनर्भरणका लगि विशेष कार्यक्रम सञ्चालन भएको हुने |
| ३२९००१०२ | वन्यजन्तु तथा वासस्थान संरक्षण कार्यक्रम | वन्यजन्तु तथा जैविक विविधताको भू-परिधिस्तर र एकीकृत रूपमा संरक्षण र व्यवस्थापन गर्ने साथै मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा उल्लेखनीय सुधारमा गर्ने | सालबसाली | ३६६०० | | • वन्यजन्तु र तिनको वासस्थान तथा दुर्लभ वनस्पतिको संरक्षण र व्यवस्थापनका भएको हुने<br>• रैथाने तथा सङ्कटापन्न अवस्थामा रहेका प्रजातिको संरक्षणमा संघीय निकायसँग समन्वय गरी समयानुकूल कार्यक्रम कार्यान्वयन गरिएको हुने<br>• हात्ती करिडोर विकास,रेड पाण्डा वासस्थान क्षेत्रको संरक्षण तथा जैविक विविधताले महत्त्वपूर्ण क्षेत्रको पहिचान भई संरक्षण र व्यवस्थापनको काम अगाडी बढेको हुने<br>• वन्यजन्तुको उद्धार र पुनर्स्थापनाको काम र मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा सकारात्मक सुधार भएको हुने |
| ३२९०१९०१ | प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम | वन व्यवस्थापनको माध्यमबाट वनजन्य उद्यम तथा पर्या-पर्यटनको विकास एवं वनजन्य वस्तु तथा सेवाको | सालबसाली | २१२२०० | | • प्रदेश भित्रका प्राकृतिक तथा वृक्षारोपण गरिएको वनको अवस्था अनुसार दिगो रूपमा पुर्ण क्षमतामा काष्ठ र गैरकाष्ठ वन पैदावारको उत्पादनमा वृद्धि भएको हुने<br>• वनक्षेत्रको दिगो संरक्षण, विकास र व्यवस्थापन गर्दैकाठ र गैरकाष्ठ वन पैदावारको उत्पादकत्व र उत्पादन बढाई स्थानीय र राष्ट्रिय आवश्यकता परिपूर्ति भएको हुने। |

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | लागत र पुस्ट्याई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत (रु. हजारमा) | पुस्ट्याई | |
| | | उत्पादन, मूल्य अभिवृद्धि एवं न्यायोचित वितरण टेवा पुर्याउनु | | | | |
| ३२९०११०२ | प्रदेश हरित अभियान कार्यक्रम | | सालबसाली | ९३८०० | | • हिमाली क्षेत्रदेखि तराई क्षेत्र सम्ममा खाली निजी वन वा सार्वजनिक /सामुदायिक, सरकारी जग्गाहरूमा वन विकासको कार्यहरू सञ्चालन भएको हुने<br>• तराई मधेस हरियाली कार्यक्रम मार्फत तराइको खाली/पर्ती/ऐलानी जग्गामा हरियाली अभिवृद्धि भएको हुने<br>• प्रत्येक जिल्लामा १/१ वटा उच्च प्रविधियुक्त वन नर्सरी स्थापना भएको हुने |
| ३२९०२०११ | वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | यस केन्द्रको काम कारबाहीलाई पारदर्शी, जबाफदेही, सदाचारयुक्त र प्रविधिमैत्री बनाई कर्मचारीको क्षमता अभिवृद्धि गर्ने | सालबसाली | २७५०० | | • कार्यालय/निकायको काम कारबाहीमा पारदर्शिता, स्वच्छता र निष्पक्षतामा अभिवृद्धि भएको हुने<br>• सम्पादन हुने कामको कार्यविधि र अभ्यास बढी मितव्ययी र सदाचारयुक्त भएको हुने<br>• कर्मचारीमा जिम्मेवारी, उत्तरदायित्व र जबाफदेहीताको स्पष्ट रूपमा सुधार आएको हुने<br>• प्रविधिमैत्री कार्यस्थल<br>• कार्यसम्पादनको स्तरमा थप सुधार आएको हुने |

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | लागत र पुस्टयाई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत (रु. हजारमा) | पुस्टयाई | |
| ३२९०१०३ | जडिबुटी विकास कार्यक्रम | जडिबुटीको खेती विस्तार, उद्यम स्थापना, मूल्य श्रृंखला अभिबृद्धी गरी बजारीकरणमा सहयोग गर्ने, अन्तारष्ट्रियस्तरको प्रयोगशाला निर्माण गर्ने | सालबसाली | १९४०० | | • जडिबुटी खेति विस्तार<br>• जडिवुटीमा आधारित उद्यम स्थापना<br>• अन्तारष्ट्रिय स्तरको प्रयोगशाला निर्माण |

## ९. जोखिम पक्ष तथा अनुमान

कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा तोकिएबमोजिम बजेटको अभाव र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको कमी हुन सक्ने भई तोकिएको लक्ष्य हासिल गर्न नसकिने आदि अनुमान गरिएको छ ।

## १०.२ पर्यटन

### १. पृष्ठभूमि

राष्ट्रिय अर्थतन्त्रको एक महत्त्वपूर्ण आधारको रूपमा रहेको पर्यटन क्षेत्र यस प्रदेशमा प्रचुर सम्भावना रहेको छ। कोशी प्रदेशको पर्यटन क्षेत्र बहु-विशेषताले भरिपूर्ण रहेको छ । यस प्रदेशमा विश्वको सर्वोच्च शिखर सगरमाथा (८,८४८.८६ मि.)सहित विश्वका आठ हजार मिटरभन्दा अग्ला हिमशिखरहरूमध्ये ५ वटा यसै प्रदेशमा रहेका छन् । त्यसैगरी नेपालको सबैभन्दा होचो स्थान झापाको कचनकवल (५८ मि.) पनि यही प्रदेशमा रहेको छ । नेपालको संविधानले पर्यटनलाई संघ, प्रदेश र स्थानीय गरी तीनै तहको अधिकार सूचीमा समेटिएको छ । नेपाल सरकारले पहिचान गरेका १०० वटा गन्तव्य स्थलमध्ये ३० वटा धार्मिक तथा रमणीय स्थल यस प्रदेश अन्तर्गत पर्दछन् जसमा बराहक्षेत्र, पाथीभरा, हलेसी महादेव, कन्याम, तीनजुरे-मिल्के-जलजले, गुफापोखरी जस्ता प्रमुख गन्तव्य रहेका छन् । प्रदेश सरकारले समेत यस प्रदेश भित्र १७३ वटा पर्यटकीय गन्तव्य स्थलहरू पहिचान गरेको छ । प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान १.९ प्रतिशत रहेको छ ।

### २. समस्या तथा चुनौती

प्रदेशभित्रका महत्त्वपूर्ण सम्भावना बोकेका पर्यटकीय क्षेत्र तथा गन्तव्यको प्रचार-प्रसार नहुनु, विकास र विविधीकरण हुन नसक्नु, भारतीय र तेस्रो मुलुकबाट भित्रने पर्यटकको आगमन सङ्ख्या बढाउन नसक्नु, धार्मिक, साहसिक, पद यात्रामा आधारित पर्यटनको उपयुक्त पूर्वाधार तयार गर्न नसक्नु, पर्यटकलाई आकर्षक सेवा सुविधा, पर्यटकीय वस्तु, पर्याप्त सूचना प्रवाहको व्यवस्था गर्न नसक्नु, आन्तरिक तथा बाह्य पर्यटकको व्यवस्थित अभिलेख नहुनु आदि प्रमुख समस्या हुन् ।

पर्यटकीय सम्भावनाका क्षेत्रमा पर्यटन पूर्वाधार विकास गर्नु, पर्यावरण अनुकूल उद्योगको विकास गर्नु, अन्तर-प्रदेश तथा प्रादेशिक हिमाल तथा पहाडका पर्यटकीय गन्तव्य जोडन हवाई सेवा सञ्चालन गर्नु, पर्यटकीय स्थलको विकास, विविधीकरण, प्रचार-प्रसार तथा बजारीकरण गर्दै पर्यटन सूचना व्यवस्थापन प्रणाली व्यवस्थापन तथा पर्यटन व्यवसाय सम्बद्ध क्षेत्रको क्षमता वृद्धि गर्नु, परम्परागत वेषभूषा, स्थानीय उत्पादन र खानपानको जगेर्ना गर्नु, यात्रा कार्यक्रम सूची (itinerary) को ब्राण्डिङ तथा प्रवर्द्धन गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ३. क्षेत्रगत सोच

पर्यटन क्षेत्रको दिगो विकासः प्रदेश समृद्धिको आधार ।

### ४. उद्देश्य

क. प्रदेशलाई मुलुकको पर्यावरण अनुकूल प्रमुख पर्यटन गन्तव्यको रूपमा विकास गर्नु ।
ख. पर्यटकको सङ्ख्या, बसाइ क्रय दर वृद्धि गर्नु ।
ग. पर्यटनलाई स्थानीय अर्थतन्त्र र रोजगारीसँग आबद्ध गर्नु ।

### ५. रणनीति

क. पर्यटकीय गन्तव्य र उपजको विकास, विविधीकरण र प्रवर्द्धन गर्ने ।

ख. पर्यटन सेवा सुविधाको व्यवसायीकरण गरी अन्तर्राष्ट्रिय मापदण्ड तथा मान्यता अनुरूप स्तरीकरण गर्ने ।

ग. पर्यटकीय ब्राण्डिङ गरि विश्वमा प्रदेशको प्रचार गर्ने ।

घ. पर्यटकीय सेवा सुविधाको वृद्धि गरि पर्यटनलाई स्थानीय अर्थतन्त्र र रोजगारीसँग आबद्ध गर्ने ।

ङ. पर्यटकीय विकासमा पछि परेको तर सम्भावना राम्रो भएको क्षेत्रको पहिचान र विकासमा जोड दिने ।

च. संस्थागत व्यवस्था,समन्वय र सहकार्य गर्ने ।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १. | कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | १.६० | १.९२ | २.०५ | २.५० | २.७५ |
| २. | पर्यटन क्षेत्रबाट रोजगारी सिर्जना | सङ्ख्या | ४०२०० | ४४३६५ | ४८००० | ५१००० | ५५००० |
| ३. | पर्यावरण अनुकूल पर्यटकीय गन्तव्य | सङ्ख्या | ३५ | ४० | ४५ | ५० | ५५ |
| ४. | पर्यटकीयस्थलको होटल | संख्या | ३३ | ३६ | ४० | ४२ | ४५ |
| ५. | होमस्टे | संख्या | ५६ | ५९ | ६३ | ६५ | ७१ |
| ६. | ट्रेकिङ गाइडर टुरगाइड | संख्या | ३७४ | ३८० | ३८७ | ३९५ | ४०२ |
| ७. | रिभर गाइड | संख्या | १७ | २१ | २५ | २७ | ३० |
| ८. | बसाई (भारतीय) | दिन | ६.०० | ६.५ | ७ | ७.५ | ८ |
| | (तेस्रो मुलुक) | दिन | १३ | १४ | १५ | १६ | १७ |
| | प्रति दिन प्रति व्यक्ति खर्च (USSD) | भारतीय | २८.६० | ३५.२० | ४० | ४४ | ४८ |
| ९. | प्रति दिन प्रति व्यक्ति खर्च (USSD) | तेस्रो मुलुक | ६५ | ७२ | ८० | ८६ | ९२ |
| १०. | पर्यटन क्षेत्रबाट प्रत्यक्ष र अप्रत्यक्ष रोजगारीमा आबद्ध | सङ्ख्या (हजार) | ६७ | ८३ | ९४ | ९९ | ११५ |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | स्रोत | | |
|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान |
| २०८०/८१ | ७६५५१० | २२९१० | ७४२६०० | ३८७६१० | ३७७९०० | ० |
| २०८१/८२ | ८२६७५१ | २४७४३ | ८०२००८ | ३४७५०० | ४२६०५६ | ५३१९५ |
| २०८२/८३ | ९०८१८९ | २५९८० | ८८२२०९ | ४०३४७३ | ४४९८११ | ५४९०५ |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्ट्याई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत (रु हजारमा) | पुस्ट्याई | |
| ३२९०४०१ | पर्यटन विकास आयोजना | पर्यटन प्रवर्द्धनका लागि पुर्वाधार निर्माण, पर्यटकीय स्थलहरुको पहिचान तथा व्यवस्थापन, पर्यटकहरुको बसाई दिन लम्ब्याउन आवश्यक समन्वय तथा सहकार्य गर्ने | सालबसाली | ६००००० | | • पर्यटकीय स्थलहरुको व्यवस्थापन<br>• पर्यटकहरुको संख्या अभिवृद्धि<br>• पर्यटन गुरुयोजनानिर्माण<br>• पर्यटकीय गन्तव्यको विकास,विविधीकरण, Brandingर Marketing का लागि पर्यटकीय क्षेत्र जोडने गरी कोरिडोर अवधारणामा पर्यटन विकास भएको हुने<br>• पर्यटकीय ब्राण्ड तयार भई प्रचार-प्रसारका कार्यक्रम सञ्चालन भएको हुने<br>• स्थानीयआर्थिकविकासकोलागिपदमार्गनिर्माण |
| ३२९०४०१२ | पर्यटन विकास कार्यालय | पर्यटन कार्यालयको काम कारबाहीलाई पारदर्शी, जबाफदेही,सदाचारयुक्त र प्रविधिमैत्री बनाई कर्मचारीको | सालबसाली | २३१०० | | • कार्यालयको काम कारबाहीमा पारदर्शिता,स्वच्छता र निष्पक्षतामा अभिवृद्धि भएको हुने<br>• सम्पादन हुने कामको कार्यविधि र अभ्यास बढी मितव्ययी र सदाचारयुक्त भएको हुने |

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्ट्याई | | आगामी तीन वर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत (रु हजारमा) | पुस्ट्याई | |
| | | क्षमता अभिवृद्धि गर्ने | | | | • कर्मचारीमा जिम्मेवारी, उत्तरदायित्व र जबाफदेहीताको स्पष्ट रूपमा सुधार आएको हुने<br>• प्रविधिमैत्रीकार्यस्थल, कार्यसम्पादनकोस्तरमाथपसुधारआएकोहुने |

**९. जोखिम पक्ष तथा अनुमान**

कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा तोकिएबमोजिम बजेटको अभाव र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको कमी हुन सक्ने भई तोकिएको लक्ष्य हासिल गर्न नसकिने आदि अनुमान गरिएको छ ।

# परिच्छेद ११

# उद्योग, कृषि तथा सहकारी मन्त्रालय

## ११.१ कृषि, पशुपक्षी तथा मत्स्य विकास

### १. पृष्ठभूमि

आर्थिक समृद्धि हासिल गर्ने मूल आयाम कृषि क्षेत्र रही आएको छ । भूमिको व्यवस्थापन गर्ने, कृषिको व्यवसायीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने जस्ता कुरा संविधानमा नै उल्लेख गरिएको छ । कृषकका लागि कृषि सामाग्री, कृषि उपजको उचित मूल्य र बजार पहुँचको व्यवस्था गर्ने जस्ता महत्त्वपूर्ण कृषिसम्बन्धी नीति निर्धारण गरेको छ । यसका लागि कृषि बालीको उत्पादन र उत्पादकत्व वृद्धि, भण्डारण र बजारीकरण, पशुपक्षी तथा मत्स्य प्रजनन एवं नस्ल सुधार, आहार तथा पोषण, पशु स्वास्थ्य र बजार प्रवर्द्धनमा प्रदेश सरकारले विशेष महत्त्वका साथ अगाडि बढ्नुपर्ने हुन्छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयकोप्रतिवेदन, २०८० अनुसार प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान ३३.२ प्रतिशत रहेको छ भने कृषिको कुल गार्हस्थ्य उत्पादनमा यस प्रदेशको योगदान २२ प्रतिशत रहेको छ । त्यसैगरी देशको कुल ३४ लाख २८ हजार ९८६ हेक्टर खेती गरिएको जग्गा मध्ये ७ लाख १४ हजार ३८४ हेक्टर (करिब २०.८३ प्रतिशत) जग्गा यसै प्रदेशमा पर्दछ भने यस प्रदेशको राष्ट्रिय खाद्यान्न उपलब्धतामा २१.८९ प्रतिशत योगदान रहेको छ ।

कोशी प्रदेशको प्रादेशिक आर्थिक सर्वेक्षण, २०७९/८० अनुसार कुल भू-भागको करिब ३१.९ प्रतिशत क्षेत्रफल खेतीयोग्य रहेको छ । यस प्रदेशको खेतीयोग्य जमिन ८ लाख २६ हजार ६४६ हेक्टर मध्ये ८६.४ प्रतिशतमा मात्र खेती भइरहेको छ भने खेतीयोग्य तर बाँझो रहेको जग्गा करिब १३.६ प्रतिशत रहेको छ ।

कृषि भूमिको उत्पादकत्व ३.३३ मे.ट. प्रति हेक्टर रहेको छ जसमा प्रमुख बालीको रूपमा रहेको धान बालीको उत्पादकत्व ४.०१ मे.ट. प्रति हेक्टर रहेको छ । प्रदेशको अर्थतन्त्रमा व्यावसायिक कृषिको हिस्सा ८ प्रतिशत रहेको छ । कृषि मजदुरको उत्पादकत्व ८३५ अमेरिकी डलर रहेको छ । प्रदेशको उत्पादनमध्ये आन्तरिक खपत गरी बाँकी ६ लाख ९८ हजार २४६ मे.ट. खाद्यान्न बचत देखिन्छ । धान, मकै, गहुँ, आलु, तरकारी, अलैंची, अदुवा, चिया आदि यस प्रदेशका मुख्य बालीनाली हुन् ।यस प्रदेशका प्रमुख पशुपक्षीजन्य उत्पादन दूध, मासु, अण्डा र माछा हुन् ।

### २. समस्या तथा चुनौती

जमिनको खण्डीकरण एवं घडेरीकरण हुनु, कृषिको व्यवसायीकरण हुन नसक्नु, सिँचाइको पर्याप्तता नहुनु, विद्यमान सिँचाइ आयोजना पूर्ण क्षमतामा उपयोग हुन नसक्नु, प्रशोधन क्षमताको कमी एवं न्यून मूल्य अभिवृद्धि हुनु, कृषकमा नयाँ प्रविधिको पहुँच र समयमा उन्नत बीउ तथा रासायनिक मलको उपलब्धता नहुनु, जैविक तथा प्राङ्गारिक कृषिसम्बन्धी ज्ञानको अभाव हुनु, बाली बिरुवामा लाग्ने रोग, किरा तथा महामारी व्यवस्थापन, प्रतिकूल मौसम तथा प्राकृतिक विपत्तिबाट बाली र पशु वस्तुमा हुने क्षति र सुधारिएको कृषि प्रणालीसम्बन्धी जानकारी कमी हुनु, कृषि उपजको बजारीकरण र भण्डारणमा किसानको सामूहिक स्वामित्वको कमी हुनु, पशुपक्षी पालनको निमित्त आवश्यक उन्नत नस्ल, रोग र महामारीको रोकथाम एवं पशु व्यवस्थापनसम्बन्धी उचित ज्ञानको अभाव हुनु, चरन र खर्क व्यवस्थापनको अभाव हुनु, कृषि अनुसन्धान र कृषि प्रसार बिच समन्वयको कमी हुन आदि प्रमुख समस्या हुन् ।

समय सापेक्ष कृषि प्रविधिको उपलब्धता सुनिश्चित गर्नु, कृषि सम्बद्ध संस्थागत तथा संरचनागत व्यवस्था गर्नु, स्थानीय सरकार मातहतमा आएको कृषि प्रसार सेवालाई व्यवस्थापन र सुदृढीकरण गर्नु, कृषि सम्बद्ध अनुसन्धान संस्था एवं संरचना संघीय सरकारबाट प्राप्त गर्नु, परम्परागत कृषि ज्ञानको पुनः खोज गरी आधुनिकीकरण र उपयोग गर्नु, जैविक तथा प्राङ्गारिक कृषि प्रणालीको प्रवर्द्धन गर्नु, खाद्यवस्तुको गुणस्तर कायम गर्नु, हानिकारक कीटनाशक विषादी र रासायनिक मल नियन्त्रण गर्नु, अन्तर-सरकार समन्वय प्रभावकारी बनाउनु, जग्गाको चक्लाबन्दी गर्नु, कृषि, पशु र मत्स्यपालनमा उपयुक्त यान्त्रिकीकरण र व्यावसायीकरण गर्नु, कृषि अनुदानलाई प्रतिस्पर्धी बजारको विकास हुने गरी उपयोग गर्नु, सामूहिक खेती तथा करार खेतीको कार्यान्वयन गर्नु, जङ्गली जनावर, रोग, किरा तथा महामारीबाट खेती सुरक्षित गर्नु, माटो स्वास्थ्यलाई दीर्घकालीन रूपमा सुधार गर्नु, स्वदेशमा नै उत्पादन हुने कृषि उपजको निर्बाध आयातबाट आन्तरिक कृषि उत्पादकलाई जोगाई राख्नु, युवावर्गलाई कृषि पेसामा आकर्षित गराउनु आदि प्रमुख चुनौती हुन् ।

### ३. क्षेत्रगत सोच

समुन्नत कृषि, सम्पन्न किसानः समृद्ध प्रदेश ।

### ४. उद्देश्य

क. कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।
ख. तुलनात्मक लाभ भएका बाली तथा पशुपक्षीजन्य उत्पादनको विकास एवं बिस्तार गर्नु ।
ग. कृषि तथा पशुसेवा प्रसारको पहुँचमा वृद्धि गर्नु ।

### ५. रणनीति

क. भू-उपयोग नीति अनुरूप कृषि जमिनको संरक्षण र उपयोग गर्ने ।
ख. कृषिको व्यवसायीकरणमा निजीक्षेत्र, सहकारी तथा अन्तर-सरकार समन्वय र सहकार्य गर्ने ।
ग. प्राङ्गारिक खेती, आधारभूत खाद्यवस्तु तथा तुलनात्मक लाभ भएका बाली र पशुपक्षी उत्पादनमा वृद्धि गर्ने।
घ. कृषक र कृषि सम्बद्ध निकायको क्षमता विकास एवं प्रविधि हस्तान्तरण गर्ने ।
ङ. उत्पादित वस्तुको बजारीकरण गर्ने ।
च. कृषि एवं पशुपक्षी उद्योगको संरक्षण, विकास र विस्तार गर्ने ।
छ. वैदेशिक रोजगारीबाट फर्किएका जनशक्तिको उच्चतम उपयोग गर्ने ।

### ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | कृषि भूमिको उत्पादकत्व | मे.टन./हे. | ३.३३ | ३.४९ | ४.५ | ४.७ | ४.७ |
| २ | खाद्यान्न उत्पादन | मे.टन. हजार | २८०३ | २९४३ | २८२४ | ३०२१ | ३०९० |
| ३ | बागवानीजन्य उत्पादन | मे.टन. हजार | २४९६ | २५६६ | २८२४ | ३०२१ | ३१७२ |
| ४ | पशुपक्षीजन्य उत्पादन | मे.टन. हजार | ६२८ | ४६३ | ७६८ | ८२२ | ८६३ |

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| ५ | तुलनात्मक लाभ भएका बालीको उत्पादनमा मूल्य अभिवृद्धि | प्रतिशत | ३० | ३३ | ५२ | ६५ | ७० |
| ६ | दूधमा मूल्य वृद्धि भएर जाने परिमाणको अंश | प्रतिशत | ४६ | ४७ | ४८ | ५० | ५२ |
| ७ | प्राङ्गारिक कृषिको अनुपात | प्रतिशत | २.१३ | २.१४ | २.१७ | २.२ | २.३ |
| ८ | कृषि तथा पशुसेवा प्रसारको पहुँचमा वृद्धि | प्रतिशत | १६ | १६ | १९ | २२ | २३ |
| ९ | उच्च मूल्यको बालीको ब्राण्डिङ | सङ्ख्या | ४ | ४ | ६ | ७ | ७ |
| १० | जैविक बालीको अनुपात | प्रतिशत | ६.०० | ६.२५ | ६.५० | ६.६० | ६.७० |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | स्थानीय तह अनुदान | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान |
| २०८०/८१ | २००७००१ | १४८१८५१ | १४५९७८ | ३७९१७२ | १३४९८०१ | ४८०००० | १७७२०० |
| २०८१/८२ | २२२६६६० | १६३००३६ | १६०५७६ | ४३६०४८ | १५०३७४२ | ५२७९९७ | १९४९२० |
| २०८२/८३ | २३३७९९३ | १७११५३८ | १६८६०५ | ४५७८५० | १५६८३७० | ५६४९५७ | २०४६६६ |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्ट्याई | | आगामी तीन वर्षको लागि उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत (रु. हजारमा) | पुस्ट्याई | |
| ३१२०००२३ | कृषि मन्त्रालय कार्यक्रम ) (खर्च | खाद्यान्नवाली, मसलावाली र पशुपंक्षीजन्य उत्पादनको प्रसोधन र बजारिकरण प्रवर्द्धन गर्ने | सालबसाली | | | उत्पादन भएका कृषि, पशुपक्षी र मत्स्य वस्तुको प्रशोधन र बजारीकरणमा वृद्धि भएको हुने |
| ३१२०००१३ | उद्योग कृषि तथा सहकारी मन्त्रालय (साधरण खर्च) | मन्त्रालय र मातहतका काम कारावाहीलाई पारदर्शी, जवाफदेही, सदाचारयुक्त र प्रविधिमैत्री बनाई कर्मचारीको क्षमता अभिबृद्धि गर्ने, आवश्यकप्रादेशिक ऐन,नीति, नियम तर्जुमा गर्ने, स्थानीय तहहरूको उद्योग,कृषि तथा सहकारी विकास सम्बद्ध नीति निर्माण तथा कार्यक्रम कार्यान्वयनमा आवश्यक सहजीकरण | सालबसाली | | | मन्त्रालयको काम कारबाहीमा पारदर्शिता, स्वच्छता र निष्पक्षता अभिवृद्धि भएको हुने |
| ३१२०१०१३ | कृषि विकासनिर्देशनालय | निर्देशनालय र मातहतका काम कारावाहीलाई पारदर्शी, जवाफदेही, सदाचारयुक्त र प्रविधिमैत्री बनाउने, मातहत कार्यालयको अनुगमन, प्रगतिसम्प्रेषण, वाली नालीको रोग, किरा, महामारी अनुगमन तथा नियन्त्रण सहजिकरण | सालबसाली | | | निर्देशनालय र मातहतका काम कारबाहीमा पारदर्शिता, स्वच्छता र निष्पक्षता अभिवृद्धि, कृषि क्षेत्रमा आइपर्ने रोग, किरा, महामारी अनुगमन तथा नियन्त्रण भएको हुने |
| ३१२०१०२३ | कृषि व्यवसायप्रवर्द्धन सहयोग तथा तालिम केन्द्र | किसान र प्राविधिकहरुलाई खाद्यान्न, तरकारी, मसला वालीसम्बद्ध समय सापेक्ष तालिमको व्यवस्थापन, कृषि ब्यवसाय प्रवर्द्धन सम्बन्धिपरामर्श | सालबसाली | | | किसान र प्राविधिकहरुको खाद्यान्न, तरकारी, मसला वालीसम्बद्ध समय सापेक्ष सैद्धान्तिक र व्यवहारिक ज्ञानको पहुँच वृद्धि, व्यावसायिक कृषि प्रवर्द्धन भएको हुने |

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्टयाई | | आगामी तीन वर्षको लागि उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत (रु. हजारमा) | पुस्टयाई | |
| ३१२०१०१४३ | माटो तथा मलपरिक्षण केन्द्रहरू | माटो र मलको परीक्षण सेवा उपलब्ध गराउनु, रसायनिक मलकोगुणस्तर अनुगमन | सालबसाली | | | प्रदेशका केही क्षेत्रको खेतीयोग्य जमिनको माटोको प्रोफाइल तयार, रसायनिक र प्राङ्गारिक मलकोगुणस्तर नियमित अनुगमन भएको हुने |
| ३१२०१०१५३ | बिउ विजनप्रयोगशाला | प्रदेशभर उत्पादन हुने वीउको परीक्षण, प्रमाणीकरण र अनुगमन | सालबसाली | | | मुख्य-मुख्य कृषि बालीको बिउ प्रतिस्थापन दर वृद्धि, प्रदेशभर उत्पादन हुने वीउको परीक्षण, प्रमाणीकरण र नियमित अनुगमन भएको हुने |
| ३१२०१०१६३ | बाली संरक्षणप्रयोगशाला | वालीनालीको रोग किरा तथा महामारी नियन्त्रण र आकस्मिक वालीसंरक्षण सेवा | सालबसाली | | | कृषि क्षेत्रमा आइपर्ने रोग, किरा, महामारी अनुगमन तथा नियन्त्रणमा वृद्धि भएको हुने |
| ३१२०१०१७३ | कृषि ज्ञानकेन्द्रहरु/कृषि विकास कार्यक्रम | कृषिसम्बन्धी विशेषज्ञ प्राविधिक सेवा उपलब्ध गराउने, आधारभूत प्रयोगशाला सेवा उपलब्ध गराउने, नवीनतम कृषि प्रविधिको प्रचार-प्रसार र प्रदर्शन गर्ने, बिउ बेर्नाको स्रोत केन्द्र विकास गर्ने, कृषि उद्यम र व्यवसाय सञ्चालन गर्न चाहनेलाई व्यवसाय विकासमा सहयोग गर्ने, बाली बिरुवाको महामारी नियन्त्रणमा सहजीकरण गर्ने, मल र बिउ आपूर्ति व्यवस्थामा सहजीकरण तथा गुणस्तर | सालबसाली | | | कृषिसम्बन्धी विशेषज्ञ प्राविधिक सेवाको उपलब्धतामा वृद्धि, कृषकमा कृषि प्रविधिको प्रचार-प्रसार, व्यावसायिक कृषि प्रवर्द्धन भएको हुने |

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्टयाई | | आगामी तीन वर्षको लागि उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत (रु. हजारमा) | पुस्टयाई | |
| | | अनुगमन गर्ने | | | | |
| ३१२०२०१३ | पशुपक्षी तथामत्स्य विकास निर्देशनालय | निर्देशनालय र मातहतका काम कारावाहीलाई पारदर्शी, जवाफदेही, सदाचारयुक्त र प्रविधिमैत्री बनाउने, मातहत कार्यालयको अनुगमन, प्रगतिसम्प्रेषण, पशुपंक्षीको रोग र महामारी, पशु आहारा तथा दाना पदार्थको अनुगमन तथा नियमनमा सहजिकरण | सालबसाली | | | निर्देशनालय र मातहतका काम कारबाहीमा पारदर्शिता, स्वच्छता र निष्पक्षता अभिवृद्धि, पशुपक्षीको क्षेत्रमा आइपर्ने रोग, महामारी अनुगमन तथा नियन्त्रण वृद्धि भएको हुने |
| ३१२०२०१२३ | पशु सेवातालिम केन्द्र | किसान र प्राविधिकहरुलाई पशुपंक्षी र मत्स्य सम्बद्ध समयसापेक्ष तालिमको व्यवस्थापन, पशुपक्षीजन्य व्यवसाय प्रवर्द्धन सम्बन्धि परामर्श | सालबसाली | | | किसान र प्राविधिकको पशुपक्षी र मत्स्यसम्बद्ध समय सापेक्ष सैद्धान्तिक र व्यावहारिक ज्ञानको पहुँच वृद्धि, व्यावसायिक पशुपक्षी तथा मत्स्य पालनप्रवर्द्धन भएको हुने |
| ३१२०२०१३३ | भेटेरिनरीअस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु/पशु सेवा विकास कार्यक्रम | पशुपक्षीको रोग निदान र उपचारका लागि भेटनेरी प्रयोगशाला सेवा उपलब्ध गराउने, पशुपक्षी र मत्स्य नस्लको गुणस्तर अनुगमन गर्ने, पशुपक्षीको स्रोत केन्द्र विकास गर्ने, पशुपक्षीजन्य उत्पादनको व्यवस्थित बजारीकरण, औद्योगीकरण र निकासी प्रवर्द्धनका लागि पूर्वाधार विकास र सञ्चालनमा सहयोग गर्ने, पशुपक्षीमा लाग्ने महामारी नियन्त्रण तथा खोप सेवा सञ्चालन | सालबसाली | | | प्रदेशमा पशुपक्षी तथा मत्स्यसम्बन्धी विशेषज्ञ प्राविधिक सेवाको उपलब्धतामा वृद्धि, प्रदेशमा कृषकमा कृषि प्रविधिको प्रचार-प्रसार, व्यावसायिक पशुपक्षी तथा मत्स्यप्रवर्द्धन, पशुपक्षी तथा मत्स्यको नस्ल सुधार तथा स्रोत केन्द्र विकास भएको हुने |

### ९. जोखिम पक्ष तथा अनुमान

बाली तथा पशुपक्षीमा लाग्ने ठूला महामारीको संक्रमण र प्रतिकूल मौसमका कारण बाढी, पहिरो, हावा हुरी र असिना जस्ता प्रकोपले कृषि र पशुपक्षीजन्य उत्पादनमा ह्रासहुने जोखिमको अनुमान रहेको छ ।

## ११.२ सहकारी क्षेत्र

### १. पृष्ठभूमि

नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको मूल आधारको रूपमा आत्मसात् गरेको छ। सहकारी क्षेत्रले छरिएर रहेको श्रम, सीप, प्रविधि र पुँजीलाई एकीकृत गरी उत्पादन, उत्पादकत्व र रोजगारी वृद्धि मार्फत दिगो विकास लक्ष्य हासिल गर्न योगदान गर्दछ। वित्तीय पहुँच अभिवृद्धि, महिला सशक्तिकरण, नेतृत्व विकास तथा क्षमता विकास, सामाजिक एकीकरण, उद्यमशीलता प्रवर्द्धन र गरिबी न्यूनीकरणमा यस क्षेत्रको महत्त्वपूर्ण योगदान रहेको छ। यस क्षेत्रमा प्राप्त उपलब्धिको संवर्द्धन गर्दै सहकारी आन्दोलनको स्वस्थ विकासलाई प्रोत्साहित गर्नु वाञ्छनीय भएको छ।

कोशी प्रदेशको प्रादेशिक आर्थिक सर्वेक्षण, २०७९/८० अनुसार २०७९ असारसम्म १४,३१,४२२ व्यक्ति सहकारीमा आबद्ध सदस्य रहेका छन् र सहकारीबाट ११,७५१ व्यक्तिले प्रत्यक्ष रोजगारी पाएका छन् ।

### २. समस्या तथा चुनौती

सहकारीसम्बन्धी शिक्षा र चेतनाको विस्तार अपेक्षित रूपमा गर्न नसकिनु, सहकारी क्रियाकलाप बचत तथा ऋणको कारोबारमा बढी केन्द्रित हुनु, कतिपय सहकारी संस्था सुशासनको अभावले गर्दा समस्याग्रस्त अवस्थामा रहनु आदि प्रमुख समस्या हुन् ।

सहकारी संघ-संस्थाको सङ्ख्यात्मक विस्तार भन्दा गुणात्मक विकास गरी समुदायमा आधारित र सदस्य केन्द्रित बनाउनु, सहकारीमैत्री नीति प्रवर्द्धन गर्नु, सहकारीलाई ग्रामीण विपन्न समुदायसम्म विस्तार गर्नु, संविधानले निर्दिष्ट गरे अनुरूप सहकारीलाई मुलुकको समृद्धिको आधारको रूपमा स्थापित गर्नु आदि प्रमुख चुनौती हुन् ।

### ३. क्षेत्रगत सोच

सहकारिताको माध्यमः समृद्धिको आधार ।

### ४. उद्देश्य

सहकारी क्षेत्रको विकास एवं प्रवर्द्धन गरी आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउनु ।

### ५. रणनीति

क. समुदायलाई सहकारीमा सङ्गठित गरी अर्थतन्त्रको सबल स्तम्भको रूपमा विकास गर्ने ।

### ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | प्रादेशिक लगानीमा सहकारी क्षेत्रको योगदान | अर्ब | ६७ | ६८ | ७९.३० | ९२ | १०५ |
| २ | सहकारी क्षेत्रको रोजगारीमा योगदान | संख्या | ६०६६ | ११७५१ | १५००० | १७५०० | २०००० |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | स्थानीय तह अनुदान | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान |
| २०८०/८१ | ३७८५० | ३६३५० | १५०० | - | ३७८५० | - | - |
| २०८१/८२ | ४१६३५ | ३९९८५ | १६५० | - | ४१६३५ | - | - |
| २०८२/८३ | ४३७१७ | ४१९८४ | १७३३ | - | ४३७१७ | - | - |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्टयाई | | आगामी तीन वर्षको लागि उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत (रु. हजारमा) | पुस्टयाई | |
| ३१२००१३ | सहकारी रजिष्ट्रार तथा प्रशिक्षालय | सहकारी संस्थाको अनुगमन तथा नियमन र सहकारी संस्थाको क्षमता अभिवृद्धि | सालबसाली | | | सहकारीसंस्थाको नियमित अनुगमन हुने।<br>सहकारी तालिम सञ्चालन भएको हुने। |

## ९. जोखिम पक्ष तथा अनुमान

सहकारीको सिद्धान्त अनुसार सञ्चालनहुन नसकेका कतिपय सहकारी संस्थाहरू उचित अनुगमन र नियमनको अभावले सङ्कटग्रस्त हुँदै जाने जोखिमको अनुमान रहेको छ ।

# ११.३ उद्योग, वाणिज्य तथा आपूर्ति

## ११.३.१उद्योग

## १. पृष्ठभूमि

उद्योग क्षेत्र अर्थतन्त्रमा उल्लेखनीय योगदान गर्ने सम्भाव्य क्षेत्रको रूपमा रहेको छ।संविधानले औद्योगिकीकरणलाई प्रदेशको एकल अधिकार तथा संघ र प्रदेशको साझा अधिकारको सूचीमा राखेको छ । दिगो विकासको लक्ष्यमा समावेशी एवं दिगो औद्योगिकीकरण तथा साना उद्योग एवं अन्य व्यवसाय विस्तार गर्ने कुरा उल्लेख गरेको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदन, २०८० अनुसार कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान १६.५ प्रतिशत रहेको छ । आ.व. २०७९/८० मा यस प्रदेशमा उद्योगको संख्या ८४१ पुगेका छन् । यी उद्योगमा रु. ६१९४७ करोड लगानी भएको छ जसबाट ८६,४९९ व्यक्तिले प्रत्यक्ष रोजगारी पाउने अनुमान रहेको छ । २०७९ फाल्गुन सम्ममा विदेशी लगानी स्वीकृति पाएका ५,६९२ उद्योगमध्ये कोशी प्रदेशमा ती उद्योगको संख्या १४७ रहेका छन् । यसका साथै लघु, घरेलु तथा साना उद्योगको संख्यामा ९३,९५७ रहेका छन् जसबाट ४,७२,६७४ जनाले रोजगारी प्राप्त गरेको अनुमान छ ।

## २. समस्या तथा चुनौती

अपेक्षाकृत रूपमा उद्योगमा लगानी आकर्षित गर्न नसक्नु, निर्यातयोग्य वस्तुको उत्पादन र विविधीकरण नहुनु, उद्योग विकासका लागि दक्ष जनशक्तिको विकास र उपयोग हुन नसक्नु, सक्षम र दक्ष जनशक्ति उत्पादन गर्ने संस्थागत संयन्त्र नहुनु, उद्योगलाई कृषि, वन तथा खनिज जस्ता क्षेत्रसँग आबद्ध गर्न नसक्नु, कृषि र वनका उत्पादनको मूल्य अभिवृद्धि बिना निर्यात भई रहनु, निर्यातयोग्य वस्तुको उत्पादन र विविधीकरण हुन नसक्नु, कामदारको न्यून उत्पादकत्व, आयातित वस्तुसँग प्रतिस्पर्धा गर्न नसक्नु, उद्योग स्थापनामा नवीनतम सोचको कमी हुनु, उपलब्ध कच्चा पदार्थको स्रोत प्रभावकारी रूपमा प्रयोग नहुनु, घरेलु तथा लघु उद्योगको प्रभावकारी सेवाको कमी हुनु, महामारीको कारण उद्योग पूर्ण तथा आंशिक बन्द हुनु, उद्योगका लागि सम्भाव्य क्षेत्र पहिचान हुन नसक्नु आदि प्रमुख समस्या हुन्।

उत्पादनमूलक उद्योगमा लगानी बढाउनु, गुणस्तरीय वस्तुको उत्पादन र प्रतिस्पर्धी क्षमतामा वृद्धि गर्नु, उद्यमशीलता र संस्थागत संस्कृतिको विकास गर्नु, सहुलियत ब्याज दरमा पर्याप्त कर्जा उपलब्ध गराउनु, युवालाई उद्योगतर्फ आकर्षित गर्नु र औद्योगीकरणलाई वातावरण सन्तुलनसँग तालमेल मिलाउनु, कोभिड-१९ को विषम परिस्थितिमा उद्योग सुचारु रूपमा चलाउनु तथा आयात/निर्यातलाई सहज बनाउनु, नियम कानूनलाई कार्यान्वयनयोग्य बनाउनु, उद्योग सम्बन्धी ज्ञान दिएर उद्यमशीलता प्रवर्द्धन गर्नु, हालको विषम परिस्थितिमा स्वास्थ्य मापदण्ड पालना गरी उद्योग सुचारु गर्नु आदि प्रमुख चुनौती हुन् ।

## ३. क्षेत्रगत सोच

आर्थिक रूपान्तरणका लागि औद्योगीकरणः समृद्धिका लागि रोजगारी प्रवर्द्धन ।

## ४. उद्देश्य

क. औद्योगिक लगानी आकर्षित गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।

ख. स्थानीय स्रोत, सीप र साधनमा आधारित उद्योग प्रवर्द्धन गर्दै रोजगारीका अवसर सृजना गर्नु ।

## ५. रणनीति

क. आयात प्रतिस्थापक र निकासीमूलक उद्योगको विकास गर्न आर्थिक तथा भौतिक सुविधाको व्यवस्था गर्ने ।

ख. स्थानीय स्रोत, साधन र सीपमा आधारित उद्योग स्थापनाका लागि स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गर्ने ।

ग. कृषिजन्य उद्यमको पहिचान गरी प्रतिस्पर्धात्मक क्षमता बढाउँदै निर्यात अभिवृद्धि गर्ने ।

घ. उद्योग विकासका लागि आवश्यक दक्ष, उद्यमशील, व्यावसायिक र प्राविधिक जनशक्ति तयार गरी उद्यमशीलता बढाउने ।

ङ. औद्योगिक सुशासन अभिवृद्धि गर्ने ।

## ११.३.२ खानी तथा खनिज सम्पदा

### १. पृष्ठभूमि

संविधानमा खानी अन्वेषण तथा व्यवस्थापनलाई प्रदेशको अधिकार सूचिमा व्यवस्थित गरिएको छ । यस प्रदेशमा खानीको प्रचुर सम्भावना रहेको छ । ओखलढुङ्गा र इलाममा तामा, भोजपुरमा अभ्रख, धनकुटा, मोरङ र उदयपुरमा चूनढुङ्गा, खोटाङ र भोजपुरमा खरीढुङ्गा, महाभारत पर्वत श्रृंखलामा मार्बल, तराई, चुरे पहाड र महाभारतको विस्तृत क्षेत्रमा पेट्रोलियम, तराईको विस्तृत भू-भागमा ग्याँस, कोशी नदीमा बालुवा र सुन तथा उदयपुरको कम्युघाटमा म्याग्नेसाइट पाइने प्रारम्भिक अध्ययनले देखाएको छ । कार्य विभाजन अनुसार खानी तथा खनिज पदार्थको अन्वेषणसम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवं पूर्वाधार विकास, अनुसन्धान तथा सर्वेक्षण प्रदेशको अधिकारमा व्यवस्थित छ । राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रतिवेदन, २०८० अनुसार यस प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा खानी क्षेत्रको योगदान ०.५ प्रतिशत रहेको छ ।

### २. समस्या तथा चुनौती

खानी तथा खनिज सम्पदा सम्बन्धी प्रादेशिक नीति, ऐन, नियम तयार नहुनु, खनिज सम्पदासम्बन्धी यकिन तथ्याङ्कको अभाव हुनु, खनिज सम्पदाको अनुसन्धान, उत्खनन र उपयोगमा उदासीनता रहनु, व्यावसायिक उत्पादन हुन सक्ने सम्भावनाका खानी तथा खनिज सम्पदाको पहिचान हुन नसक्नु, निजी क्षेत्र आकर्षित नहुनु आदि प्रमुख समस्या हुन् ।

खनिज सम्पदाको विस्तृत अध्ययन गरी व्यावसायिक उत्पादनको सम्भावना भएका क्षेत्रको पहिचान गर्नु, पर्याप्त स्रोतको व्यवस्था गर्नु, निजी क्षेत्रलाई आकर्षित गर्नु, खानीसम्बन्धी दक्ष जनशक्तिको व्यवस्था गर्नु, नयाँ प्रविधिको समुचित उपयोग गर्नु, भौगोलिक अवस्थिति, भौगर्भिक संरचना, भू-धरातलीय बनोट तथा तदनुरूप प्राविधिक क्षमता अभिवृद्धि गर्नु, खनिज पहुँच मार्ग र बिजुलीको पहुँच पुर्‍याउनु आदि प्रमुख चुनौती हुन् ।

### ३. क्षेत्रगत सोच

खनिज सम्पदाको अन्वेषण र उपयोगः समृद्धिको योजनामा सहयोग ।

### ४. उद्देश्य

प्रदेशमा उपलब्ध खनिज स्रोतको संघीय सरकार र निजी क्षेत्रको सहकार्यमा अन्वेषण र उत्खनन गर्नु ।

### ५. रणनीति

क. खनिज सम्पदाको भौगर्भिक सर्वेक्षण, पहिचान, अन्वेषण र व्यवस्थापनका लागि आवश्यक नीतिगत, कानूनी एवं संरचनागत व्यवस्था गर्ने ।

ख. संघीय सरकार र निजी क्षेत्रसँगको समन्वयमा खनिज सम्पदाको अन्वेषण र उत्खनन गरी व्यावसायिक उत्पादन गर्ने ।

### ११.३.३ वाणिज्य तथा आपूर्ति

#### १. पृष्ठभूमि

उत्पादित वस्तुलाई समुचित वितरण गरी उपभोक्तासम्म पुऱ्याई अर्थतन्त्रलाई चलायमान बनाउने वाणिज्य तथा आपूर्ति क्षेत्रको महत्त्वपूर्ण योगदान रहन्छ । संविधानले प्रदेश भित्रको व्यापार प्रदेशको अधिकार सूचीमा र आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन संघ तथा प्रदेशको साझा सूचीमा राखेको छ ।

प्रदेशमा आर्थिक तथा व्यापारिक संस्था ५०,२२३ वटा सञ्चालनमा छन् । नेपालका सबैभन्दा बढी आर्थिक एकाइ रहेका पाँच जिल्ला मध्ये झापा, मोरङ र सुनसरी यस प्रदेशमा पर्दछन् । जनसङ्ख्याको हिसाबले मोरङ र झापा व्यवसायमा अधिकतम संलग्न हुने पाँच जिल्ला मध्ये तेस्रो र पाँचौंमा पर्दछन् ।अन्तर्राष्ट्रिय व्यापारका हिसाबले महत्त्वपूर्ण विराटनगर (रानी) र काँकडभिट्टा जस्ता नाका यसै प्रदेशमा पर्दछन् ।

#### २. समस्या तथा चुनौती

अत्यावश्यक वस्तु तथा सेवा गुणस्तरीय तथा सहज रूपमा उपलब्ध हुन नसक्नु, आयातमा आधारित आपूर्ति व्यवस्था रहनु, व्यापार घाटा अत्याधिक रहनु, मूल्य-सूची राख्ने प्रवृत्ति नहुनु, बिल-बीजक जारी गर्ने प्रवृत्ति नहुनु, विपदको समयमा अत्यावश्यक वस्तुको आपूर्ति सहज हुन नसक्नु, कृत्रिम अभाव तथा मूल्य वृद्धि, जमाखोरी र कालोबजारी हुनु आदि प्रमुख समस्या हुन् ।

मानव सिर्जित तथा प्राकृतिक कारणबाट समय-समयमा आपूर्तिमा आउने व्यवधान समाधान गर्नु, कृषि उपजको व्यापारमा हुने बिचौलिया विस्थापित गर्नु, गुणस्तरीय वस्तुको उपलब्धता र उपभोक्ताको हक-हित संरक्षण गर्नु, कृत्रिम अभाव तथा मूल्य वृद्धि, जमाखोरी र कालोबजारी नियन्त्रण गर्नु, स्वास्थ्य मापदण्ड पालना गरी आयत निर्यातलाई सहज बनाउनु आदि प्रमुख चुनौती हुन् ।

#### ३. क्षेत्रगत सोच

सरलीकृत व्यापारः समृद्धिको आधार ।

#### ४. उद्देश्य

क. व्यापारिक गतिविधि वृद्धि गर्नु ।
ख. सर्वसुलभ आपूर्ति प्रणाली स्थापित गर्नु ।

#### ५. रणनीति

क. सुदृढ वाणिज्य तथा आपूर्ति प्रणाली स्थापित गर्ने ।
ख. भौतिक पूर्वाधारको यथोचित व्यवस्था गरी प्रादेशिक व्यापार प्रवर्द्धन गर्ने ।
ग. आधारभूत तथा उपभोग्य वस्तुको भण्डारण, बजारीकरण र गुणस्तर कायम गरी आपूर्ति सुनिश्चित गर्ने ।

### ११.३.४ विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान | प्रतिशत | १७.५ | १६.८ | १७.० | १८.० | १९.० |

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| २ | औद्योगिक लगानी वार्षिक वृद्धि | प्रतिशत | १०.१९ | ११ | १२ | १३ | १४ |
| ३ | औद्योगिक उत्पादन | रकम करोडमा | ४९२३२ | ५०२३२ | ५१२०० | ५२००० | ५५००० |
| ४ | उद्योग क्षेत्रको रोजगारी (औपचारिक र अनौपचारिक) | संख्या | ४९९४०९ | ५५९१७३ | ६१०००० | ६२५२०० | ६३७५०० |
| ५ | उद्योग (ठूला र मझौला) को संख्या | संख्या | ८०७ | ८५१ | ९०० | ९२५ | ९५० |
| ६ | औद्योगिक क्षेत्र तथा कोरिडोर स्थापना | संख्या | १ | १ | २ | २ | २ |
| ७ | स्थानीय कच्चा पदार्थमा आधारित उद्योग | प्रतिशत | २० | २३ | २५ | ३० | ३५ |
| ८ | उद्यमशील,सीपयुक्त जनशक्ति उत्पादन | संख्या | १४५८७४ | १५१३७४ | १५४००० | १६०००० | १७०००० |
| १० | खानी क्षेत्रको पहिचान | संख्या | २ | २ | ५ | ३ | ३ |
| ११ | आपूर्ति प्रणाली (उपभोक्ता सन्तुष्टि) | सूचकाङ्क | ५ | ५ | ५.१ | ५.२ | ५.३ |
| १२ | व्यापारिक संस्था वृद्धि | संख्या | ४७६५२ | ५०२२३ | ५२००० | ५५००० | ६०००० |
| १३ | व्यापारिक संस्थामा संलग्न व्यक्ति | संख्या | १८७२०० | १९५००० | २०५००० | २१०००० | २२०००० |
| १४ | अन्तर्राष्ट्रिय व्यापारिक नाका विस्तार | संख्या | ७ | ७ | ८ | ८ | ९ |
| १५ | जिल्लागत बजार अनुगमन | संख्या | १७७२ | १४९१ | १५०० | १६०० | १७०० |

### ११.३. ५ विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | स्रोत | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | प्रदेश सरकार | वित्तीय समानीकरण | समपूरक/ विशेष अनुदान | सशर्त अनुदान |
| २०८०/८१ | ४३२३४९ | ३१०२७९ | १२२०७० | ३४२३४९ | २०००० | ७०००० | ० |
| २०८१/८२ | ४७५५८४ | ३४१३०७ | १३४२७७ | ३१६९५४ | २२००० | ७५००० | ६१६३० |
| २०८२/८३ | ४९९३६३ | ३५८३७२ | १४०९९१ | ३२४८३१ | २३५३९ | ८०२५० | ७०७४३ |

### ११.३.६ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्ट्याई | | आगामी तीन वर्षको लागि उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्ट्याई | |
| ३०७८१०१ | घरेलु तथा साना उद्योग कार्यालयहरू | कार्यालयको काम कारबाहीमा चुस्तता, पारदर्शिता र जबाफदेहीता कायम गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउने | सालबसाली | | | • कार्यालयको काम कारबाहीमा चुस्तता, पारदर्शिता र जबाफदेहीता कायम भएको हुने<br>• सेवाग्राहीले समयमा नै प्रभावकारी सेवा प्राप्तगरेको हुने<br>• औद्योगिक पूर्वाधार विकास सहित उद्योग ग्राम, औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना भएको हुने<br>• नियमित बजार अनुगमन भई कालोबजारी, सिन्डीकेटको अन्त्य भएको हुने |

### ११.३. ७ जोखिम पक्ष तथा अनुमान

कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा तोकिएबमोजिम बजेटको अभाव र कार्यान्वयन गर्ने दक्ष जनशक्तिको कमी हुन सक्ने भई तोकिएको लक्ष्य हासिल गर्न नसकिने आदि अनुमान गरिएको छ ।

# परिच्छेद १२
# प्रदेश सभा सचिवालय

## १. पृष्ठभूमि

संविधानको भाग १४ (धारा १७५-१९६) मा प्रदेश व्यवस्थापिका सम्बन्धी व्यवस्था छ । प्रदेशलाई निर्वाचन प्रयोजनको लागि प्रतिनिधि सभातर्फ २८ क्षेत्रमा तथा प्रदेश सभातर्फ ५६ क्षेत्रमा विभाजन गरिएको छ । प्रदेश सभामा प्रदेशबाट प्रतिनिधि सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुने सदस्य सङ्ख्याको दोबरसङ्ख्यामा हुन आउने सदस्य र त्यो सदस्य सङ्ख्यालाई ६० प्रतिशत मानी बाँकी ४० प्रतिशतमा समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित हुने सदस्य सहित एक सदन रहने व्यवस्था संविधानले गरेको छ । तदनुसार प्रदेश सभामा प्रत्यक्ष तथा समानुपातिक तर्फबाट गरी जम्मा ९३ जना सदस्य रहने व्यवस्था छ । प्रदेश व्यवस्थापिकाको मातहतमा ७ वटा प्रदेश सभा विषयगत समिति रहेका छन् । जसमा न्याय, प्रशासन तथा विधायन समिति; सुशासन तथा योजना समिति; अर्थ समिति; सार्वजनिक लेखा समिति; सामाजिक विकास समिति; उद्योग, पर्यटन तथा वातावरण समिति र प्राकृतिक स्रोत तथा पूर्वाधार विकास समिति रहेका छन्।

संविधानतः शक्तिपृथकीकरणको सिद्धान्त अनुसार प्रदेश व्यवस्थापिकाले प्रदेशको अधिकार क्षेत्रमा पर्ने आवश्यकता अनुसारको कानून निर्माण गर्ने, कानूनकोसमयोचित संशोधन गर्ने प्रमुख जिम्मेवारी प्राप्त गरेको छ भने Mini Parliament को नामले समेत चिनिने संसदीय समितिहरूले सरकारका काममा संसदीय निगरानी समेत निरन्तर गरी रहने व्यवस्था छ।

## २. समस्या तथाचुनौती

यथेष्ट पूर्वाधार संरचना नहुनु, विधि निर्माण प्रक्रिया र संसदीय निगरानीलाई अनुसन्धानमुखी बनाउन नसकिनु, समितिहरूका बिचमा कार्यक्षेत्र र गतिविधिमा स्पष्टता नहुनु, संसदीय दल कार्यालयमा पूर्वाधारको अभाव हुनु, संसदीय गतिविधिमा सूचना प्रविधिको पर्याप्त उपयोग नहुनु, प्रदेश सभा सचिवालयमा जनशक्तिको क्षमता अभिवृद्धिका कार्यक्रमहरू पर्याप्त मात्रामा सञ्चालन गर्न नसकिनु, संसदमा उठाइने विषयवस्तु तथा विधेयकमा पर्याप्त अध्ययन तथा खोज अनुसन्धान हुन नसक्नु आदि प्रमुख समस्या हुन् ।

मापदण्डबमोजिम सुरक्षा संयन्त्रको व्यवस्था गर्नु, संस्थागत समन्वयको स्थापना गर्नु, संसदीय समितिको कार्यक्षेत्र स्पष्ट पार्नु, पर्याप्त भौतिक संरचनाको व्यवस्था गर्नु आदि प्रमुख चुनौती हुन् ।

## ३. क्षेत्रगत सोच

जनमुखी र जबाफदेही प्रदेश सभा ।

## ४. उद्देश्य

क. संविधानको मर्म र भावना अनुरूप प्रदेशको आवश्यकता तथा जनसरोकारका विषयसम्बन्धी कानून निर्माण र संशोधन गर्नु ।

ख. सरकारलाई पूर्णतः पारदर्शी जबाफदेही र उत्तरदायी बनाउने कार्यमा सहयोग गर्नु ।

ग. व्यापक अनुसन्धान र बहसमा आधारित तथा दिगो विकासमा सहयोगी हुने गरी विधि निर्माण गर्नु ।

घ. प्रदेश सभा, विषयगत समितिहरू र प्रदेश सभा सचिवालयको कामकारबाहीमा अत्याधुनिक सूचना प्रविधिको प्रयोग गर्दै चुस्त र प्रभावकारी प्रदेश सभा सचिवालयको निर्माण गर्नु।

## ५.रणनीति

क. संविधानको प्रभावकारी कार्यान्वयनका लागि पारदर्शी र सहभागितामूलक प्रक्रियाबाट कानून निर्माण गर्ने ।

ख. संसद र नागरिक बिचको सम्बन्धलाई सुमधुर बनाउने क्रियाकलापहरू सञ्चालन गर्ने ।

ग. आर्थिक विकासलाई सहयोग पुग्ने गरी संसदीय निगरानी राख्ने ।

घ. विषयगत समितिलाई अनुसन्धान गर्ने र विकासका एजेण्डामा व्यापक छलफल हुने मञ्चको रूपमा विकास गर्ने ।

ङ. स्थानीय तहका विधायिकी कार्यमा सहजीकरण गर्ने, ज्ञानको हस्तान्तरण गर्ने ।

च. प्रदेश सभा सदस्य र कर्मचारीहरूको क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।

छ. प्रदेश सभाको लागि आधुनिक र सुविधायुक्त पूर्वाधारको विकास गर्ने ।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | ऐन | सङ्ख्या | ५८ | ६६ | ६८ | ७० | ७२ |
| २ | स्थानीय तहसँग अन्तरक्रिया छलफल | सङ्ख्या | ५ | ६ | ६ | ७ | ९ |
| ३ | प्रदेशका मन्त्रालयसँग छलफल तथा अन्तरक्रिया | सङ्ख्या | १५ | ७ | २१ | २१ | २१ |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | स्थानीय तह अनुदान | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान |
| २०८०/८१ | २५०००० | २३९७०० | १०३०० | - | २५०००० | - | - |
| २०८१/८२ | २६२५०० | २५१६८५ | १०८१५ | - | २६२५०० | - | - |
| २०८२/८३ | २७५६२५ | २६४२६९ | ११३५६ | - | २७५६२५ | - | - |

८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्टचाई | | आगामी तीन वर्षको लागि उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत | पुस्टचाई | |
| | संविधान कार्यान्वयनका लागि एकल तथा साझा अधिकारका विषयमा कानूनको निर्माण | संविधानको भावना अनुरूपसंघीयताकार्यान्वयन र अधिकारको प्रयोग गर्ने | | | | |
| | स्थानीय तहसँग कानुन निर्माण र कार्यान्वयनको अवस्था विषयमा अन्तरक्रिया तथा छलफल | कानुन निर्माणमा सामञ्जस्यता कायम गर्ने, कार्यमा दोहोरोपनाको अन्त्य हुने | आ.व. २०८२/८३ सम्म | | | |
| | कोशी प्रदेश सभा तथा सचिवालयको अत्याधुनिक आफ्नै भवन निर्माण | प्रदेश सभा तथा सचिवालयका कामकारबाहीमा सहजता हुने, प्रत्येक समितिका गतिविधिहरूसञ्चालन गर्न छुट्टै कार्यकक्षको व्यवस्था जसले काममा प्रभावकारीता ल्याउने | आ.व. २०८२/८३ सम्म | | | |

## ११.जोखिम पक्ष तथा अनुमान

विधिको शासन लागू भएको हुने, व्यवहारिक तथा कार्यान्वयनयोग्य ऐन कानून निर्माण भएको हुने, संसदीय समितिको अनुगमन तथा समीक्षा प्रभावकारी हुने, विषयगत समिति अनुसन्धान र विकासका एजेन्डामा छलफल हुने, मञ्चको रूपमा विकसित भएको हुने आदि अनुमान गरिएको छ।

# परिच्छेद १३
# प्रदेश योजना आयोग

## १. पृष्ठभूमि

प्रदेश सरकारको मिति २०७५ साल कार्तिक १४ गतेको निर्णयानुसार प्रदेश योजना आयोग गठन भएको हो । मुख्यमन्त्री आयोगको अध्यक्ष रहने व्यवस्था रहेको छ । यसैगरी एक जना उपाध्यक्ष तथा चार जना सदस्य गरी पाँच जना पदाधिकारी रहने व्यवस्था गठन आदेशमा रहेको छ । साथै एक जना नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणी सदस्य-सचिव रहने व्यवस्था छ ।

प्रदेश योजना आयोग गठन तथा कार्य सञ्चालन आदेश, २०७५ अनुसार प्रदेश योजना आयोगको कर्तव्य/जिम्मेवारी प्रदेशको समृद्धिका लागि दूरगामी सोच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गर्नु रहेको छ । प्रदेशस्तरीय आयोजना छनोट तथा वर्गीकरणसम्बन्धी कार्यविधि, २०८० र प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८० बमोजिम आयोजना छनोट र व्यवस्थापन गर्ने, प्रदेशमा सञ्चालित योजनाको अनुगमन-मूल्याङ्कन गर्ने, योजनाका विभिन्न पक्षको विषयमा अध्ययन, अनुसन्धान तथा अन्वेषण गर्ने, प्रदेश र स्थानीय तहको विकाससम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयनमा समन्वय, सहयोग र सहजीकरण गर्ने कार्य यस आयोगको मुख्य जिम्मेवारी हो । आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, जलस्रोत तथा ऊर्जा, अन्य प्राकृतिक स्रोत, मानव स्रोत व्यवस्थापन, सुशासन र व्यवस्थापन लगायतका क्षेत्रमा रणनीति नीति तथा योजना तयार गर्ने पनि यस आयोगको प्रमुख जिम्मेवारी रहेको छ ।

## २. समस्या तथा चुनौती

आवधिक योजनाबमोजिम वार्षिक योजना/कार्यक्रम तय हुन नसक्नु; अध्ययन, अनुसन्धान तथा प्रदेशस्तरीय तथ्याङ्कको अभाव हुनु, निकायमा कार्य जिम्मेवारीको दोहोरोपन हुनु, अन्तर-तह योजनाको वर्गीकरण स्पष्ट भई नसक्नु आदि प्रमुख समस्या हुन् ।

योजना बैंकको स्थापना गरी प्रभावकारी कार्यान्वयनमा ल्याउनु, तथ्याङ्क प्रणालीको विकास गर्नु, योजना प्रणालीलाई संस्थागत गर्नु, प्राथमिकताका आधारमा आयोजना छनौट गर्नु, विकास योजनामा तहगत दोहोरोपन हटाउनु, प्रदेशको परिवर्तनकारी र प्राथमिकता प्राप्त योजनामा स्रोतको सुनिश्चितता कायम गर्नु, तीनै तहका सरकारका दीर्घकालीन तथा आवधिक विकास योजनाबिच तादात्म्यता ल्याउनु, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्नु, दिगो विकास लक्ष्यलाई प्रदेश सुहाउँदो स्थानीयकरण गर्नु, आवधिक योजनासँग वार्षिक नीति तथा कार्यक्रमको तादात्म्यता गराउनु आदि प्रमुख चुनौती हुन् ।

## ३. क्षेत्रगत सोच

यथार्थपरक र नतिजामुखी योजना प्रणालीको विकास ।

## ४. उद्देश्य

क. वैज्ञानिक तथ्याङ्क प्रणाली स्थापना गरी आधारभूत तथ्याङ्क उपलब्ध गराउनु ।
ख. सुविचारित, नतिजामुखी तथा सामाजिक न्यायोन्मुख योजना प्रणाली संस्थागत गर्नु ।
ग. दीर्घकालीन राष्ट्रिय लक्ष्य तथा दिगो विकास लक्ष्यलाई योजना प्रक्रियामा आबद्ध गर्नु ।
घ. व्यवस्थित र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्नु ।

## ५. रणनीति

क. गुणस्तरीय तथ्याङ्क सङ्कलन, प्रशोधन र नियमित परिमार्जनको व्यवस्था गर्ने ।

ख. व्यवस्थित योजना तर्जुमा प्रणालीको विकास गर्ने ।

ग. योजना प्रक्रियामा दीर्घकालीन राष्ट्रिय लक्ष्य तथा दिगो विकास लक्ष्यका सूचक तथा प्रक्षेपणहरूलाई आत्मसात् गर्ने ।

घ. नतिजामुखी अनुगमन तथा मूल्याङ्कनको लागि संस्थागत संयन्त्रको व्यवस्था गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

## ६. विषयक्षेत्रगत नतिजा सूचक र लक्ष्य

| क्र.सं. | सूचक | एकाइ | २०७८/७९ को यथार्थ उपलब्धि | २०७९/८० को संशोधित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०८०/८१ | २०८१/८२ | २०८२/८३ |
| १ | मानव विकास (HDI) | सूचकाङ्क | ०.५५ | ०.५८ | ०.६१ | ०.६४ | ०.६७ |
| २ | बहुआयामिक गरिबी (MPI) | सूचकाङ्क | ०.०६६ | ०.०६६ | ०.०६४ | ०.०६२ | ०.०६० |
| ३ | नविन अनुसन्धानात्मक दस्तावेज | सङ्ख्या | ५ | ३ | ४ | ५ | ६ |
| ४ | प्रादेशिक परियोजनाको अनुगमन | परियोजना सङ्ख्या | ८ | १० | १८ | २५ | ३० |

## ७. विषयक्षेत्रगत खर्च तथा स्रोतको त्रि-वर्षीय अनुमान

(रु. हजारमा)

| आ.व. | विनियोजन तथा प्रक्षेपण | | | | स्रोत | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | स्थानीय तह अनुदान | प्रदेश सरकार | वित्तीय समानीकरण | सशर्त अनुदान |
| २०८०/८१ | ४५००० | ४३००० | २००० | - | ४५००० | - | - |
| २०८१/८२ | ४७२५० | ४५१५० | २१०० | - | ४७२५० | - | - |
| २०८२/८३ | ४९६१३ | ४७४०८ | २२०५ | - | ४९६१३ | - | - |

## ८. कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

रु. हजारमा

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्ट्याई | | आगामी तीन वर्षको लागि उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत (रु. हजारमा) | पुस्ट्याई | |
| | बहुक्षेत्रीय पोषण कार्यक्रमको अन्तरक्रिया | | सालबसाली | ४०० | | |
| | आवधिक योजना परिमार्जन | | सालबसाली | २००० | | |

| ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | उद्देश्य | आयोजना अवधि | आयोजनाको लागत र पुस्ट्याई | | आगामी तीन वर्षको लागि उपलब्धि सूचक |
|---|---|---|---|---|---|---|
| | | | | लागत (रु. हजारमा) | पुस्ट्याई | |
| | आयोजना छनौट तथा योजना बैक सम्बन्धी जिल्लास्तरीय अभिमुखीकरण कार्यक्रम | | सालबसाली | १००८ | | |
| | मध्यमकालीन खर्च संरचना MTEFतयारी | अनिवार्य तथा नियमित कार्यसूची | सालबसाली | ४५० | | |
| | आवश्यक कार्यविधि, मापदण्ड र निर्देशिका निर्माण | | सालबसाली | १००० | | |
| | वार्षिक योजना तर्जुमा गोष्ठी | | सालबसाली | १००८ | | |
| | प्रदेश विकास परिषदको बैठक | | सालबसाली | ५०० | | |
| | योजना बैक सफ्टवेयर सञ्चालन विषयगत मन्त्रालयगत अभिमुखीकरण | | सालबसाली | ३०० | | |
| | बहुक्षेत्रीय पोषण कार्यक्रमको अनुगमन मूल्याङ्कन | शिशु तथा सुत्केरी महिलाको स्वास्थ्य सुरक्षा | सालबसाली | ३२४ | | |

## ९. जोखिम पक्ष तथा अनुमान

प्रदेश पार्श्वचित्र परिमार्जन भएको हुने, आवधिक योजना परिमार्जन भएको हुने, मध्यमकालीन खर्च संरचना तयार भएको हुने, वार्षिक कार्यक्रम तयार भई कार्यान्वयन भएको हुने, योजना बैंक तर्जुमा भएको हुने, अति विपन्न समुदायको प्रदेशस्तरीय तथ्याङ्क भएको हुने, बहुक्षेत्रीय पोषण कार्यक्रमको अनुगमन मूल्याङ्कन नियमित भएको हुने आदि अनुमान गरिएको छ ।

# परिच्छेद १४
# प्रदेश लोक सेवा आयोग

## १. पृष्ठभूमि

